

# नयाँ मुस्लिमका लागि इस्लामको संक्षिप्त निर्देशिका

## नयाँ मुस्लिमका लागि पाठ्यक्रमको पाठ्य सामग्री

मركز أصول
Osoul Center
www.osoulcenter.com
Rabwah

# नयाँ मुस्लिमका लागि इस्लामको संक्षिप्त निर्देशिका

नयाँ मुस्लिमका लागि पाठ्यक्रमको पाठ्य सामग्री

مركز أصول
Osoul Center
www.osoulcenter.com

ح جمعية الدعوة والإرشاد وتوعية الجاليات بالربوة ، 1447 هـ

أصول ، مركز

الوجيز: تعليم صفي للمسلم الجديد باللغة النيبالية. / مركز أصول - ط1. -. الرياض ، 1447 هـ

124 ص ؛ 21 x 29.7 سم

رقم الإيداع: 1447/6179
ردمك: 978-603-8545-12-6

Osoul Center
www.osoulcenter.com

■ यस संस्करणलाई तयार र डिजाइन उसुल सेन्टर (Osoul Center) ले गरेको हो।

■ यस उसुल सेन्टर (Osoul Center) ले संकेत गरेका सन्दर्भहरू, स्रोतहरू र मूल पाठलाई परिवर्तन नगर्ने प्रतिबद्धताका साथ कुनै पनि माध्यमबाट संस्करण छाप्न र प्रकाशित गर्न अनुमति दिन्छ।

■ छपाइको लागि उसुल सेन्टर (Osoul Center) द्वारा अपनाइएका गुणस्तरका मापदण्डहरू पालना गर्नुपर्नेछ।

بسم الله الرحمن الرحيم

अत्यन्त करुणामय परम दयालु
अल्लाहको नामबाट सुरु गर्दछु ।

# प्रस्तावना

सम्पूर्ण किसिमका प्रशंसाहरू अल्लाहकै लागि छन्, जसले हामीलाई इस्लाममा मार्गदर्शन गर्नुभयो र शान्तिको मार्ग देखाउनुभयो, अनि मानवहरूमा सर्वश्रेष्ठ समुदाय बनाउनुभयो। अल्लाहको तर्फबाट लाखौँ करोडौँ दरूद तथा शान्ति अवतरण होस्, उहाँका अन्तिम सन्देश वाहक मुहम्मद ﷺ माथि एवम् उहाँका परिवार र साथीहरूमाथि।

तपाईंहरू समक्ष यो पाठ्यक्रम प्रस्तुत गर्न पाउँदा हामीले खुसी महसुस गरेका छौं, जसले सत्य धर्म तथा जीवन व्यवस्था इस्लामको परिचय दिन्छ र व्याख्या गर्दछ। अनि यसले तपाईंलाई तपाईंको धार्मिक र व्यवहारिक मामिलाहरूका साथसाथै यसका संस्कारको बारेमा जान्न र स्थापित गर्न मद्दत गर्नेछ।

**यस पाठ्यक्रममा तपाईंले निम्नलिखित कुराहरू सिक्न सक्नुहुनेछ।**

१. इस्लाम धर्म र यसका प्रमुख विषयहरूको बारेमा संक्षिप्त व्याख्या।

२. पवित्र ग्रन्थ कुर्आनको अवलोकन र यसका केही साना सूरहहरूको अर्थ।

३. उपासनाका अनिवार्य कार्यहरूका प्रावधानको संक्षिप्त व्याख्या।

४. इस्लाममा लेनदेन, रीतिरिवाज र नैतिकताका सबैभन्दा महत्त्वपूर्ण नियमहरूको संक्षिप्त व्याख्या।

यसका एकाइहरूलाई शैक्षिक योजना अनुसार विभाजन गरिएको छ। प्रत्येक एकाइका पाठहरूलाई पाठको अवधि निर्धारण गरी छ (६) दिनमा विभाजन गरिएको छ। पाठ्यक्रम पनि शैक्षिक तरिकामा आधारित बनाइएको छ। यसमा धेरै गतिविधि र अभ्यासहरू समावेश गरिएका छन्, जसबाट भर्खर सिक्दै गरेका मुस्लिमलाई पाठहरू जान्न, कण्ठ गर्न र बुझ्न मद्दत गर्नेछ। यसको साथै प्रत्येक शैक्षिक एकाइको अन्त्यमा मूल्याङ्कनका लागि प्रश्नहरू छन्, जसले विद्यार्थीहरूलाई यस गाइड बुकको सम्बन्धमा आफ्नो ज्ञानको स्तर जाँच्न सहयोग गर्नेछ। यस पाठ्यक्रममा नयाँ सिकारु मुस्लिमका लागि शैक्षिक प्रक्रियामा सुधार गर्न र पाठ्यक्रम बुझ्न मद्दत गर्ने उद्देश्यले केही सङ्केतहरू समावेश गरिएका छन्। जो यस प्रकार छन्-

यो रङले यस जानकारीको महत्त्व र पाठको अन्त्यमा सम्बन्धित प्रश्नको सम्भावनालाई सङ्केत गर्दछ।

यो नोटले पाठमा देखिने शब्दको परिभाषा र व्याख्यालाई सङ्केत गर्दछ।

**छलफल गर्नुहोस्**

यो अनुच्छेदले शिक्षक र विद्यार्थी बीचको छलफलको विषयलाई बुझाउँछ, जसको उद्देश्य विद्यार्थीको सोच्ने र तर्क गर्ने क्षमताको विकास गर्नु हो।

**अधिक जानकारीको लागि**

पाठको विषयसँग सम्बन्धित थप सामग्री, 'उसूल' केन्द्रद्वारा तयार गरिएको।

**अभ्यास**

यसले प्रशिक्षण गतिविधिहरू समावेश गर्दछ, जुन सोच्ने, निष्कर्ष निकाल्ने वा स्मरण गर्ने क्षमतामा निर्भर हुन्छ।

**यो रमाइलो शैक्षिक यात्रामा तपाईंलाई न्यानो स्वागत छ।**

# शैक्षिक योजना

| शैक्षिक सत्र | विषयवस्तुहरू | समय |
|---|---|---|
| | **पहिलो दिन** | |
| **पहिलो बैठक** | **परिचय:**<br>१. इस्लाम र ठूला प्रश्नहरू<br>२. अस्तित्व सम्बन्धी प्रश्नहरू: (हामी को हौं, कहाँबाट आयौं र कहाँ जान्छौं?)<br>३. मार्गदर्शन (हिदायत) को वरदान। | १० मिनट |
| | **इस्लाम:**<br>१. इस्लाम भनेको के हो ?<br>२. इस्लाम किन स्वीकार गर्ने ?<br>३. इस्लाम एक विश्वव्यापी धर्म हो।<br>४. इस्लामले विगतका पापहरूलाई मेटाइदिन्छ।<br>५. इस्लाम अन्तिम धर्म तथा ईश्वरीय व्यवस्था हो।<br>६. इस्लामका अन्तिम नबी अर्थात सन्देश वाहक मुहम्मद ﷺ।<br>७. इस्लाममा दर्जा तथा स्तर मापनको मापदण्ड।<br>८. आफ्नो धर्म सिक्नुहोस्, इस्लामका अर्कान (आधारहरू)। | ३० मिनट |
| | **इस्लाममा कसरी प्रवेश गर्ने ?**<br>१. शहादतैन (दुई कुराको गवाही)<br>२. शहादतैनको अर्थ<br>३. शहादतैनको लागि अनिवार्य कार्य | २० मिनट |
| | **विश्राम** | |
| **दोस्रो बैठक** | वजू कसरी गर्ने ? (व्यवहारिक रूपमा) | २० मिनट |
| | नमाज कसरी पढ्ने ? (व्यवहारिक रूपमा) | २० मिनट |
| | सूरतुल्-फातिहा कण्ठ गर्नुहोस् र त्यसको अर्थ जान्नुहोस्। | २० मिनट |

**पहिलो दिनको डायरी**

| शैक्षिक सत्र | विषयवस्तुहरू | समय |
| --- | --- | --- |
| | **दोस्रो दिन** | |
| **पहिलो बैठक** | **ईमान भनेको के हो ?**<br>**ईमानका अर्कान (आधारहरू):**<br>१. अल्लाहमाथि ईमान<br>२. अल्लाहका फरिश्ताहरूमाथि ईमान<br>३. अल्लाहद्वारा अवतरित ग्रन्थहरूमाथि ईमान<br>४. अल्लाहका रसूलहरूमाथि ईमान<br>५. कयामतको दिनमाथि ईमान<br>६. भाग्यमाथि ईमान<br>**ईमानका फाइदाहरू** | **२० मिनट** |
| | **पवित्र ग्रन्थ कुर्आन:**<br>१. कुर्आन के हो ?<br>२. कुर्आन आत्मा र विवेकको लागि भोजन हो।<br>३. कुर्आन परिपूर्ण जीवन व्यवस्था हो।<br>४. कुर्आनमा अल्लाहका सन्देश वाहकहरूका कथा। | **२० मिनट** |
| | सूरतुल्-इख्लास कण्ठ गर्नुहोस् र त्यसको अर्थ जान्नुहोस्। | **२० मिनट** |
| | **विश्राम** | |
| **दोस्रो बैठक** | **इबादत (उपासना):**<br>१. इबादतको अर्थ<br>२. इबादत स्वीकार हुने सर्तहरू<br>३. इबादतका किसिमहरू | **१५ मिनट** |
| | **पवित्रता (तहारत):**<br>**पवित्रता (तहारत) का प्रकार:**<br>१. भौतिक पवित्रता: चीजहरूको सम्बन्धमा मूल सिद्धान्त, अपवित्र चीजहरू, अपवित्रता हटाउनु र दिसापिसाब गर्नु।<br>२. आध्यात्मिक पवित्रता: अपवित्रता हटाउनु, वजू वा गुस्ल गरेर, अपवित्रता हटाउन प्रयोग गरिने पानी। | **४५ मिनट** |

**दोस्रो दिनको डायरी**

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

| शैक्षिक सत्र | विषयवस्तुहरू | समय |
|---|---|---|
| | **तेस्रो दिन** | |
| **पहिलो बैठक** | **वजू कसरी गर्ने ? (सैद्धान्तिक):**<br>१. वजूको अर्थ।<br>२. वजू कसरी गर्ने ?<br>३. वजू तोड्ने अथवा भङ्ग गर्ने चीजहरू।<br>४. वजूलाई अनिवार्य गर्ने चीजहरू।<br>५. मोजाहरूमा मसह गर्नु। | **४० मिनट** |
| | सूरतुल्-फलक कण्ठ गर्नुहोस् र त्यसको अर्थ जान्नुहोस्। | **२० मिनट** |
| | **विश्राम** | |
| **दोस्रो बैठक** | **गुस्ल कसरी गर्ने ?**<br>१. गुस्लको अर्थ।<br>२. गुस्ल कसरी गर्ने ?<br>३. गुस्ल कुन अवस्थामा अनिवार्य हुन्छ ?<br>४. जुन्बी व्यक्तिले गर्न नहुने कामहरू<br>५. तयम्मुम | **२० मिनट** |
| | **हैज (महिनावारी) र निफास (सुत्केरी):**<br>१. महिलाको शरीरबाट निस्कने रगतका किसिमहरू।<br>२. हैज (महिनावारी) र निफास (सुत्केरी) सम्बन्धी इस्लामिक नियमहरू। | **२० मिनट** |
| | सूरतुन्-नास याद गर्नुहोस् र त्यसको अर्थ जान्नुहोस्। | **२० मिनट** |

**तेस्रो दिनको डायरी**

| शैक्षिक सत्र | विषयवस्तुहरू | समय |
|---|---|---|
| | **चौथो दिन** | |
| **पहिलो बैठक** | सूरतुल्-काफिरून कण्ठ गर्नुहोस् र त्यसको अर्थ जान्नुहोस्। | **२० मिनट** |
| | **नमाज कसरी पढ्ने ? (सैद्धान्तिक):**<br>१. नमाज (सलाह) भनेको के हो ?<br>२. नमाजको स्थान तथा महत्त्व।<br>३. हामीले नमाज किन पढ्छौं ?<br>४. नमाजका सर्तहरू।<br>५. दैनिक पाँच समयका नमाजहरू।<br>६. हामीले नमाज कसरी पढ्ने ? | **४० मिनट** |
| | **विश्राम** | |
| **दोस्रो बैठक** | **नमाज:**<br>१. नमाजको तरिका पूरा गर्नुहोस्।<br>२. जुमाको नमाज। | **६० मिनट** |

**चौथो दिनको डायरी**

| शैक्षिक सत्र | विषयवस्तुहरू | समय |
|---|---|---|
| **पाँचौं दिन** | | |
| **पहिलो बैठक** | सूरतुल्-कौसर कण्ठ गर्नुहोस् र त्यसको अर्थ जान्नुहोस् । | २० मिनट |
| | **जकात:**<br>१. जकात भनेको के हो ?<br>२. हामीले किन जकात दिन्छौं ?<br>३. जकात कसरी निकाल्ने ? | २० मिनट |
| | **रोजा (सौम):**<br>१. रोजा (सौम) भनेको के हो ?<br>२. हामीले रोजा किन राख्छौं ?<br>३. रोजा भङ्ग गर्ने कार्यहरू ।<br>४. रमजानको समयमा रोजा छोड्न कसलाई अनुमति छ ? | २० मिनट |
| | **हज:**<br>१. हज भनेको के हो ?<br>२. हामीले हज किन गर्छौं ?<br>३. हज कसमाथि अनिवार्य छ ? | १० मिनट |
| **विश्राम** | | |
| **दोस्रो बैठक** | सूरतुल्-अस्र कण्ठ गर्नुहोस् र त्यसको अर्थ जान्नुहोस् । | २० मिनट |
| | **पोसाक (लिबास):**<br>१. मौलिक पोसाकको सिद्धान्त<br>२. अवैध पोसाक | ३० मिनट |
| | **खानापिना:**<br>१. खानापिनाको मूल सिद्धान्त ।<br>२. निषेधित खाना तथा पेय पदार्थहरू ।<br>३. इस्लामिक शरई जबहका सर्तहरू के-के हुन् ?<br>४. रेस्टुरेन्ट र पसलहरूमा जब्ह गरिएका जनावरहरू सम्बन्धी शरई नियम । | ३० मिनट |

**पाँचौं दिनको डायरी**

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

| शैक्षिक सत्र | विषयवस्तुहरू | समय |
|---|---|---|
| | **छैठौँ दिन** | |
| **पहिलो बैठक** | **आर्थिक कारोबार तथा मामिलाहरू:**<br>१. आर्थिक कारोबार भनेको के हो ?<br>२. आर्थिक लेनदेनको सिद्धान्त।<br>३. निषेधित आर्थिक कारोबार। | **३० मिनट** |
| | **नैतिक आचरण:**<br>१. इस्लाममा नैतिक आचरण।<br>२. असल आचरणको श्रेष्ठता।<br>३. इस्लाममा असल आचरणको क्षेत्र। | **३० मिनट** |
| | **विश्राम** | |
| **दोस्रो बैठक** | कण्ठ गरेका सूरहहरू पुनः दोहोराउनुहोस्। | **३० मिनट** |
| | वजू र नमाजको तरिका पुनः दोहोराउनुहोस्। | **३० मिनट** |

**छैठौँ दिनको डायरी**

# पाठ्यक्रमका विषयहरू

## पहिलो एकाइ

### इस्लाम धर्म


१ इस्लाम र ठूला प्रश्नहरू 16

२ इस्लाम भनेको के हो ? 20

३ इस्लाममा कसरी प्रवेश गर्ने ? 26

४ ईमान (आस्था) 30




## दोस्रो एकाइ

### पवित्र ग्रन्थ कुर्आन


१ पवित्र ग्रन्थ कुर्आनको बारेमा जान्नुहोस् 38

२ साना सूरहहरूको व्याख्या 44




## तेस्रो एकाइ

### उपासनाहरू


१ उपासना (इबादत) 54

२ पवित्रता (तहारत) 58

३ वजू 62

४ गुस्ल (स्नान) 68

५ मुस्लिम महिला सम्बन्धी प्रावधानहरू 72

६ नमाज (सलाह) 76

७ जकात 84

८ रोजा (सौम) 88

९ हज 92




## चौथो एकाइ

### इस्लामिक तौरतरिका (एहकामहरू)


१ पोसाक (लिबास) 100

२ खाना-पिना 104

३ आर्थिक कारोबार तथा मामिलाहरू 108

४ नैतिकता आचरण 112






पहिलो एकाइ

# इस्लाम धर्म







## पाठ एकाइः

1. इस्लाम र ठूला प्रश्नहरू
2. इस्लाम भनेको के हो ?
3. म इस्लाममा कसरी प्रवेश गरुँ ?
4. ईमान (आस्था)







# पहिलो पाठ

# इस्लाम र ठूला प्रश्नहरू

## प्रस्तावना

मानिसहरूका मनमा उनीहरूको आफ्नो अस्तित्वसँग सम्बन्धित विभिन्न किसिमका प्रश्नहरू छन् । उनीहरू प्रायः आफ्नो अस्तित्व, आगमनको माध्यम, अस्तित्वको कारण र जीवनको अन्त्यको बारेमा सोचेर आश्चर्यचकित हुन्छन् । इस्लामले ती प्रश्नहरूका उत्तर बडो राम्रोसँग सन्तोषजनक तरिकाले दिएको छः

## पहिलो प्रश्न

### हामी को हौं ?

इस्लामले मानिसलाई सर्वशक्तिमान् अल्लाहका सृष्टिका प्राणीहरू मध्येको एक विशिष्ट प्राणीको रूपमा परिभाषित गरेको छ । अल्लाहले मानिसलाई सृष्टिका धेरै प्राणीहरूको तुलनामा बढी सम्मान र श्रेष्ठता प्रदान गर्नुभएको छ । अनि उहाँले कैयौँ प्राणीहरूलाई उसको अधीनमा गर्नुभएको छ, ताकि उसले आफ्नो जीवनका विभिन्न अवसरहरूमा आइपर्ने कामहरूलाई अन्जाम दिनको लागि तिनलाई उपयोग गरोस् । यसै सम्बन्धमा अल्लाहले भन्नुभएको छः

﴿وَلَقَدْ كَرَّمْنَا بَنِيٓ ءَادَمَ وَحَمَلْنَٰهُمْ فِي ٱلْبَرِّ وَٱلْبَحْرِ وَرَزَقْنَٰهُم مِّنَ ٱلطَّيِّبَٰتِ وَفَضَّلْنَٰهُمْ عَلَىٰ كَثِيرٍ مِّمَّنْ خَلَقْنَا تَفْضِيلًا﴾ (الإسراء: 70).

"निःसन्देह हामीले आदमको सन्तानलाई धेरै मर्यादा प्रदान गर्यौं, तथा उनलाई थल र जलमा सवारी दियौं । अनि पवित्र वस्तुहरूबाट जीविका प्रदान गर्यौं र आफ्ना सृष्टिका धेरै प्राणीहरूमाथि श्रेष्ठता प्रदान गर्यौं ।" (सूरतुल्-इस्राः १७/७०)

**अल्लाह तआलाले मानिसलाई निम्न प्राणीहरूमा पाइने केही विशेषताहरू पनि प्रदान गर्नुभएको छः**

१. फरिश्ताहरू जस्तो शुद्धता, पवित्रता र उपासना ।

२. शैतानहरूमा जस्तो कृतघ्नता र अवज्ञाकारीता ।

३. जनावरहरूमा जस्तो आफ्नो इच्छा आकाङ्क्षा र चाहना ।

फरिश्ताः फरिश्ताहरू अल्लाह तआलाका सृष्टिका प्राणीहरू मध्येका विशेष प्राणी हुन्, जसलाई अल्लाहले नूर (ज्योति) बाट सृष्टि गर्नुभएको हो। उनीहरू अल्लाहको आज्ञापालन र उपासनामा प्रतिबद्ध छन्। अल्लाहका कुनैपनि आज्ञालाई अवज्ञा गर्दैनन्। उनीहरूको वास्तविक सङ्ख्या कति छ भन्ने कुरा अल्लाहलाई मात्र जानकारी छ।

उहाँले उसलाई असल र खराब दुबै काम गर्न सक्ने बनाउनुको साथसाथै छुट पनि दिनुभएको छ अनि उसलाई असल र खराब चीजलाई चिन्न सक्ने विवेक र पाँच इन्द्रियहरू पनि प्रदान गर्नुभएको छ ।

यतिमात्र होइन उसलाई राम्रो वा नराम्रो कुरालाई चुन्ने, व्यवहारमा लागू गर्ने स्वतन्त्रता प्रदान गरी त्यसको जिम्मेवार पनि बनाउनु भएको छ ।

## दोस्रो प्रश्न

### हामी कहाँबाट आयौं ?

हामीहरू कहाँबाट आयौं ? इस्लामले मानिसहरूको वास्तविक उत्पत्तिको श्रोत धर्तीको माटो भन्ने कुरा जानकारी गराएको छ, अल्लाह तआलाले त्यस बाटोबाट सबैभन्दा पहिलो मानव ***"आदम"*** लाई सृष्टि गर्नुभयो, जो सम्पूर्ण मानवका पिता हुनुहुन्छ। अल्लाहले कुर्आनमा भन्नुभएको छः

﴿ وَلَقَدْ خَلَقْنَا ٱلْإِنسَٰنَ مِن سُلَٰلَةٍ مِّن طِينٍ ﴾ (المؤمنون:12).

"नि:सन्देह हामीले मानवलाई माटोको तत्वबाट सृष्टि गरेका हौं।" (सूरतुल्-मुमिनूनः २३/ १२)

आदम

अल्लाहले हामीलाई कुर्आनमा आदमको सृष्टिको कथा र शैतानले कसरी शत्रुता गर्न थाल्यो भन्ने बारे बताउनु भएको छ। यसबारे विस्तृत जानकारीको लागि सूरह अल्-बकारा आयात नम्बर (३०-३९) को व्याख्या हेर्नुहोस्।

मानवलाई सृष्टि गर्नुको उद्देश्य अल्लाह तआलाको उपासना गर्नु हो। उहाँ आफ्नो सृष्टिका सम्पूर्ण चीजहरू भन्दा उच्च, प्रशंसित र महिमागानको योग्य हुनुहुन्छ। सृष्टिको उद्देश्यको बारेमा स्पष्ट पार्दै भन्नुभएको छः

﴿ وَمَا خَلَقْتُ ٱلْجِنَّ وَٱلْإِنسَ إِلَّا لِيَعْبُدُونِ ﴾ (الذاريات: 56).

"मैले मानव र जिन्नातलाई मेरो उपासनाको लागि मात्र सृष्टि गरेको हुँ।" (सूरतु-जारियातः ५१/ ५६)

## छलफल गर्नुहोस्

इस्लाममा प्रवेश गर्नु अघि र प्रवेश गरिसकेपछि मानव अस्तित्व सम्बन्धी अवधारणामा तपाईंको दृष्टिकोण तुलना गर्नुहोस्:

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

## तेस्रो प्रश्न

### हामी कहाँ जान्छौं ?

पवित्र कुर्आनमा भनिएको छ हरेक मानिस यस संसारमा मर्नेछ। अनि उसको मृत्युसँगै कर्मको सिलसिला पनि समाप्त हुन्छ, अनि त्यसपछि कर्मको हिसाब किताब र प्रतिफलको अर्को सिलसिला सुरु हुन्छ। अल्लाहले नबी ﷺ लाई सम्बोधन गर्दै भन्नुभएको छः

﴿ إِنَّكَ مَيِّتٌ وَإِنَّهُم مَّيِّتُونَ ثُمَّ إِنَّكُمْ يَوْمَ ٱلْقِيَٰمَةِ عِندَ رَبِّكُمْ تَخْتَصِمُونَ ﴾ (الزمر 30-31).

"तिमी पनि मर्नेछौ र यिनीहरू पनि मर्नेछन्। अनि तिमीहरू सबै कयामत (महाप्रलय) को दिन आफ्नो पालन कर्ता सामु झगडा गर्नेछौ।" (सूरतु जुमरः ३९/ ३०-३१)

﴿ كُلُّ نَفْسٍ ذَآئِقَةُ ٱلْمَوْتِ ۗ وَإِنَّمَا تُوَفَّوْنَ أُجُورَكُمْ يَوْمَ ٱلْقِيَٰمَةِ ۖ فَمَن زُحْزِحَ عَنِ ٱلنَّارِ وَأُدْخِلَ ٱلْجَنَّةَ فَقَدْ فَازَ ۗ وَمَا ٱلْحَيَوٰةُ ٱلدُّنْيَآ إِلَّا مَتَٰعُ ٱلْغُرُورِ ﴾ (آل عمران: 185).

"प्रत्येक प्राणीले मृत्युको स्वाद चाख्नु पर्नेछ र तिमीलाई कयामत (महाप्रलय) को दिन तिम्रा क्रियाकलापहरूको पूरापूर प्रतिफल प्रदान गरिने छ, तसर्थ जुन मानिसलाई नर्कको आगोबाट टाढा राखिनेछ र स्वर्गमा प्रवेश गराइनेछ, निश्चय नै उही सफल हुनेछ र सांसारिक जीवन त भ्रम तथा धोकाको सामान मात्र हो।" (सूरतु आले इमरानः ३/ १८५)

जब कयामतको दिन आउँछ, अल्लाह तआलाले न्याय र प्रतिफलको लागि मृतकहरूलाई तिनीहरूको चिहानबाट उठाउनुहुनेछ, त्यसपछि मोमिन (आस्थावान्) मानिसहरूलाई स्वर्गमा पुरस्कृत गरिनेछ भने काफिर (अवज्ञाकारी) मानिसहरूलाई नरकको आगोले पुरस्कृत गरिनेछ। यसै सम्बन्धमा अल्लाहले भन्नुभएको छः

﴿ وَكَذَٰلِكَ أَوْحَيْنَآ إِلَيْكَ قُرْءَانًا عَرَبِيًّا لِّتُنذِرَ أُمَّ ٱلْقُرَىٰ وَمَنْ حَوْلَهَا وَتُنذِرَ يَوْمَ ٱلْجَمْعِ لَا رَيْبَ فِيهِ ۚ فَرِيقٌ فِى ٱلْجَنَّةِ وَفَرِيقٌ فِى ٱلسَّعِيرِ ﴾

"त्यस्तै प्रकारले हामीले तिमीतिर अरबी कुर्आन पठाएका छौं, ताकि तिमीले मक्काका बासिन्दाहरू र यसको चारैतिर बस्ने सबै मानिसहरूलाई सावधान गर, अनि उनीहरूलाई कयामतको दिनको बारेमा पनि सचेत गर, जसको आगमनमा कुनै शङ्का छैन। त्यस दिन एउटा समूह स्वर्गमा हुनेछ र अर्को समूह नर्कमा हुनेछ।" (सूरतुश्-शूराः ४२/ ७)



### मार्गदर्शन (हिदायत) को वरदान:

आफ्नो सृष्टिको उद्देश्यको बारेमा जानकारी भएका र कयामतको दिन पुनः जीवित भएर हिसाब किताब दिनु पर्नेछ भन्ने कुरामा ईमान भएका मानिसहरूले विश्वास गर्छन् कि निःसन्देह मानिसहरूका लागि अल्लाहका वरदानहरू (नेअमतहरू) मध्येको सबैभन्दा ठूलो वरदान भनेको सत्य धर्म र असल कर्मको मार्गदर्शन तथा हिदायत हो । त्यसैले अल्लाह तआलाले आफ्ना भक्तहरूलाई नमाजमा सत्य मार्गदर्शन तथा हिदायतको लागि दुआ गर्न तथा माग्न आज्ञा दिनुभएको छ । त्यो सत्य मार्ग भनेको 'इस्लाम' हो, जसले मानिसलाई अल्लाहको प्रसन्नतातिर डोर्याउँछ ।

## छलफल गर्नुहोस्

पृथ्वीमा विकास गर्नु मानिसले आफ्नो जीवनमा खेल्नुपर्ने भूमिकाको हिस्सा हो र उसलाई यो महान् मिशन पुरा गर्न लायक बनाउनको लागि अल्लाहले उसको स्वभावलाई त्यसै अनुकूल तयार गर्नुभएको छ, ताकि उसले यो भूमिका पुरा गर्न सकोस् । कुनै व्यक्तिले अन्य प्राणीहरू बिना यो पृथ्वीलाई कसरी आबाद गर्न सक्छ भनेर व्याख्या गर्नुहोस् ।

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

मृत्युपछि पनि पुनः जीवन छ भन्ने विश्वास गर्ने केही जानकारी मूलक निसानीहरू उल्लेख गर्नुहोस् ?

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

# मूल्याङ्कन प्रश्नहरू

१ इस्लामले मानिसलाई अरू सबै प्राणीहरूमा कसरी प्राथमिकता तथा श्रेष्ठता दिएको छ ?

.............................................................................................................

.............................................................................................................

२ मानिसलाई सृष्टि गर्नुको उद्देश्य के हो ?

.............................................................................................................

.............................................................................................................

३ कुर्आनले सृष्टिको सुरुवातको कथा किन वर्णन गरेको छ ?

.............................................................................................................

.............................................................................................................

४ यदि कुनै व्यक्तिको मृत्यु हुन्छ भने, ऊ यस्तो चरणमा पुग्छ जहाँ उसलाई उसको धर्मको बारेमा सोधिन्छ र उसको कर्मको प्रतिफल दिइन्छ ।

○ सही ○ गलत

मानिसको सृष्टिको उद्देश्य पृथ्वीको समृद्धि र यसलाई बाँच्नका लागि उपयुक्त हुने गरी विकास गर्नु हो ।

○ सही ○ गलत

५ एक पटक तपाईंले मानव अस्तित्वको इस्लामिक अवधारणाको अध्ययन गरिसकेपछि, यो अवधारणा तपाईंको भित्री स्वभाव र तपाईंको आत्माको अनुभूति अनुसार छ वा छैन, तपाईंलाई कस्तो लाग्छ ? व्याख्या गर्नुहोस्।

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................



## दोस्रो पाठ

# इस्लाम भनेको के हो ?

### प्रस्तावना

इस्लाम, त्यो धर्म तथा जीवन व्यवस्था हो, जसलाई अल्लाहले मुहम्मद ﷺ को साथमा पठाउनुभयो। यो पहिलेका सन्देश वाहकहरूले ल्याएका नियम तथा व्यवस्थाहरूको निरन्तरता हो। यो धर्म तथा जीवन व्यवस्था संसारको एकमात्र सत्य परमेश्वर "अल्लाह" हुनुहुन्छ, उहाँ सबैभन्दा महान् हुनुहुन्छ, उहाँको कोही साझेदार तथा सहायक छैन भन्ने कुरामा आधारित छ। नत कोही उहाँको प्रभुत्वमा साझेदार छ, न स्वामित्वमा, न उहाँ र उहाँका भक्तहरूको बीच कुनै मध्यस्थकर्ता छ। अब प्रश्न उठ्छ, किन मैले इस्लाम स्वीकार गर्ने ? के यो सम्पूर्ण संसारबासीका लागि पठाइएको धर्म हो वा अरबका विशेष जातिहरूको लागि मात्र ? यस धर्मका नबी तथा सन्देश वाहक को हुनुहुन्छ ? के उहाँ पछि पनि अरू कुनै नबी आउने छन् ?

## इस्लाम किन स्वीकार गर्ने ?

**केही मानिसहरूले सोध्छन्- इस्लाम स्वीकार गर्न किन अनिवार्य छ ?**

उत्तरः निम्नलिखित कारणहरूले गर्दा इस्लाम स्वीकार गर्नु अनिवार्य छ-

**पहिलो:** इस्लाम त्यो धर्म हो जसलाई सत्य ईश्वर अल्लाहले आफ्ना भक्तहरूका लागि रोज्नुभएको हो। किनभने इस्लामको अर्थ नै अल्लाहको आज्ञापालन र उहाँप्रतिको समर्पण हो, त्यसैले उहाँले यसबाहेक अन्य कुनै पनि धर्म तथा व्यवस्थालाई स्वीकार गर्नुहुन्न। यसै सम्बन्धमा कुर्आनमा भन्नुभएको छः

﴿وَمَن يَبۡتَغِ غَيۡرَ ٱلۡإِسۡلَٰمِ دِينٗا فَلَن يُقۡبَلَ مِنۡهُ وَهُوَ فِي ٱلۡأٓخِرَةِ مِنَ ٱلۡخَٰسِرِينَ﴾ (آل عمران:85).

"जसले इस्लाम बाहेक कुनै अन्य धर्मको खोजी गर्दछ, उसको धर्म स्वीकार गरिने छैन, अनि ऊ परलोकमा घाटामा पर्नेहरू मध्येको हुनेछ।" (सूरतु-आले इमरानः ३/ ८५)

**दोस्रो:** इस्लाम सम्पूर्ण सन्देश वाहकहरूको धर्म हो। यसले सबै सन्देश वाहकहरूमाथि ईमान राख्ने आज्ञा दिन्छ र उनीहरूमध्ये कसैलाई पनि भेदभाव गर्दैन। किनभने सबैले यही धर्मलाई मान्थे, अर्थात सबै ईश्वरीय आज्ञा पालक थिए र उहाँप्रति समर्पित थिए।

अल्लाहले सबै मुस्लिमहरूलाई आदेश दिँदै भन्नुभएको छः

﴿قُولُوٓاْ ءَامَنَّا بِٱللَّهِ وَمَآ أُنزِلَ إِلَيۡنَا وَمَآ أُنزِلَ إِلَىٰٓ إِبۡرَٰهِـۧمَ وَإِسۡمَٰعِيلَ وَإِسۡحَٰقَ وَيَعۡقُوبَ وَٱلۡأَسۡبَاطِ وَمَآ أُوتِيَ مُوسَىٰ وَعِيسَىٰ وَمَآ أُوتِيَ ٱلنَّبِيُّونَ مِن رَّبِّهِمۡ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّنۡهُمۡ وَنَحۡنُ لَهُۥ مُسۡلِمُونَ﴾ (البقرة: 136).

"तिमीहरू सबैले भनिदेऊ, हामीले अल्लाहमाथि ईमान (आस्था) राख्छौं, त्यसपछि जुन (ग्रन्थ) हामीतिर उतारियो र जुन (ग्रन्थहरू) इब्राहीम, इस्माईल, इस्हाक, यअ्कूब र उनका सन्ततिहरूमाथि अवतरण गरियो, ती सबैमाथि अनि जुन मूसा र ईसालाई प्रदान गरियो र जुन अन्य नबीहरूलाई तिनको पालन कर्ता (अल्लाह) को तर्फबाट प्रदान गरिए, ती सबैमाथि आस्था राख्छौं। हामीले ती नबीहरूमा कुनै भेदभाव गर्दैनौं र हामी उनै एक अल्लाहको आदेश पालन गर्नेहरू (मुस्लिम) हौं।" (सूरतुल्-बकरः २/ १३६)

सन्देश वाहक (अम्बिया) हरू बीच भिन्नता भनेको उनीहरूको धार्मिक उपनियम र उपासनाका व्यवहारिक तौरतरिकामा मात्रै हो। यसै सम्बन्धमा अल्लाहले भन्नुभएको छः

﴿لِكُلٍّ جَعَلْنَا مِنكُمْ شِرْعَةً وَمِنْهَاجًا﴾ (المائدة: 48).

"हामीले तिमीहरू मध्येबाट प्रत्येक समुदायका एउटा विधान र एउटा तरिका (पद्धति) निर्धारित गरेका छौं ।" (सूरतुल्-मायदाः ५/ ४८)

अल्लाहले प्रत्येक समुदायका लागि एउटा नियम बनाउनु भयो ताकि नबीहरूले आफ्ना अनुयायीहरूलाई त्यसै अनुसार मार्गनिर्देशन गरुन् र तिनीहरू अल्लाहको निकट हुन सकुन् । त्यसैले तत्कालीन समयका अनुसार प्रत्येक समुदायका लागि उपयुक्त कानुन तथा विधान थिए ।

त्यसपछि अल्लाहले मुहम्मद ﷺ लाई सन्देश वाहकहरूका समापक र अन्तिम नबी बनाएर सन्देश वाहकहरूको सिलसिलालाई पूर्णता दिनुभयो । अनि शरई विधान तथा कानुनलाई पनि परिपूर्ण गर्नुभयो, अब उपरान्त उहाँ ﷺ लाई दिइएको धर्म तथा जीवन पद्धति इस्लाम बाहेक अन्य कुनै धर्मलाई स्वीकार गर्नुहुने छैन ।

**तेस्रो**: इस्लाममा स्वीकार गर्नु यस संसारमा सुख र मृत्यु पछिको जीवनमा मुक्तिको मार्ग हो । सन्देष्टा मुहम्मद ﷺ को सन्देश (इस्लाम) पाइसकेपछि इस्लाम स्वीकार नगरीकन र उहाँको तरिका अनुसरण नगरीकन कसैले पनि मुक्ति पाउन सक्दैन । अल्लाहले भन्नुभएको छः

﴿وَمَن يَبْتَغِ غَيْرَ ٱلْإِسْلَٰمِ دِينًا فَلَن يُقْبَلَ مِنْهُ وَهُوَ فِى ٱلْءَاخِرَةِ مِنَ ٱلْخَٰسِرِينَ﴾ (آل عمران: 85).

"जसले इस्लाम बाहेक कुनै अन्य धर्मको खोजी गर्दछ, उसको धर्म स्वीकार गरिने छैन र ऊ परलोकमा घाटामा पर्नेहरू मध्येको हुनेछ ।" (सूरतु-आले इमरानः ३/ ८५)

अल्लाहको रसूल ﷺ ले भन्नुभएको छः

«وَالَّذِي نَفْسُ مُحَمَّدٍ بِيَدِهِ، لَا يَسْمَعُ بِي أَحَدٌ مِنْ هَذِهِ الْأُمَّةِ يَهُودِيٌّ وَلَا نَصْرَانِيٌّ، ثُمَّ يَمُوتُ، وَلَمْ يُؤْمِنْ بِالَّذِي أُرْسِلْتُ بِهِ إِلَّا كَانَ مِنْ أَصْحَابِ النَّارِ». (رواه مسلم 153)

"अल्लाहको कसम; जसको हातमा मुहम्मदको (मेरो) ज्यान अडेको छ, जुनसुकै समुदायको मानिस होस्, चाहे यहूदी, ईसाइ; जसले मेरो बारेमा थाहा पाइसकेपछि म माथि ईमान ल्याउँदैन (विश्वास गर्दैन) त ऊ नरकमा जानेछ ।" (मुस्लिम: १५३)

**चौथो**: इस्लामले हाम्रा प्रमुख प्रश्नहरूको सन्तोष जनक उत्तर दिन्छ । जस्तै- म यो संसारमा किन आएँ ? कहाँबाट आएँ ? अनि म मरेपछि कहाँ जानु छ ? यसको साथसाथै अन्य धेरै प्रश्नहरू छन् जसको चित्त बुझ्दो उत्तर हामीले इस्लाममा पाउन सक्छौं ।

**पाँचौं**: इस्लाम प्राकृतिक धर्म तथा जीवन व्यवस्था हो । जुन अत्यन्त मूल्यवान् मान्यताबाट सुरु हुन्छ, त्यो हो अल्लाहको तौहीद (एकत्व) एकेश्वरवाद । यसले उत्तम नैतिकता र सत्कर्मको निम्तो दिन्छ ।

### छलफल गर्नुहोस्

इस्लाम सम्पूर्ण सन्देश वाहकहरूको धर्म कसरी हो ?

..........................................................................................

..........................................................................................

## इस्लामका धर्मका विशेषताहरू

इस्लाम केही खास विशेषताहरूको कारणले अन्य धर्महरूभन्दा उत्तम र श्रेष्ठ छ, जसले यसलाई सत्य धर्म तथा परिपूर्ण ईश्वरीय जीवन व्यवस्था भएको प्रमाणित गर्छ । ती विशेषताहरूमध्ये सबैभन्दा प्रमुख निम्नलिखित छन्:

### १ इस्लाम एक विश्वव्यापी धर्म हो

इस्लाम धर्म अरबका मानिसहरूको मात्र विशेष धर्म होइन । बरु यसलाई त अल्लाहले सम्पूर्ण मानव जातिको लागि रोज्नुभएको सबै जात जातिको धर्म हो । त्यसैले अल्लाहले इस्लामका अन्तिम सन्देश वाहक मुहम्मद ﷺ को बारेमा भन्नुभएको छः

﴿وَمَآ أَرْسَلْنَٰكَ إِلَّا رَحْمَةً لِّلْعَٰلَمِينَ﴾ (الأنبياء: 107).

"हामीले तपाईंलाई सम्पूर्ण विश्वको लागि दयाको प्रतीक बनाएर पठाएका छौं ।" (सूरतुल्-अम्बियाः २१/ १०७)

अल्लाह तआलाले मुहम्मद ﷺ लाई सम्पूर्ण मानिसहरूका लागि ईमान तथा सत्मार्गका मार्गदर्शक, दयाका पात्र अनि विश्वव्यापी सन्देश वाहक बनाउनु भएको छ र उहाँको शरीअत (विधान) लाई सबै मानिसहरूका लागि अनिवार्य शरीअत बनाउनु भएको छ ।

**यसका फाइदा**

**इस्लामले मानिसहरूका रीतिरिवाजलाई सम्मान गर्दछ, तिनका परम्पराहरू र तिनका मामिलाहरूलाई तबसम्म छोड्न बाध्य गर्दैन, जबसम्म तिनिहरूले अल्लाहका नियम र कानुनको उल्लङ्घन गर्दैनन् । यही इस्लामको शिक्षा हो ।**

## २ इस्लामले विगतका पापहरूलाई मेटाइदिन्छ ।

यदि कसैले इस्लाम स्वीकार गर्छ, अनि अल्लाहले अनिवार्य गरेका कुराहरूको पालना गर्छ र मनाही गरेका कामहरूबाट बच्छ; त अल्लाहले इस्लाम स्वीकार गर्नुभन्दा पहिले उसले गरेका सबै पापहरू माफ गर्नुहुन्छ । यो इस्लामको एउटा उत्तम पक्ष हो । अल्लाहले नबी ﷺ लाई आदेश दिँदै भन्नुभएको छः

﴿ قُل لِّلَّذِينَ كَفَرُوٓاْ إِن يَنتَهُواْ يُغۡفَرۡ لَهُم مَّا قَدۡ سَلَفَ ﴾ (الأنفال: 38).

"यी काफिर (अवज्ञाकारी) हरूसित भन्नुहोस्- यदि उनीहरूले (आफ्ना क्रियाकलाप) छाडि दिन्छन् भने उनीहरूका पहिलेका पापहरू क्षमा गरिनेछ ।" (सूरतु अन्फालः ८/ ३८)

एकजना मानिस इस्लाम स्वीकार गर्न नबी ﷺ को पासमा आयो, उसको सर्त थियो उसका पापहरू क्षमा हुनुपर्छ । त नबी ﷺ ले भन्नुभयोः "इस्लामले पहिलेका सबै पापहरूलाई मेटाइदिन्छ भन्ने कुरा के तिमीलाई थाहा छैन ?" (मुस्लिमः १२१)

## ३ इस्लाम अन्तिम धर्म तथा ईश्वरीय व्यवस्था हो ।

अल्लाह तआलाले इस्लामलाई पहिलेका सबै ईश्वरीय नियम तथा व्यवस्थाहरूको निचोड र परिपूर्णता बनाउनु भएको छ, अनि यसलाई कयामत (महाप्रलय) सम्मको लागि सबै प्राणीहरूको धर्म तथा व्यवस्थाको रूपमा चुन्नुभएको छ । त्यसैले अहिलेको अवस्थामा यस धर्तीमा इस्लाम बाहेक अरू कुनै सत्य एकेश्वरवादमा आधारित धर्म तथा जीवन व्यवस्था छैन । कुर्आनमा अल्लाहले भन्नुभएको छः

﴿ وَمَن يَبۡتَغِ غَيۡرَ ٱلۡإِسۡلَٰمِ دِينٗا فَلَن يُقۡبَلَ مِنۡهُ وَهُوَ فِي ٱلۡأٓخِرَةِ مِنَ ٱلۡخَٰسِرِينَ ﴾ (آل عمران:85).

"जसले इस्लाम बाहेक कुनै अन्य धर्मको खोजी गर्दछ, उसको धर्म स्वीकार गरिने छैन, अनि ऊ परलोकमा घाटामा पर्नेहरू मध्येको हुनेछ ।" (सूरतु-आले इमरानः ३/ ८५)

**छलफल गर्नुहोस्**

जसले इस्लाम अरबहरूको मात्र खास धर्म हो भन्छन्, तिनलाई तपाईंले के उत्तर दिनुहुन्छ ?

........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

## इस्लामका अन्तिम नबी अर्थात सन्देश वाहक मुहम्मद ﷺ

मुस्लिमहरूको अकीदा (आस्था) छ, मुहम्मद ﷺ अल्लाहद्वारा पठाइएका नबीहरू मध्येका अन्तिम नबी हुनुहुन्छ। उहाँले मानिसहरूलाई एकमात्र सत्य ईश्वर अल्लाहको उपासना गर्न र उहाँ बाहेक अन्य सम्पूर्ण असत्य उपास्यहरूलाई छोड्न निमन्त्रण दिनुभयो। अब उपरान्त उहाँपछि कुनैपनि नबी आउने छैनन्। अल्लाहले भन्नुभएको छः

﴿ مَّا كَانَ مُحَمَّدٌ أَبَآ أَحَدٍ مِّن رِّجَالِكُمْ وَلَٰكِن رَّسُولَ ٱللَّهِ وَخَاتَمَ ٱلنَّبِيِّـۧنَ ۗ وَكَانَ ٱللَّهُ بِكُلِّ شَىْءٍ عَلِيمًا ﴾ (الأحزاب : 40)

"(मानिसहरू हो !) मुहम्मद तिमी पुरुषहरूमध्ये कसैको पिता होइनन्, बरु अल्लाहका रसूल र नबीहरूका समापक (अन्तिम नबी) हुन्, र अल्लाहलाई सबै कुराको पूर्ण ज्ञान छ।" (सूरतुल्-अहजाबः ४०)

## आफ्नो धर्मको ज्ञान सिक्नुहोस्-

- प्रत्येक मुस्लिमले आफ्नो दीन (धर्म) इस्लामका आधारभूत तथा अत्यावश्यक मामिलाहरूको बारेमा सिक्नु जरुरी छ, ताकि उसले आफ्नो पालनकर्ता अल्लाहको उपासना सुझबुझका साथ गर्न सकोस्।
- अल्लाहको रसूल ﷺ ले दीनको बारेमा ज्ञान हासिल गर्न प्रोत्साहन गर्दै भन्नुभएको छः

"مَنْ يُرِدِ اللَّهُ بِهِ خَيْرًا يُفَقِّهْهُ فِي الدِّينِ". (أخرجه البخاري: 71)

"अल्लाहले जसको साथमा भलाइ (उपकार) गर्न चाहनुहुन्छ, उसलाई धर्मको समझ दिनुहुन्छ।" (बुखारीः ७१)

- इस्लामिक शरीअतको ज्ञान हासिल गर्नु जन्नतमा जाने माध्यम हो। अल्लाहको रसूल ﷺ ले भन्नुभएको छः

«وَمَنْ سَلَكَ طَرِيقًا يَلْتَمِسُ فِيهِ عِلْمًا سَهَّلَ اللَّهُ لَهُ بِهِ طَرِيقًا إِلَى الْجَنَّةِ» (أخرجه مسلم: 2699)

"जसले ज्ञान प्राप्त गर्नको लागि कुनै बाटो अपनाउँछ, अल्लाहले उसको लागि जन्नतको बाटो सजिलो बनाउनु हुन्छ।" (सहीह मुस्लिमः २६९९)

**अधिक जनकारीको लागि**

पैगम्बर मुहम्मद ﷺ को जीवनीबारे थप जानकारीको लागि "मुहम्मद रसूलल्लाह" नामको पुस्तक पढ्नुहोस्, जुन "www.osoulstore.com" मा विश्वका विभिन्न भाषाहरूमा उपलब्ध छ।

यो पुस्तक डाउनलोड गर्नको लागि कृपया बारकोड स्क्यान गर्नुहोस्।



**त्यहाँ धेरै पुस्तकहरू उपलब्ध छन् जुन एक मुस्लिमले आफ्नो धर्मका नियमहरू अध्ययन गर्न प्रयोग गर्न सक्छ ताकि उसले ज्ञानको आधारमा आफ्नो पालनकर्ता अल्लाहको उपासना गर्न सकोस्। उत्कृष्ट र सही पुस्तकको बारेमा जानकारी पाउन उसले जानकार धर्मविद्हरूसँग परामर्श गर्नुपर्छ।**

## इस्लाममा दर्जा तथा स्तर मापनको मापदण्ड:

अल्लाह तआलाले ईमान र तक्वा (आस्था र ईशभय) को आधारमा आफ्ना भक्तहरूको बीच दर्जाको मापदण्ड बनाउनु भएको छ। अल्लाहको दृष्टिमा न त कोही रूपको आधारमा ठूलो हुन्छ, न खानदानको आधारमा, न त रङ्गको आधारमा न धन-दौलतको आधारमा ठूलो हुन्छ। यदि कोही ठूलो र महान् हुन्छ भने ईमान र तक्वाको आधारमा हुन्छ। किनभने अल्लाहले भन्नुभएको छः

﴿يَا أَيُّهَا النَّاسُ إِنَّا خَلَقْنَاكُم مِّن ذَكَرٍ وَأُنثَىٰ وَجَعَلْنَاكُمْ شُعُوبًا وَقَبَائِلَ لِتَعَارَفُوا ۚ إِنَّ أَكْرَمَكُمْ عِندَ اللَّهِ أَتْقَاكُمْ ۚ إِنَّ اللَّهَ عَلِيمٌ خَبِيرٌ﴾

"हे मानिसहरू ! हामीले तिमीहरू सबैलाई एउटै पुरुष र एउटी स्त्रीबाट सृष्टि गर्यौं र विभिन्न समुदाय, थर र कबिलाहरू (गोत्रहरू) को रूप दियौं, ताकि तिमीले एक अर्कालाई चिन्न सक। (वास्तवमा) अल्लाहकहाँ तिमीमध्ये सर्वाधिक प्रतिष्ठित त्यो हो- जो तिमीहरूमध्ये तक्वावाला (ईशभय तथा परहेजगार) हुन्छ। निश्चय नै अल्लाह सबै कुरा जान्नुहुन्छ एवम् उहाँ सर्वज्ञ हुनुहन्छ।" (सूरतुल्-हुजरातः ४९/ १३)

नबी ﷺ ले भन्नुभएको छः

« يا أيها الناس، ألا إن ربكم واحد، وإن أباكم واحد، ألا لا فضل لعربي على عجمي، ولا لعجمي على عربي، ولا أحمر على أسود، ولا أسود على أحمر، إلا بالتقوى ». أخرجه البيهقي في شعب الإيمان (4774).

"हे मानिसहरू हो ! तिमीहरू सबैको पालन कर्ता (अल्लाह) एक हुनुहुन्छ र तिमीहरूको पुर्खा (आदम) एक हुनुहुन्छ। सुन, न त कुनै अरबी गैर-अरबीभन्दा श्रेष्ठ छ, न कुनै गैर-अरबी अरबीभन्दा श्रेष्ठ छ; न त कुनै गोरो कालोभन्दा श्रेष्ठ छ, न कुनै कालो गोरोभन्दा श्रेष्ठ छ। यदि कोही श्रेष्ठ छ त त्यो तक्वा (ईशभय तथा परहेजगारी) को आधारमा छ।" (बैहकीः ५१३७, सहीह अल्बानी)

## इस्लामका अर्कान (आधारहरू):

इस्लाम धर्म पाँच अर्कान (स्तम्भ) मा निर्मित छः



# मूल्याङ्कन प्रश्नहरू

१ (मुस्लिमको नयाँ जीवन "Muslim's new life") नामको यो भिडियो क्लिप हेरेपछि तपाईंलाई इस्लामको बारेमा सबैभन्दा बढी के मनमोहक लाग्छ भन्नुहोस् !

भिडियो क्लिप हेर्न यो बारकोड स्क्यान गर्नुहोस् !

............................................................

............................................................

............................................................

............................................................

............................................................

२ अल्लाहको आदेश अनुसार उहाँको उपासना गर्न सकियोस् भनेर मुस्लिमले अनिवार्य रूपमा सिक्नु पर्ने इस्लाम धर्मका आधारभूत कुराहरू के-के हुन् ?

............................................................

............................................................

............................................................

............................................................

............................................................

............................................................

३ इस्लाम धर्ममा कुन-कुन निर्देशनहरू समावेश छन्?

- ○ उच्च आचरण (अख्लाक)
- ○ ज्ञान
- ○ कर्म
- ○ माथि उल्लेखित सबै

इस्लामका अर्कान (इस्तम्भहरू) कति छन्?

- ○ ६
- ○ ५
- ○ ४
- ○ ३

४ इस्लाममा प्रवेश गरेपछि भक्तले अल्लाहको कृपाले आफ्नो क्षमताले भ्याएसम्म इस्लाम धर्मका आधारभूत कुराहरू सिक्नु जरुरी छ, ताकि ऊ अल्लाहको उपासना गर्न सक्षम होस् ।

○ सही　　○ गलत



# तेस्रो पाठ

# इस्लाममा कसरी प्रवेश गर्ने ?

## प्रस्तावना

नयाँ मुस्लिमको लागि इस्लाममा प्रवेश गर्दाको क्षण सबै अविस्मरणीय क्षणहरूमध्ये सबैभन्दा अविस्मरणीय एवम् महत्त्वपूर्ण क्षण हुन्छ। दुई महत्त्वपूर्ण कुराहरूको गवाही दिएर उसले आजसम्म म जो थिए, अब त्यो अवस्थामा छैन, अर्कै विश्वास र आस्थामा प्रवेश गरेको छु भन्ने कुरा घोषणा गर्छ। यो क्षणदेखि उसले सत्यलाई जान्ने र यसलाई पालना गर्ने पहिलो कदम उठाउँछ। यस पाठमा हामीले शहादतैन (दुई कुराको गवाही), त्यसको अर्थ र त्यस प्रति मुस्लिमको दायित्वको बारेमा जानकारी हासिल गर्नेछौं।

## शहादतैन (दुई कुराको गवाही):

अल्लाहले शहादतैनको गवाही तथा घोषणालाई इस्लाममा प्रवेश गर्ने चाबीको रूपमा बनाउनु भएको छ। ती दुई कुराहरू हुन्-

- अश्हदो अल्ला इलाह इल्लल्लाह
- व अश्हदो अन्न मुहम्मदर्-रसूलुल्लाह।

## शहादतैन (दुई कुराको गवाही) को अर्थ के हो ?

**पहिलो गवाही- अश्हदो अल्ला इलाह इल्लल्लाह**

अश्हदो अल्ला इलाह इल्लल्लाहको अर्थ होः अल्लाह बाहेक कोही सत्य पूज्य छैन भन्ने कुरा म दृढताको साथ विश्वास गर्छु।

**यस गवाहीमा दुई कुराहरू समावेश छन्-**

**पहिलोः** अल्लाह बाहेक अन्य सबै उपास्यलाई इन्कार गर्नु।

**दोस्रोः** अल्लाह मात्र उपास्य भएको स्वीकार गर्नु।

इस्लाम धर्म सम्पूर्ण सन्देश वाहकहरूको धर्म र उनीहरूले ल्याएको धर्म विधानको सार हो। जसमा एकमात्र सत्य ईश्वर अल्लाहको उपासना गर्ने र उहाँ बाहेक पूजा आराधना गरिने सम्पूर्ण उपास्यहरूलाई इन्कार गरिन्छ। किनभने अल्लाहले भन्नुभएको छः

﴿وَمَآ أَرۡسَلۡنَا مِن قَبۡلِكَ مِن رَّسُولٍ إِلَّا نُوحِيٓ إِلَيۡهِ أَنَّهُۥ لَآ إِلَٰهَ إِلَّآ أَنَا۠ فَٱعۡبُدُونِ﴾ (الأنبياء:25).

"जुन सन्देश वाहकलाई पनि हामीले तिमीभन्दा अगाडि पठायौं, तिनिहरूतिर यही (वह्य) सन्देश पठायौं कि म (अल्लाह) बाहेक कोही सत्य उपास्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर।" (सूरतुल्-अम्बियाः २१/ २५)

कुनै पनि हालतमा अल्लाह तआला बाहेक अरूको ईश्वरत्वमा विश्वास गर्नु वा उपासना गर्नु अनुमति छैन। अनि उहाँ बाहेक अरू कसैको पासमा कुनै पनि किसिमको पूजा उपासना गर्ने नियतले जानु पनि अनुमति छैन।

### दोस्रो गवाही- अश्हदो अन्न मुहम्मदर्-रसूलुल्लाह

अश्हदो अन्न मुहम्मदर्-रसूलुल्लाहको अर्थ होः मुहम्मद ﷺ अल्लाहको रसूल (सन्देश वाहक) हुनुहुन्छ भन्ने कुरा म दृढताको साथ विश्वास गर्छु। उहाँ अन्तिम नबी एवं सम्पूर्ण सन्देश वाहकहरूका समापक तथा परिपूरक हुनुहुन्छ। अब उहाँपछि कुनैपनि सन्देश वाहक आउने छैनन्। उहाँको सन्देश तथा विधान सम्पूर्ण मानव जातिको लागि हो। अल्लाहले भन्नुभएको छः

﴿تَبَارَكَ ٱلَّذِي نَزَّلَ ٱلۡفُرۡقَانَ عَلَىٰ عَبۡدِهِۦ لِيَكُونَ لِلۡعَٰلَمِينَ نَذِيرًا﴾ (الفرقان:1).

"बडो बरकतवाला (कल्याणकारी) हुनुहुन्छ अल्लाह जसले यो "फुर्कान" आफ्नो भक्तमाथि अवतरित गर्नुभयो, ताकि सम्पूर्ण संसारका मानिसहरूलाई सचेत गर्ने प्रमाण बनोस्।" (सूरतुल्-फूर्कानः २५/ १)

### अभ्यास

**तपाईंले मुहम्मद अल्लाहको रसूल नामको पुस्तक पढिसकेपछि, मुहम्मद ﷺ को बारेमा निम्न जानकारीलाई नोट गर्नुहोस्:**

पुस्तक डाउनलोड गर्न बारकोड स्क्यान गर्नुहोस्।



**उहाँको नामः**

**उहाँको वंशः**

**उहाँको जन्मः**

**उहाँको पालनपोषणः**

**उहाँको दूतत्वः**

**उहाँको हिजरतः**

**उहाँको मृत्युः**

## शहादतैनको लागि अनिवार्य कार्य:

यी दुईवटा कलिमालाई मुखले उच्चारण गरेर मात्र पर्याप्त छैन, बरु त्यसको अर्थलाई बुझेर, व्यवहारमा लागू पनि गर्नु जरुरी छ।

जब "ला इलाह इल्लल्लाह" भनिन्छ त अल्लाह बाहेक सम्पूर्ण उपास्यहरूलाई इन्कार गर्दै, एकमात्र सत्य पूज्य अल्लाहलाई रब मान्दै उहाँको मात्र उपासना तथा भक्ति गर्नुपर्छ। अल्लाहले भन्नुभएको छः

﴿فَمَن يَكۡفُرۡ بِٱلطَّٰغُوتِ وَيُؤۡمِنۢ بِٱللَّهِ فَقَدِ ٱسۡتَمۡسَكَ بِٱلۡعُرۡوَةِ ٱلۡوُثۡقَىٰ لَا ٱنفِصَامَ لَهَا﴾ (البقرة: 256)

"जसले अल्लाह बाहेक अन्य सम्पूर्ण असत्य पूज्यहरूलाई इन्कार गर्यो र अल्लाहमाथि ईमान राख्यो, उसले कहिल्यै नचुँडिने बलियो डोरीलाई समात्यो।" (सूरतुल्-बकरः २/ २५६)

त्यसैगरी जब "मुहम्मदर्-रसूलुल्लाह" भनिन्छ त मुहम्मद ﷺ लाई अल्लाहको रसूल मान्दै उहाँले ल्याएको सन्देश र विधिविधानलाई मान्नुपर्छ र उहाँले मनाही गरेका कार्यहरूबाट बच्नुपर्छ।

### छलफल गर्नुहोस्

किन "ला इलाह इल्लल्लाह" को गवाहीले अल्लाह बाहेक अरू सबै पूज्यलाई इन्कार तथा अविश्वास गर्न आवश्यक छ ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

केही मानिसहरू किन विभिन्न किसिमका देवताहरू सृजना गर्न र मानिसहरूलाई तिनीहरूको पूजा गर्नेतिर आमन्त्रित गर्न इच्छुक छन्, भन्ने कारणहरू गणना गर्नका लागि आफ्ना साथीहरूसँग छलफल गर्नुहोस्।



अल्लाहका सन्देश वाहक इब्राहीम अलैहिस्सलाम आफ्नो समुदायका मानिसहरूसँग बहस गर्दाको तर्कहरूमध्ये एउटा तर्क थियोः (الصافات:95) ﴿أَتَعۡبُدُونَ مَا تَنۡحِتُونَ﴾

"तिमीहरूले यस्तो कुराको किन पूजा गर्छौ ? जसलाई तिमीले स्वयम् कुँदेर बनाउँछौ।" (सूरह साफ्फातः ३७/ ९५)

# मूल्याङ्कन प्रश्नहरू

१ यदि तपाईलाई अल्लाह नै ब्रह्माण्डको सत्य पूज्य ईश्वर हुनुहुन्छ भन्ने थाहा छ भने, यो इस्लाममा प्रवेश गर्नको लागि पर्याप्त मानिन्छ।

○ सही ○ गलत

मुहम्मद ﷺ अल्लाहको रसूल हुनुहुन्छ, भन्ने कुराको गवाही दिनु र विश्वास गर्नु नै मेरो लागि पर्याप्त छ; मैले उहाँको आज्ञापालन गर्नुपर्दैन।

○ सही ○ गलत

२ "मुहम्मद ﷺ को हुनुहुन्छ" भन्ने विषयको यो क्लिप हेरेपछि, नबी मुहम्मद ﷺ को महानताका पक्षहरूको बारेमा कुराकानी गर्नुहोस्। अनि उहाँ ﷺ को सम्मान जनक चरित्र हत्या गर्न र उहाँलाई बदनाम गर्न इस्लामका विरोधीहरूले अपनाउने तरिकाहरूबारे विश्लेषण गर्नुहोस्।

भिडियो हेर्न यो बारकोड स्क्यान गर्नुहोस्।

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

३ "jesusandquran.com" कुर्आन र ईसा (येशू) वेब साइट ब्राउज गरेर, नबी मुहम्मद र ईसा अलैहिमास्सलाम बीचको सम्बन्धबारे भन्नुहोस्।

वेबसाइट हेर्न बारकोड स्क्यान गर्नुहोस्।

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................



चौथो पाठ

# ईमान (आस्था)

## प्रस्तावना

जब कुनै मुस्लिमले कुर्आन पढ्छ वा नमाज पढ्छ वा अन्य प्रकारले अल्लाहको उपासना गर्दछ, त प्रायः उसले आत्मिक शान्ति र सन्तोष महसुस गर्दछ। उपासनाको भावनाले मानिसहरूलाई अत्यधिक आनन्द र खुशी महसुस गराउँछ। अनि ईमानले मुस्लिमलाई आफ्नो सम्पूर्ण जीवन अल्लाहको आज्ञापालनमा लगाउन, पूर्ण प्रेम र चाहनाको साथ उहाँका आज्ञापालन गर्न, अनि उहाँद्वारा निषेध गरिएका कुराहरूबाट बच्न प्रेरणा दिन्छ। यस पाठमा हामीले ईमानको अवधारणा, त्यसका अर्कान (आधारहरू) र यसका फाइदाहरूबारे सिक्नेछौं।

## ईमान भनेको के हो ?

ईमान भनेको अल्लाहको तर्फबाट आएको कुरालाई पूर्ण प्रेम, रजा (उहाँको कृपार र दया पाउने आशा) र खौफ (सजाय र क्रोधको भयका) साथ हृदयले विश्वास गर्नु, मुखले उच्चारण गर्नु र शारीरिक अङ्गहरूद्वारा व्यवहारमा लागू गर्नु हो। अल्लाहले भन्नुभएको छः

﴿يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ ءَامِنُواْ بِٱللَّهِ وَرَسُولِهِۦ وَٱلۡكِتَٰبِ ٱلَّذِي نَزَّلَ عَلَىٰ رَسُولِهِۦ وَٱلۡكِتَٰبِ ٱلَّذِيٓ أَنزَلَ مِن قَبۡلُۚ وَمَن يَكۡفُرۡ بِٱللَّهِ وَمَلَٰٓئِكَتِهِۦ وَكُتُبِهِۦ وَرُسُلِهِۦ وَٱلۡيَوۡمِ ٱلۡأٓخِرِ فَقَدۡ ضَلَّ ضَلَٰلَۢا بَعِيدًا﴾ (النساء: 136)

'हे ईमानवालाहरू ! अल्लाहमा र उहाँका रसूलमा ईमान (आस्था) राख, अनि उहाँको रसूल (मुहम्मद) माथि अवतरित किताबमा र यसभन्दा पहिले अवतरित ती सबै किताबहरूमा पनि ईमान राख। जसले अल्लाहलाई, उहाँका फरिश्ताहरूलाई, उहाँका किताबहरूलाई, उहाँका रसूलहरूलाई र कयामतको दिनलाई इन्कार गर्यो, ऊ पथभ्रष्ट भई सत्मार्गबाट धेरै टाढा पुग्यो।' (सूरतुन्-निसा: ४/ १३६)

## छलफल गर्नुहोस्



आशा (रजा) र भय (खौफ) मा के फरक छ ?

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

## ईमानका अर्कान (आधारहरू)

**ईमान ६ वटा कुराहरूमा आधारित छ, ती हुन्-**

१ **अल्लाहमाथि ईमानः** मुस्लिमहरूले अल्लाहको अस्तित्वमा ईमान राख्छन्, यसको साथै उहाँको प्रभुत्व, उहाँका नामहरू र गुणहरूमा ईमान राख्छन्। उनीहरूको विश्वास छ- अल्लाह यस विशाल ब्रह्माण्डको सृष्टिकर्ता, पालन कर्ता, प्रभु र सबै चीजहरूको मालिक हुनुहुन्छ। उहाँ एक्लो हुनुहुन्छ र उहाँ एक्लैले आफ्ना सम्पूर्ण मामिलाहरू व्यवस्थित गर्नुहुन्छ। उहाँ सबैका अन्नदाता हुनुहुन्छ। उहाँ बाहेक कोही पनि उपासना एवम् भक्तिको लायक छैन। सबै किसिमका उपासनाहरू उहाँकै लागि छन्। उहाँ आफ्ना नाम र विशेषताहरूमा अद्वितीय एवम् परिपूर्ण हुनुहुन्छ।

२ **फरिश्ताहरूमाथि ईमानः** मुस्लिमहरूले अल्लाहका फरिश्ताहरूको अस्तित्वमाथि ईमान राख्छन्। अनि यसको साथसाथै यस कुरामा पनि विश्वास गर्छन् कि, फरिश्ताहरूलाई अल्लाहले सृष्टि गर्नुभएको हो, उनीहरूले अल्लाहको उपासना तथा भक्ति गर्छन्, उहाँको आज्ञालाई कहिल्यै पनि अवज्ञा गर्दैनन्। उनीहरूले "किताब र सुन्नत" मा बयान गरिए बमोजिम उनीहरूको गुण र कामहरूमा पनि विश्वास गर्छन्।

३ **अल्लाहद्वारा अवतरण गरिएका किताब (ग्रन्थ) हरूमाथि ईमानः** अल्लाहले आफ्ना भक्तहरूका लागि आफ्ना रसूलहरूमाथि ग्रन्थहरू अवतरण गर्नुभयो भन्ने कुरामाथि मुस्लिमहरूले ईमान राख्छन्। जो उनीहरूलाई सही मार्गदर्शन गर्न र इस्लाम धर्मको तौर तरिकाको शिक्षा दिनको लागि अवतरण गर्नुभयो। ती ग्रन्थहरूमध्ये तौरात इमरानको छोरा मूसा अलैहिस्सलाममाथि, जबूर दाउद अलैहिस्सलाममाथि, इन्जील मरियमका छोरा ईसा अलैहिमास्सलाममाथि र कुर्आन मुहम्मद ﷺ माथि अवतरण गर्नुभएको हो।

**अल्लाहको साथ शिर्कः**

ईमानको विपरीत कार्य शिर्क हो। अल्लाह बाहेक अरू कसैको प्रभुत्व अथवा ईश्वरत्वमा विश्वास गर्नु, उपासना तथा भक्तिमा अल्लाहको साथ अरूलाई साझेदार गर्नु वा अरूको उपासना गर्नु शिर्क हो। यो अल्लाहको निकट महापाप र सबैभन्दा जघन्य अपराध हो। अल्लाहले शिर्क गर्ने व्यक्तिलाई शिर्क छोडेर पश्चात्ताप नगरेसम्म कहिल्यै माफ गर्नुहुन्न। अल्लाहले भन्नुभएको छः

﴿إِنَّ ٱللَّهَ لَا يَغۡفِرُ أَن يُشۡرَكَ بِهِۦ وَيَغۡفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَآءُۚ وَمَن يُشۡرِكۡ بِٱللَّهِ فَقَدِ ٱفۡتَرَىٰٓ إِثۡمًا عَظِيمًا﴾ (النساء:48).

"निःसन्देह अल्लाहले उहाँसँग साझेदार गराउने व्यक्तिलाई क्षमा गर्नुहुने छैन र त्यस बाहेक अरू जसलाई चाहनुहुन्छ माफ गर्नुहुन्छ। जसले उहाँसँग कसैलाई साझेदार गराउँछ उसले जघन्य अपराध गर्छ। (सूरतुन्-निसाः ४/ ४८)

नोटः किताब र सुन्नतको तात्पर्यः पवित्र ग्रन्थ कुर्आन र रसूल ﷺ का हदीसहरू हुन्। जो इस्लामी शरीअत अथवा धर्म-विधानका दुई मुख्य श्रोतहरू मानिन्छन्।

४ **नबीहरूमाथि ईमानः** मुस्लिमहरूले यस कुरामा ईमान राख्छन् कि, अल्लाहले प्रत्येक समुदायमा तिनीहरू मध्येबाटै रसूल तथा नबी चुन्नुभयो। अनि तिनिहरूलाई उच्च आचरण, इमानदारी र चमत्कारहरू पनि प्रदान गर्नुभयो। तिनिहरूले मोमिनहरूलाई शुभ सूचना सुनाउथे र काफिर (अवज्ञाकारी) हरूलाई यातनाबाट सचेत गर्थे। मानिसहरूलाई अल्लाहको आज्ञापालन तथा इस्लामको शिक्षा दिन्थे। ताकि मानिसहरूले ती नबी तथा रसूलहरूको अनुसरण र आज्ञापालन गरुन्। मुहम्मद ﷺ तिनीहरूमध्ये अन्तिम नबी तथा रसूल हुनुहुन्छ।

५ **कयामत (अन्तिम दिन) माथि ईमानः** मुस्लिमहरूले कयामतको दिनमाथि ईमान राख्छन्। त्यस दिन अल्लाहले सबै मृतकहरूलाई जीवित गरेर तिनिहरूको चिहानबाट उठाउनु हुनेछ, अनि तिनिहरूका कर्मको हिसाब किताब गरेर कर्मको प्रतिफल दिनुहुनेछ। तिनिहरूमध्ये केही जन्नतमा प्रवेश गर्नेछन् भने केही जहन्नममा प्रवेश गर्नेछन्।

६ **भाग्यमाथि ईमानः** मुस्लिमहरूले यस कुरामा ईमान राख्छन् कि, यो ब्रह्माण्डमा राम्रो वा नराम्रो जो पनि घटना घटित हुन्छ त्यो अल्लाहले निर्धारण गरे अनुसार हुन्छ। ती सबै कुराहरूको जानकारी अल्लाहलाई हुन्छ र "लौहे महफूज (सुरक्षित पाटी)" मा लेखिएको पनि छ। अल्लाहको चाहना वा आज्ञा बिना यस ब्रह्माण्डमा कुनै पनि कुरा घटना घट्दैन।

लौहे महफूजः यो त्यो पुस्तक हो जसमा अल्लाहले कयामतको दिनसम्म घटने घटनाहरू, प्राणीहरूका कर्महरू र भाग्य लेख्नुभएको छ।

भाग्यः भाग्य भनेको आदि कालमा नै अल्लाहको आदेशद्वारा लेखिएका कुराहरू हुन्, जो उहाँद्वारा तय गरिएको समय अनि निश्चित तरिकाहरू अनुसार हुने गर्छन् अनि ती सबैको बारेमा उहाँलाई पूर्ण जानकारी छ।

## ईमानका फाइदाहरू:

**ईमानका धेरै फाइदाहरू छन्, ती मध्ये केही यस प्रकार छन्-**

- **आत्मिक सन्तुष्टिः** ईमान (आस्था) ले मोमिनको हृदयलाई आश्वस्त बनाउँछ र आत्मिक रूपमा उसलाई सन्तुष्टि मिल्छ, अनि अल्लाहद्वारा लेखिएको भाग्यमाथि सन्तुष्ट बनाउँछ र ऊ अल्लाह बाहेक अरू कसैसँग डराउँदैन।
- **अल्लाहको पहिचान गराउँछः** ईमानवाला व्यक्तिले आफ्नो पालन कर्ता अल्लाहलाई ज्ञानले चिन्छ अनि उहाँका नाम, गुण र कर्महरू जान्दछ, जसले उसको पालन कर्ता अल्लाह प्रतिको लगाव बढाउँछ।
- **अल्लाहको महिमा र महानता थाहा हुन्छः** ईमानवाला व्यक्तिले जति राम्रोसँग आफ्नो पालन कर्ता अल्लाहलाई चिन्छ, त्यति नै धेरै उहाँ प्रतिको महिमा, महानता र सम्मान बढ्छ; अनि जति धेरै सम्मान बढ्छ, त्यति नै उहाँप्रति आशा, भय र विश्वास बढ्छ।
- **आफ्ना भक्तहरूलाई मार्गदर्शन गर्न अल्लाहको उत्सुकताबारे जानकारीः** अल्लाहले आफ्ना भक्तहरूलाई सही मार्गदर्शन गर्नका लागि तिनिहरूको पासमा समय समयमा नबी र रसूलहरू पठाउनु भयो अनि उनीहरूमाथि ग्रन्थहरू पनि अवतरण गर्नुभयो।
- **फरिश्ताहरूप्रति प्रेमः** फरिश्तहरूको अल्लाह प्रतिको भक्ति, उपासना र आज्ञाकारिताको कारण उनीहरूप्रति प्रेम बढ्छ।
- **रसूल र नबीहरूप्रति प्रेमः** किनभने नबी तथा रसूलहरूले अल्लाहको उपासना र उहाँ प्रतिको आज्ञाकारिताको लागि आफ्नो जिम्मेदारी वहन गर्दै अल्लाहको सन्देश आफ्ना समुदाय समक्ष पुर्‍याए।
- **उपासनामा लगनशीलताः** मानिसको ईमान जति बलियो हुन्छ, ऊ त्यति नै बढी अल्लाहको उपासनामा लगनशील हुन्छ ।
- **राम्रो जीवनः** अल्लाहले उसको भाग्यमा लेखि दिनुभएको कुरामा मानिस सन्तुष्ट हुन्छ, किनभने उसलाई थाहा हुन्छ यस संसारमा जस्तोसुकै विपत्ति आउँछ त्यसबाट उसको दर्जा उच्च हुन्छ, उसका पापहरू क्षमा हुन्छन् र परलोकमा अल्लाहले तयार गर्नुभएको पुरस्कारको बारेमा सोच-विचार गर्छ।
- **सांसारिक चीजहरूको धोकामा पर्दैनः** यो संसारको जीवन अस्थायी छ र यो परलोकमा अनन्त जीवनको लागि माध्यम पनि हो।
- **खराब चीजहरूको उजागरः** ईमानले खराब चीजहरूलाई उजागर गर्छ र तिनिहरूलाई अमान्य बनाउँछ।
- **स्वर्गमा प्रवेशः** स्वर्गको जीवन अनन्त र आनन्दमय जीवन हो, जो कहिल्यै समाप्त हुनेछैन। अल्लाहले आफ्ना मोमिन भक्तहरूको लागि यो स्वर्गको वरदान तयार गर्नुभएको छ।

### मेरो डायरी

इस्लाममा प्रवेश गरेपछि तपाईंले महसुस गर्नुभएको ईमानका केही फाइदाहरू लेख्नुहोस्।

## मूल्याङ्कन प्रश्नहरू

१ रसूल तथा नबीहरूमाथि ईमानको अर्थ यो हो कि तपाईंले मुहम्मद ﷺ को नुबूवत (दुतत्व) मा विश्वास गर्नुहुन्छ।

◯ सही ◯ गलत

२ "अल्लाह को हुनुहुन्छ ? (Who Is Allah ?)" भन्ने यो क्लिप हेरेपछि सृष्टिकर्ताको अस्तित्वलाई अस्वीकार गर्ने विचारको मूल्याङ्कन गर्नुहोस्।

भिडियो हेर्न यो बारकोड स्क्यान गर्नुहोस्।

३ "ईमानका छ अर्कान (The Six fundamentals of faith)" विषयको यो क्लिप हेरेपछि ईमानका ६ वटा अर्कान (स्तम्भहरू) को बारेमा तपाईंले आफूमा पाउनुभएको प्रभावहरू उल्लेख गर्नुहोस्।

भिडियो हेर्न यो बारकोड स्क्यान गर्नुहोस्।

# आफ्नो व्यक्तिगत मूल्याङ्कन

| | शैक्षिक लक्ष्य | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | छैन | थोरै | राम्रोसँग | अति राम्रोसँग |
| १ | के तपाईंलाई मानव अस्तित्वसँग सम्बन्धित प्रश्नहरूको उत्तर थाहा छ ? | | | | |
| २ | के तपाईंले इस्लामको अर्थ सरल तरिकामा व्याख्या गर्न सक्नुहुन्छ ? | | | | |
| ३ | के तपाईंलाई थाहा छ इस्लाममा कसरी प्रवेश गर्न सकिन्छ ? | | | | |
| ४ | के तपाईंले शहादतैन (दुई गवाही) को अर्थ बुझ्नुभयो ? | | | | |
| ५ | के तपाईंले शहादतैनको आवश्यकता व्याख्या गर्न सक्नुहुन्छ ? | | | | |
| ६ | के तपाईंलाई ईमानका अर्कान (आधारहरू) थाहा छ ? | | | | |
| ७ | के तपाईं अल्लाहमाथि ईमानको अर्थ बताउन सक्नुहुन्छ ? | | | | |
| ८ | के तपाईं फरिश्ताहरूमाथि ईमानको अर्थ बताउन सक्नुहुन्छ ? | | | | |
| ९ | के तपाईं अवतरित ग्रन्थ (किताब) हरूमाथि ईमानको अर्थ बताउन सक्नुहुन्छ ? | | | | |
| १० | के तपाईं रसूलहरूमाथि ईमानको अर्थ के हो भनेर व्याख्या गर्न सक्नुहुन्छ ? | | | | |
| ११ | के तपाईं कयामतको दिनमाथि ईमानको अर्थ व्याख्या गर्न सक्नुहुन्छ ? | | | | |
| १२ | के तपाईंले भाग्यमाथि ईमानको अर्थ व्याख्या गर्न सक्नुहुन्छ ? | | | | |
| १३ | के तपाईंलाई थाहा छ शहादतैन कसरी उच्चारण गर्ने ? | | | | |
| १४ | के तपाईंलाई थाहा छ नयाँ मुस्लिलमले आफ्नो ईमानलाई कसरी बलियो बनाउँछ ? | | | | |
| १५ | के तपाईं आफ्नो हृदयमा इस्लाम धर्मको प्रेम महसुस गर्नुहुन्छ ? | | | | |



## दोस्रो एकाइ

# पवित्र ग्रन्थ कुर्आन







## पाठ एकाइ:

१ पवित्र ग्रन्थ कुर्आनको बारेमा जान्नुहोस्

२ साना सूरहहरूको व्याख्या







## पहिलो पाठ

# पवित्र ग्रन्थ कुर्आनको बारेमा जान्नुहोस्

### प्रस्तावना

जब अल्लाहले सन्देष्टाहरूलाई उनीहरूको समुदायका मानिसहरूलाई सत्य मार्गको निमन्त्रण दिनको लागि पठाउनुभयो, त उहाँले उनीहरूलाई केही चमत्कारहरू पनि प्रदान गर्नुभयो, ताकि उनीहरूले आफू अल्लाहको तर्फबाट पठाइएका सच्चा सन्देष्टा हुँ भनि प्रमाणित गर्न सकुन्। पहिलेका सबै सन्देष्टाहरूको सन्देश तथा चमत्कारहरू तत्कालीन समय र उनका समुदायका मानिसहरूका लागि मात्र थिए, तर अन्तिम सन्देष्टा मुहम्मद ﷺ को सन्देश सम्पूर्ण मानव जातिको लागि र सधैँको लागि हो। अल्लाहले अन्तिम सन्देष्टा मुहम्मद ﷺ लाई कुर्आन जस्तो महान् चमत्कार तथा पवित्र ग्रन्थलाई प्रदान गरेर त्यस ग्रन्थलाई सधैँ सुरक्षा गर्ने ग्यारेन्टी पनि दिनुभएको छ। यस पाठमा हामीले कुर्आनका केही विशेषता र शिष्टाचारहरूको बारेमा सिक्नेछौं।

### कुर्आन के हो ?

**पवित्र ग्रन्थ कुर्आन अल्लाहको वाणी हो, जो सन्देष्टा मुहम्मद ﷺ माथि अवतरण भएको हो।** यो अल्लाहको तर्फबाट अवतरित ग्रन्थहरू मध्येको अन्तिम ग्रन्थ हो, अब यस उपरान्त कुनै ग्रन्थ अवतरण हुनेछैन।

> अवतरित ग्रन्थहरू: अवतरित ग्रन्थहरू भनेका अल्लाहको तर्फबाट सन्देश वाहक (पैगम्बर) हरूमाथि अवतरण भएका किताबहरू अथवा ग्रन्थहरू हुन्। मुस्लिमहरूले ती सबै ग्रन्थहरूमा ईमान राख्नुपर्छ, किनभने ती अल्लाहको तर्फबाट अवतरण भएका हुन्, जसको माध्यमद्वारा अल्लाहले आवश्यकता अनुसार सन्देश वाहकहरूसँग कुरा गर्नुभएको थियो। ती ग्रन्थहरूमध्ये जबूर दाउद अलैहिस्सलाममाथि अवतरण भएको थियो, तौरात मूसा अलैहिस्सलाममाथि अवतरण भएको थियो र इन्जील ईसा अलैहिस्सलाममाथि अवतरण भएको थियो। यी ग्रन्थहरूमा थपघट र हेरफेर भइसकेको छ।

### कुर्आन पढ्नुको फाइदा तथा श्रेष्ठता:

- अल्लाहको रसूल ﷺ ले भन्नुभयो:

« مَنْ قَرَأَ حَرْفًا مِنْ كِتَابِ اللَّهِ فَلَهُ بِهِ حَسَنَةٌ وَالْحَسَنَةُ بِعَشْرِ أَمْثَالِهَا لاَ أَقُولُ الم حَرْفٌ وَلَكِنْ أَلِفٌ حَرْفٌ وَلاَمٌ حَرْفٌ وَمِيمٌ حَرْفٌ» (أخرجه الترمذي في سننه رقم 2910 بإسناد صحيح)

“जसले अल्लाहको किताब (कुर्आन) को एउटा अक्षर पढ्यो उसलाई एक पुण्य मिल्छ, त्यो एक पुण्य दश गुणा पुण्यको बराबर हुन्छ। म भन्दैन अलिफ, लाम्, मिम् एउटा अक्षर हो, बरु अलिफ एउटा अक्षर, लाम एउटा अक्षर र मिम एउटा अक्षर हो।” (तिर्मिजी: २९१०, हसन सहीह)

- अबू उमामा बाहिली रजियल्लाहु अन्हुद्वारा वर्णन गरिएको हदीसमा छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयो:

«اقْرَءُوا الْقُرْآنَ فَإِنَّهُ يَأْتِي يَوْمَ الْقِيَامَةِ شَفِيعًا لأَصْحَابِهِ» (مسلم ٨٠٤).

“कुर्आनलाई पढ, किनभने यसले कयामतको दिन आफ्ना पाठकहरूका लागि अल्लाहको समक्ष सिफारिश गर्नेछ।” (सहीह मुस्लिम: ८०४)

### कुर्आन आत्मा र विवेकको लागि भोजन हो:

**पवित्र कुर्आनले मानव विवेक र आत्मालाई समान रूपमा सम्बोधन गर्छ। यसले विवेकलाई निम्न तरिकाले सम्बोधन गरेको छ:**

- मामिलाहरूमा बौद्धिक तर्क। अल्लाहले भन्नुभएको छ:

﴿ لَوْ كَانَ فِيهِمَآ ءَالِهَةٌ إِلَّا ٱللَّهُ لَفَسَدَتَاۚ فَسُبْحَٰنَ ٱللَّهِ رَبِّ ٱلْعَرْشِ عَمَّا يَصِفُونَ ﴾ (الأنبياء: 22)

“यदि आकाश र धरतीमा अल्लाह बाहेक अरू कोही पूज्य भएको भए यी दुवैको व्यवस्था अस्तव्यस्त हुने थियो। अतः अर्श (सिंहासन) को स्वामी अल्लाह मुश्रिकहरूले बयान गर्ने प्रत्येक गुणहरूबाट पवित्र हुनुहुन्छ।” (सूरतुल्-अम्बियाः २१/ २२)

- निशानी तथा प्रमाणहरूमा तर्क-वितर्क र चिन्तन मनन गर्न आह्वान। अल्लाहले भन्नुभएको छः

﴿كَذَٰلِكَ يُبَيِّنُ ٱللَّهُ لَكُمُ ٱلْـَٔايَٰتِ لَعَلَّكُمْ تَتَفَكَّرُونَ﴾ (البقرة: 219)

“यस प्रकार, अल्लाहले तिम्रा लागि आफ्ना आदेशहरू स्पष्ट रूपमा वर्णन गर्नुहुन्छ, ताकि तिमीहरू सोच विचार गर।” (सूरतुल्-बकरः २/ २१९)

- आफ्नो विवेक प्रयोग नगर्ने र सोच विचार नगर्नेहरूको निन्दा। अल्लाहले भन्नुभएको छः

﴿أَمْ تَحْسَبُ أَنَّ أَكْثَرَهُمْ يَسْمَعُونَ أَوْ يَعْقِلُونَ ۚ إِنْ هُمْ إِلَّا كَٱلْأَنْعَٰمِ ۖ بَلْ هُمْ أَضَلُّ سَبِيلًا﴾ (الفرقان: 44)

“के तिमीले सोचेका छौ उनीहरूमध्ये धेरैले सुन्छन् र बुझ्छन् ? उनीहरू त एकदम चौपायाहरू जस्तै छन्, बरु तिनिहरूभन्दा पनि धेरै पथभ्रष्ट छन्।” (सूरतुल्-फुर्कानः २५/ ४४)

**कुर्आनले आत्मा र भावनाहरू मार्फत यसरी सम्बोधन गरेको छः**

- आत्मिक र भावनात्मक तर्क- भावनात्मक अभिव्यक्ति व्यक्त गर्ने, तिनिहरूलाई हाइलाइट गर्ने र विभिन्न परिस्थतिहरूमा तिनिहरूलाई चित्रण गर्ने। अल्लाहले भन्नुभएको छः

﴿وَمِنَ ٱلنَّاسِ مَن يَتَّخِذُ مِن دُونِ ٱللَّهِ أَندَادًا يُحِبُّونَهُمْ كَحُبِّ ٱللَّهِ ۖ وَٱلَّذِينَ ءَامَنُوٓا۟ أَشَدُّ حُبًّا لِّلَّهِ﴾ (البقرة: 165)

“केही मानिसहरू यस्ता पनि छन्, जसले अल्लाहसँग अरूलाई साझेदार बनाएर तिनलाई अल्लाहलाई जस्तै माया गर्छन्, र ईमानवालाहरू अल्लाहसँगको प्रेममा अत्यन्त कठोर हुन्छन्।” (सूरतुल्-बकरः २/ १६५)

- मानव भावनालाई याद गर्दै तिनिहरूको राम्रो र नराम्रो प्रभावलाई स्पष्ट पारेको छ। अल्लाहले भन्नुभएको छः

﴿وَلَتَجِدَنَّ أَقْرَبَهُم مَّوَدَّةً لِّلَّذِينَ ءَامَنُوا۟ ٱلَّذِينَ قَالُوٓا۟ إِنَّا نَصَٰرَىٰ ۚ ذَٰلِكَ بِأَنَّ مِنْهُمْ قِسِّيسِينَ وَرُهْبَانًا وَأَنَّهُمْ لَا يَسْتَكْبِرُونَ﴾

“मित्रताको दृष्टिकोणले मोमिनहरूको नजिकमा ती मानिसहरूलाई पाउनेछौ जसले आफूलाई ‘‘नसारा (इसाई)’’ भन्छन्। किनभने तिनिहरूमा विद्वान् पनि छन् र धर्मविद् पनि अनि तिनिहरूले घमन्ड गर्दैनन्।” (सूरतुल्-मायदाः ५/ ८२)

- बोलचाल र व्यवहारमा नरम हुने आदेश। अल्लाहले भन्नुभएको छः

﴿ٱدْعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلْحِكْمَةِ وَٱلْمَوْعِظَةِ ٱلْحَسَنَةِ ۖ وَجَٰدِلْهُم بِٱلَّتِى هِىَ أَحْسَنُ﴾ (النحل: 125)

“मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको मार्गतिर बोलाऊ र सधैँ राम्रो तरिकाले तिनीहरूसित कुरा गर।” (सूरतुन्-नहलः १६/ १२५)

- मामिलाहरूमा ईमानको निशानी समावेश गर्ने आदेश। अल्लाहले भन्नुभएको छः

﴿كَذَٰلِكَ كُنتُم مِّن قَبْلُ فَمَنَّ ٱللَّهُ عَلَيْكُمْ﴾ (النساء: 94)

“तिमी पनि त पहिला यस्तै थियौ र पछि अल्लाहले तिमीमाथि आफ्नो कृपा गर्नुभएको थियो।” (सूरतुन्-निसाः ४/ ९४)

- आत्मालाई राम्रो प्रभाव पार्ने शब्दहरूको प्रयोग र निष्कपट भावनाहरू जगाउने आदेशः

﴿أَلَا تُحِبُّونَ أَن يَغْفِرَ ٱللَّهُ لَكُمْ﴾ (النور: 22)

“के तिमी अल्लाहले तिमीलाई क्षमा गरुन् भन्ने चाहन्नौ ?” (सूरतुन्-नूरः २४/ २२)

दुबै कुराहरूः बौद्धिक र आत्मिक एक साथमा मिलाउन सकिन्छ, जसले विवेकको चर्चा गर्छ र आत्मालाई विश्वस्त बनाउँछ अनि भावनालाई एकै समयमा उत्प्रेरित गर्छ।

﴿يَٰٓأَيُّهَا ٱلنَّاسُ ٱذْكُرُوا۟ نِعْمَتَ ٱللَّهِ عَلَيْكُمْ ۚ هَلْ مِنْ خَٰلِقٍ غَيْرُ ٱللَّهِ يَرْزُقُكُم مِّنَ ٱلسَّمَآءِ وَٱلْأَرْضِ ۚ لَآ إِلَٰهَ إِلَّا هُوَ ۖ فَأَنَّىٰ تُؤْفَكُونَ﴾ (فاطر: 3)

“हे मानिसहरू ! अल्लाहले तिमीलाई गरेको उपकारलाई स्मरण गर। के अल्लाह बाहेक कोही अरू स्रष्टा छ, जसले तिमीलाई आकाश र धरतीबाट जीविका प्रदान गर्दछ ? उहाँ बाहेक कोही सत्य पूज्य छैन। अतः तिमी कता मार्ग विचलित भइरहेका छौ ?” (सूरतु फातिरः ३५/ ३ )

## छलफल गर्नुहोस्

तपाईंले इस्लाम धर्म स्वीकार गर्नु अघि कुन आयतहरू पढ्नुभयो ? त्यसले तपाईलाई कस्तो प्रभाव पार्यो ?

.............................................................................................................

.............................................................................................................

## कुर्आन परिपूर्ण जीवन व्यवस्था हो

पवित्र ग्रन्थ कुर्आन सर्वलोकका सृष्टिकर्ता एवम् मालिक अल्लाहको वाणी हो। आफूले सृष्टि गरेको प्राणी मानव जातिको लागि के फाइदा जनक छ र के हानिकारक छ भन्ने कुरा उहाँलाई राम्रोसँग थाहा छ। त्यसैले अल्लाहले आफ्ना ग्रन्थहरू मध्येको अन्तिम ग्रन्थको रूपमा कुर्आन अवतरण गर्नुभयो, जो एउटा व्यवस्थित र परिपूर्ण मानव जीवन व्यवस्था समेटिएको किताब हो। जसलाई निम्नलिखित कुराहरूले प्रमाणित गर्छन्:

- मानव जीवनको व्यवस्थापनको लागि यसले जीवनका तीन पक्षहरूलाई सम्बोधन गर्छ। व्यक्तिगत, पारिवारिक र सामुदायिक।
- यसमा समावेश विषयहरू: अकीदा (आस्था), इबादात (उपासनाहरू), रीतिरिवाजहरू, सामाजिक र आर्थिक सम्बन्धहरू, मानसिक, भावनात्मक र शारीरिक पक्षहरू, अन्तर्राष्ट्रिय सम्बन्धहरू, शान्ति र युद्धको अवस्था, आदि विषहरू यसमा समावेश छन्।
- न्याय शास्त्र- यो एउटा त्यस्तो पुस्तक हो, जसले सबै परिस्थितिहरूमा न्यायको आदेश दिन्छ, चाहे त्यो शत्रुहरू सँगको व्यवहारमा किन नहोस्, अनि यसले सबै प्रकारका अन्यायहरूलाई निषेध गरेको छ।

पवित्र कुर्आनले मानवको लागि जीवन शैलीको रूपरेखा प्रस्तुत गर्छ, उनीहरूको अधिकार र कर्तव्य स्पष्ट पारेको छ अनि उनीहरूको लागि कुन कुरा अनिवार्य छ र कुन कुरा अनिवार्य छैन भन्ने कुरा पनि बडो स्पष्ट तरिकाले बताएको छ। जसको कारण उनीहरूको धार्मिक नियम सबै स्थान र समयको लागि सही र उपयुक्त बनाएको छ।




**प्रत्येक मुस्लिमले पवित्र कुर्आन पढ्न र यसका नियमहरू सिक्न उत्सुक हुनुपर्छ।**

## कुर्आनमा अल्लाहका सन्देश वाहकहरूका कथा:

पवित्र ग्रन्थ कुर्आनमा पहिलेका सन्देश वाहकहरू र तिनका समुदायका कथाहरू पनि समावेश छन्। आदम अलैहिस्सलामदेखि सुरु हुँदै नूह, हूद, सालेह, शुऐब, इब्राहीम, इस्माईल, इस्हाक, याकूब, मूसा, ईसा लगायत अन्य नबी र रसूलहरूको नाम चर्चा गरिएको छ। पवित्र कुर्आनले तिनिहरूका कथाहरू वर्णन गर्नुको कारणहरू पनि उल्लेख गरेको छ। जसमध्ये केही कारणहरू यस प्रकार छन्-

- सबै सन्देश वाहकहरूको धर्म एउटै हो, जसको आधार एवम् मूल सिद्धान्त एकमात्र सर्वशक्तिमान् ईश्वर अल्लाहको उपासना र आज्ञापालन हो भन्ने कुराको जानकारी गराउन।
- विभिन्न अप्ठ्यारा परिस्थितिहरूमा मुहम्मद ﷺ लाई सान्त्वना दिन, उहाँको दूतत्वको पुष्टि गर्न र उहाँभन्दा अघिका सन्देश वाहकहरूले कस्ता परिस्थितिको सामना गर्नुपर्यो भन्ने कुरा जानकारी गराउन।
- ईमानवालाहरूलाई शुभ-सूचना दिन अनि उनीहरूमाथि पनि कठिनाइ र विपत्ति आउन सक्छ, जुन उनीहरूभन्दा पहिलेका अल्लाहका भक्तहरूमाथि आइसकेको थियो भन्ने जानकारी गराउन।
- तिनिहरूबाट पाठ सिक्न, किनभने ती वास्तविक र यथार्थपरक घटनाहरू हुन्।

### अभ्यास

**तलका प्रत्येक अभिव्यक्तिलाई तिनिहरूको सान्दर्भिकता अनुसार सही ठाउँमा राख्नुहोस्:**

- अल्लाहको वाणी।
- आफ्ना पाठकहरूका लागि सिफारिस गर्नेछ।
- बुद्धि विवेक प्रयोग गर्न आह्वान गर्छ।
- मामिलाहरूमा ईमानको निशानी समावेश गर्ने आदेश।
- अल्लाहद्वारा अवतरित अन्तिम ग्रन्थ।
- आत्मालाई राम्रो प्रभाव पार्ने शब्दहरूको प्रयोग।
- नबी मुहम्मद ﷺ माथि अवतरण भएको।

कुर्आनको विशेषता

कुर्आनको श्रेष्ठता

# पवित्र ग्रन्थ कुर्आन

### कुर्आनका सूरहहरूको सङ्ख्या

११४ सूरहहरू

### यसको चमत्कार

अरबका काफिर (अवज्ञाकारी) हरूले कुर्आनलाई अस्वीकार गरे त अल्लाहले तिनिहरूलाई सबै मिलेर यस्तै कुर्आन बनाएर ल्याउन चुनौती दिनुभयो, बनाउन नसकेपछि एउटा सूरह बनाएर ल्याउ भन्नुभयो, यो पनि नसकेपछि दश वटा आयत नै बनाएर ल्याउ भन्नुभयो, तर तिनिहरूले यो पनि गर्न सकेनन्।



### यसको भाषा

अल्लाहले यसलाई अरबी भाषामा अवतरण गर्नुभएको छ।

### यसको श्रोत

अल्लाहले जिब्रील नामको फरिश्ताको माध्यमले मुहम्मद ﷺ माथि अवतरण गर्नुभएको हो।

### यसका आयत (श्लोकहरू) को सङ्ख्या

६२३६ आयतहरू

### अवतरण अवधि

अल्लाहले २३ वर्षको अवधिमा अलग-अलग समयमा पवित्र शहर मक्का, मदीनामा र तिनका आसपासका ठाउँहरूमा अवतरण गर्नुभएको हो।

### यसका अन्य नामहरू

कुर्आन, किताब, फुर्कान, जिक्र आदि लगायत अन्य पनि यसका नामहरू छन्।

### कुर्आनका मुख्य विषयहरू

**पवित्र ग्रन्थ कुर्आनमा उल्लेख गरिएका सबैभन्दा महत्त्वपूर्ण विषयहरू निम्नलिखित छन्-**

- अल्लाहको एकत्व (तौहीद) को स्वीकार र उहाँसँग अरू कसैलाई साझेदार गराउने कार्य (शिर्क) को इन्कारबारे चर्चा।
- ब्रह्माण्डको बारेमा चर्चा, जसले ब्रह्माण्डको सृष्टिकर्ता भएको पुष्टि गर्छ र महान् श्रष्टा बिना यो यसले पूर्णता पाउन सक्दैन भन्ने कुराको सङ्केत गर्छ।
- शिक्षा र उपदेशले भरिएका कुर्आनका कथा एवम् घटनाहरू।
- मृत्युपछि मानिसहरूलाई पुनः जीवित गरिने र तिनीहरूको कर्म अनुसार तिनलाई प्रतिफल दिइने कुराको चर्चा।
- ईमानवालाहरूको लागि शिक्षा, विधिविधान र नियम कानुन।

## मूल्याङ्कन प्रश्नहरू

१ कुर्आनले विभिन्न समस्याहरूमा दिमागलाई तर्कसङ्गत कुराहरूद्वारा सम्बोधन गर्छ।

◯ सही ◯ गलत

२ अल्लाहले पवित्र ग्रन्थ कुर्आन किन अवतरण गर्नुभयो ?

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

३ "alnaba.ws" वेबसाइटमा जानुहोस् र यसमा रहेका केही चमत्कारहरू उल्लेख गर्दै कुर्आनको सत्यता र प्रामाणिकतालाई सङ्केत गर्ने तर्कहरू प्रस्तुत गर्नुहोस्।

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

४ अल्लाहले कुर्आन अवतरण गर्नुभयो:

◯ (क) सबै सन्देश वाहकहरूमाथि ◯ (ख) मुहम्मद ﷺ माथि



## दोस्रो पाठ

# साना सूरहहरूको व्याख्या

### प्रस्तावना

सूरतुल्-फातिहा कुर्आनको सबैभन्दा महान् सूरह हो । अल्लाहको रसूल ﷺ ले कैयौँ हदीसहरूमा यसको महानता र श्रेष्ठताबारे बताउनुभएको छ । यो यस्तो सूरह हो जसलाई हरेक मुस्लिमले हृदयमा कण्ठस्थ गर्नुपर्छ । किनभने यो एकमात्र सूरह हो जसलाई प्रत्येक नमाजमा अनिवार्य रूपमा पढ्नुपर्छ । यस पाठमा हामीले यस सूरहलाई कण्ठस्थ गर्नेछौं र यसका आयतहरूको अर्थ सिक्ने छौं । यसैगरी यस पाठमा हामीले महान् अर्थहरू बोकेका कुर्आनका अन्य केही साना सूरहहरूको अर्थ पनि सिक्ने छौं ।

## सूरतुल्-फातिहा

सूरहको अर्थ:

﴿بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ﴾ (الفاتحة: 1)

**(बिस्मिल्ला-हिर्रमा-निर्रहीम):** अल्लाहको नाम लिएर कुर्आन पढ्न सुरु गर्छु, उहाँसँग मद्दत माग्छु, उहाँ नै वास्तविक उपासनाको योग्य हुनुहुन्छ । अर्रहमान र अर्रहीम दुबै उहाँका दयालु विशेषता हुन् । अर्रहमान विशेषताले सम्पूर्ण प्राणीहरूलाई समेटेको छ, जसमा उहाँले सबै प्राणीहरूलाई दया एवम् कृपा गर्नुहुन्छ । अर्रहीम उहाँका मोमिन (आज्ञाकारी) भक्तहरूको लागि विशेष दया र कृपा हो ।

﴿الْحَمْدُ لِلَّهِ رَبِّ الْعَالَمِينَ﴾ (الفاتحة: 2)

**(अल्हम्दु लिल्लाहि रब्बिल्-आलमीन):** अल्लाहका सबै विशेषताहरूका साथ र सबै प्राणीहरूमा उहाँको अनुग्रहको साथ उहाँको प्रशंसा छ । उहाँ मात्र सबै किसिमका प्रशंसाको योग्य हुनुहुन्छ, किनभने उहाँ नै सबै प्राणीहरूका पालनकर्ता हुनुहुन्छ । उहाँले बिना अस्तित्व शून्यताबाट सृष्टि गर्नुभयो । उहाँ नै उनीहरूका अवस्था र मामिलाहरूको सुधारकर्ता हुनुहुन्छ ।



﴿ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ﴾ (الفاتحة: 3)

**(अर्रहमानिर्रहीम):** अर्रहमान, उहाँको यस दयाले सामान्यतया सम्पूर्ण प्राणीहरूलाई समेटेको छ भने अर्रहीमले उहाँका खास आज्ञा कारी (मोमिन) भक्तहरूलाई मात्र समेटेको छ ।



अर-रहमान: उहाँका सबै प्राणीहरूको लागि ।



अर-राहिम: विशेष गरी आस्थावानहरूका लागि ।

﴿مَٰلِكِ يَوۡمِ ٱلدِّينِ﴾ (الفاتحة: 4)

**(मालिकि यौमिद्दीन):** कर्महरूको हिसाब-किताब गरेर त्यसको बदला दिइने दिन, कयामतको दिनको मालिक र न्याय तथा अन्यायको फैसलाकर्ता हुनुहुन्छ ।

﴿إِيَّاكَ نَعۡبُدُ وَإِيَّاكَ نَسۡتَعِينُ﴾ (الفاتحة: 5)

**(इय्याक नअ्बुदु व इय्याक नस्तईन):** हे हाम्रो पालनकर्ता हामीले तपाईंकै उपासना गर्छौं र आफ्ना हरेक मामिलाहरूमा तपाईंसँग मात्रै मद्दत माग्छौं, किनभने सबै मामिलाहरू तपाईंकै हातमा छन् ।

﴿ٱهۡدِنَا ٱلصِّرَٰطَ ٱلۡمُسۡتَقِيمَ﴾ (الفاتحة: 6)

**(इह्-दिनस्-सिरातल् मुस्तकीम):** हे अल्लाह ! हामीलाई सीधा मार्गमा डोर्याउनुहोस्, तपाईंसँग भेट हुने बेलासम्म हामीलाई सीधा मार्गमै अडिग राख्नुहोस् । त्यो सीधा मार्ग इस्लाम हो, जो स्पष्ट छ र जसले तपाईंको प्रसन्नता र जन्नततिर तिर डोर्याउँछ ।

﴿صِرَٰطَ ٱلَّذِينَ أَنۡعَمۡتَ عَلَيۡهِمۡ غَيۡرِ ٱلۡمَغۡضُوبِ عَلَيۡهِمۡ وَلَا ٱلضَّآلِّينَ﴾ (الفاتحة: 7)

**(सिरातल् लजिन अन्-अम्त अलैहिम गैरिल मग्दूबी अलैहिम वलद्दाल्लीन):** त्यस्तो मार्गमा हिँडाउनुस्, जुन मार्गमा तपाईंले नबीहरू र उनका सहयोगी साथीहरू एवम् समर्थकहरूलाई मार्गदर्शन गर्नुभएको थियो, अनि कृपा र वरदान प्रदान गर्नुभएको थियो । किनभने तिनीहरू नै सत्य मार्गमा थिए र वास्तविक ईमानवाला थिए ।

हामीलाई तिनीहरूको मार्गबाट टाढा राख्नुहोस्, जससँग तपाईं क्रोधित हुनुभयो । किनभने तिनिहरूले सत्यलाई चिन्थे तर त्यस अनुसार चल्दैनथे र कर्म गर्दैनथे । अनि पथ-भ्रष्टहरूको मार्गबाट पनि टाढा राख्नुहोस्, जो आफ्नो अज्ञानताको कारण सीधा मार्गतिर मार्गदर्शन पाउन सकेनन् ।

## छलफल गर्नुहोस्

सूरतुल्-फातिहा कण्ठ (हिफ्ज) गर्ने विशेष माध्यम के हो ?

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

## सूरतुल्-इख्लास:

**सूरहको अर्थ:**




﴿قُلْ هُوَ ٱللَّهُ أَحَدٌ﴾ (الإخلاص: 1)

**(कुल् हुवल्लाहु अहद):** हे सन्देश वाहक ! जसले तपाईंको पालनकर्ता अल्लाहको विशेषताको बारेमा सोध्छन्, तिनलाई भनिदिनुस्- अल्लाह आफ्नो रुबूबियत (प्रभुत्व) मा, उलूहियत (उपासना) मा र आफ्ना विशेषताहरूमा एक्लो हुनुहुन्छ, अनि उहाँ बाहेक कोही  सत्य पूज्य छैन ।

﴿ٱللَّهُ ٱلصَّمَدُ﴾ (الإخلاص: 2)

**(अल्लाहुस्-समद):** अल्लाह आफ्ना गुण र विशेषताहरूमा परिपूर्ण हुनुहन्छ, सृष्टिका सबै प्राणीले आफ्ना आवश्यकताहरू पुरा गर्न उहाँलाई नै पुकार्छन्, उहाँसँग कुनै कुराको कमी छैन र कसैसँग माग्नुपर्ने आवश्यकता छैन ।

﴿لَمْ يَلِدْ وَلَمْ يُولَدْ﴾ (الإخلاص: 3)

**(लम् यलिद् वलम् यूलद):** उहाँको कुनै परिवार छैन, न पत्नी छन्, न छोरा छन्, न छोरी छन्, न बुवा आमा छन् ।

﴿وَلَمْ يَكُن لَّهُۥ كُفُوًا أَحَدٌۢ﴾ (الإخلاص: 4)

**(वलम् यकुल्लहु कुफुवन् अहद):** पुरै ब्रह्माण्डमा उहाँ जस्तो कोही छैन, न व्यक्तित्वमा, न जातमा, न नाम र विशेषताहरूमा, न कामहरूमा ।

## सूरतुल्-फलक:

**सूरहको अर्थ:**




﴿قُلْ أَعُوذُ بِرَبِّ ٱلْفَلَقِ﴾ (الفلق: 1)

**(कुल् अऊजो बिरब्बिल् फलक):** हे रसूल ! भन्नुहोस्- म बिहानको मालिक (अल्लाह) को शरण लिन्छु र उहाँसँग सुरक्षा माग्छु ।

﴿مِن شَرِّ مَا خَلَقَ﴾ (الفلق: 2)

**(मिन् शर्रिमा खलक):** उहाँले सृष्टि गरेका देखिने र नदेखिने प्रत्येक किसिमका प्राणीहरूको दुष्टताबाट ।

﴿وَمِن شَرِّ غَاسِقٍ إِذَا وَقَبَ﴾ (الفلق: 3)

**(वमिन् शर्रि गासेकिन् इजा वकब):** अनि रातको अँध्यारोमा बाहिर निस्कने जनावरहरू र हानिकारक चीजहरूको दुष्टताबाट पनि म अल्लाहको शरण पर्छु र सुरक्षा माग्छु ।



अल-फलक: बिहानको उदय



अल्-गसक: रातको घोर अन्धकार

﴿ وَمِن شَرِّ ٱلنَّفَّٰثَٰتِ فِي ٱلۡعُقَدِ ﴾ (الفلق: 4)

**(वमिन् शर्रिन्-नफ्फासाते फिल् ओकद):** अनि म जादूको अभ्यास गर्न गाँठोमा झारफुक गर्नेहरूको दुष्टताबाट पनि उहाँको शरण पर्छु र उहाँसँग सुरक्षा माग्छु ।

﴿ وَمِن شَرِّ حَاسِدٍ إِذَا حَسَدَ ﴾ (الفلق: 5)

**(वमिन् शर्रि हासेदिन् इजा हसद):** अनि म ईर्ष्या र डाह गर्नेको ईर्ष्याको दुष्टताबाट पनि उहाँको शरण पर्छु र सुक्षा माग्छु ।

## सूरतुन्-नास

**सूरहको अर्थ:**


سُورَةُ النَّاسِ
بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ
قُلۡ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ ١ مَلِكِ ٱلنَّاسِ ٢ إِلَٰهِ
ٱلنَّاسِ ٣ مِن شَرِّ ٱلۡوَسۡوَاسِ ٱلۡخَنَّاسِ ٤ ٱلَّذِي
يُوَسۡوِسُ فِي صُدُورِ ٱلنَّاسِ ٥
مِنَ ٱلۡجِنَّةِ وَٱلنَّاسِ ٦

﴿ قُلۡ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ ﴾ (الناس: 1)

**(कुल् अऊजो बिरब्बिन्-नास):** हे रसूल ! भन्नुहोस्– म मानिसहरूका पालनकर्ता अल्लाहको शरण र सुरक्षा माग्दछु, जो हरेक कुरामा सामर्थ्यवान हुनुहुन्छ ।

﴿ مَلِكِ ٱلنَّاسِ ﴾ (الناس: 2)

**(मलिकिन्नास):** उहाँ मानिसहरूका मालिक हुनुहुन्छ र उनीहरूका सबै मामिलाहरूका व्यवस्थापक तथा दाता ।

﴿ إِلَٰهِ ٱلنَّاسِ ﴾ (الناس: 3)

**(इलाहिन्-नास):** उहाँ उनीहरूका वास्तविक उपास्य हुनुहुन्छ । उहाँ बाहेक उनीहरूको अरू कोही वास्तविक उपास्य छैन ।

﴿ مِن شَرِّ ٱلۡوَسۡوَاسِ ٱلۡخَنَّاسِ ﴾ (الناس: 4)

**(मिन् शर्रिल् वस्वासिल्- खन्नास्):** शैतानको दुष्टताबाट जो मानिसहरूलाई बहकाउँछ जब उनीहरू अल्लाहको जिक्र तथा स्तुतिलाई बिर्सन्छन्, तर जब उहाँलाई स्मरण गर्छन् त शैतान उनीहरूबाट भाग्छ ।

﴿ ٱلَّذِي يُوَسۡوِسُ فِي صُدُورِ ٱلنَّاسِ ﴾ (الناس: 5)

**(अल्लजी युवस्वेसो फी सुदूरिन्-नास):** उसले मानिसहरूको हृदयमा खराब विचारहरू फैलाउँछ अनि उनीहरूको भावना र विचारहरूसँग खेलबाड गर्छ ।

﴿ مِنَ ٱلۡجِنَّةِ وَٱلنَّاسِ ﴾ (الناس: 6)

**(मिनल्- जिन्नति वन्नास):** त्यो दुष्ट मानिस र जिन्न दुबै मध्येको हुन्छ ।

## सूरतुल्-काफिरून

**सूरहको अर्थ:**


سُورَةُ الكَافِرُونَ
بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ
قُلۡ يَٰٓأَيُّهَا ٱلۡكَٰفِرُونَ ١ لَآ أَعۡبُدُ مَا تَعۡبُدُونَ ٢
وَلَآ أَنتُمۡ عَٰبِدُونَ مَآ أَعۡبُدُ ٣ وَلَآ أَنَا۠ عَابِدٞ مَّا عَبَدتُّمۡ ٤
وَلَآ أَنتُمۡ عَٰبِدُونَ مَآ أَعۡبُدُ ٥ لَكُمۡ دِينُكُمۡ وَلِيَ دِينِ ٦

﴿قُلۡ يَٰٓأَيُّهَا ٱلۡكَٰفِرُونَ﴾ (الكافرون: 1)

**(कुल् या अय्युहल् काफिरून):** हे रसूल ! अल्लाह र रसूललाई इन्कार गर्ने काफिर (अवज्ञाकारी) हरूलाई भन्नुहोस्: हे अल्लाहका इन्कारी तथा अवज्ञाकारीहरू !

﴿لَآ أَعۡبُدُ مَا تَعۡبُدُونَ﴾(الكافرون: 2)

**(ला आअ्बुदु मा तअ्बुदून):** मैले निर्जीव मूर्तिहरू र वस्तुहरू जस्ता असत्य पूज्यहरूको उपासना गर्दिन, जसलाई तिमीहरूले उपासना गरिरहेका छौ ।

﴿وَلَآ أَنتُمۡ عَٰبِدُونَ مَآ أَعۡبُدُ﴾ (الكافرون: 3)

**(वला अन्तुम आबेदून मा आअ्बुद):** न तिमीहरूले मैले उपासना गर्ने सत्य पूज्य अल्लाहको उपासना गर्छौ, जो वास्तवमै उपासना र भक्तिको योग्य हुनुहुन्छ।

काफिर: काफिर भनेको त्यो व्यक्ति हो जसले एकेश्वरवादको मान्यतालाई पालन गर्दैन, सत्यतालाई इन्कार गर्छ, लुकाउँछ र पैगम्बर मुहम्मद ﷺ को उपदेशलाई पालन गर्दैन।

﴿وَلَآ أَنَا۠ عَابِدٞ مَّا عَبَدتُّمۡ﴾ (الكافرون: 4)

**(वला अना आबेदुम्-मा अबद्तुम):** न त तिमीहरूले पूज्ने असत्य पूज्यहरूलाई म कहिले पूजा गर्नेछु।

﴿وَلَآ أَنتُمۡ عَٰبِدُونَ مَآ أَعۡبُدُ﴾ (الكافرون: 5)

**(वला अन्तुम् आबेदून मा आअ्बुद):** न तिमीहरूले मैले उपासना गर्ने सत्य पूज्यको अल्लाहको उपासना गर्छौ, जो वास्तवमै उपासना र भक्तिको लायक हुनुहुन्छ।

﴿لَكُمۡ دِينُكُمۡ وَلِيَ دِينِ﴾ (الكافرون: 6)

**(लकुम् दीनुकुम् वलियदीन):** तिमीहरूले मान्दै गरेको धर्म तिमीहरूले मान र मैले मान्दै गरेको धर्म म मान्छु।

### छलफल गर्नुहोस्

सूरह अल्-इख्लास र अल्-काफिरूनले कुन विषयमा जोड दिन्छ ?

.........................................................................................

.........................................................................................

.........................................................................................

.........................................................................................

.........................................................................................

.........................................................................................

.........................................................................................

## सूरतुल् कौसर

**सूरहको अर्थः**




﴿إِنَّآ أَعۡطَيۡنَٰكَ ٱلۡكَوۡثَرَ﴾ (الكوثر: 1)

**(इन्ना आअ्तैनाकल् कौसर):** हे रसूल ! हामीले तपाईंलाई धेरै राम्रा चीजहरू प्रदान गरेका छौं, जसको यस संसार र परलोकमा कुनै गणना र सीमा छैन । तीमध्ये जन्नतमा कौसर नामको नदी / कुवा पनि छ ।

﴿فَصَلِّ لِرَبِّكَ وَٱنۡحَرۡ﴾ (الكوثر: 2)

**(फसल्लि लिरब्बिक वन्हर):** त्यसैले शुद्ध हृदयले तन मनको साथ आफ्नो पालनकर्ता अल्लाहमा समर्पित हुनुहोस् र कुनै साझेदार बिना उहाँको मात्र उपासना गर्नुहोस्, बली तथा कुर्बानीमा पनि उहाँको साथ अरू कसैलाई सहभागी नगराउनुहोस् । उहाँले तपाईंलाई जे सम्मान र भलाइ दिनुभयो, त्यसको लागि उहाँलाई धन्यवाद दिनुहोस् ।

शानिअकः शानिअकको अर्थ तपाईंलाई घृणा गर्नेहरू जसले तपाईंलाई मन पराउँदैनन् र तपाईंले ल्याएको धर्मलाई मन पर्दैन ।

﴿إِنَّ شَانِئَكَ هُوَ ٱلۡأَبۡتَرُ﴾ (الكوثر: 3)

**(इन्न शानिअक हुवल् अब्तर):** वास्तवमा, तपाईंसँग रिसाउने र तपाईंलाई घृणा गर्ने व्यक्ति त्यो हो, जो सम्पूर्ण भलाइबाट वञ्चित छ र त्यो बिर्सिएको हो । यदि त्यसलाई याद गरिन्छ भने नराम्रोको लागि मात्र याद गरिन्छ ।

## सूरतुल्-अस्र:

**सूरहको अर्थः**




﴿وَٱلۡعَصۡرِ﴾ (العصر: 1)

**(वल् अस्र):** अल्लाहले परिवर्तन भइरहने समय अथवा जमानाको कसम खानुहुन्छ, जसमा मानिसले राम्रा र नराम्रा कामहरू गरिरहेका हुन्छन् ।

﴿إِنَّ ٱلۡإِنسَٰنَ لَفِي خُسۡرٍ﴾ (العصر: 2)

**(इन्नल् इन्सान लफी खुस्र):** निःसन्देह मानिस घाटा र विनाशमा छ ।

﴿إِلَّا ٱلَّذِينَ ءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ وَتَوَاصَوۡاْ بِٱلۡحَقِّ وَتَوَاصَوۡاْ بِٱلصَّبۡرِ﴾ (العصر: 3)

**(इल्लल्-लजीन आमनु व अमिलुस्-सालेहाति वतवासौ बिल्-हक्कि वतवासौ बिस्सब्र):** तर अल्लाहमाथि ईमान (आस्था) राख्नेहरू, सत्कर्म गर्नेहरू, एक अर्कालाई सत्यमा अडिग रहन उपदेश दिनेहरू र कठिन परिस्थितिमा धैर्य गर्नेहरू घाटामा छैनन् । तसर्थ यी गुण भएकाहरू यस संसारमा र परलोकमा सफल हुनेहरू हुन् ।

# आफ्नो व्यक्तिगत मूल्याङ्कन

| | शैक्षिक लक्ष्य | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | छैन | थोरै | राम्रोसँग | अति राम्रोसँग |
| १ | तपाईंले कुर्आन के हो भनेर व्याख्या गर्न सक्नुहुन्छ? | | | | |
| २ | के तपाईं कुर्आन र जीवन बीचको सम्बन्ध वर्णन गर्न सक्नुहुन्छ? | | | | |
| ३ | के तपाईंलाई थाहा छ अल्लाहले कुर्आनमा सन्देश वाहकहरूका कथाहरू किन बताउनु भयो? | | | | |
| ४ | के तपाईं सूरतुल्-फातिहाको समग्र अर्थ बुझ्नुहुन्छ? | | | | |
| ५ | के तपाईं सूरतुल्-इख्लासको समग्र अर्थ बुझ्नुहुन्छ? | | | | |
| ६ | के तपाईं सूरतुल्-फलकको समग्र अर्थ बुझ्नुहुन्छ? | | | | |
| ७ | के तपाईं सूरतुन्-नासको समग्र अर्थ बुझ्नुहुन्छ? | | | | |
| ८ | के तपाईं सूरतुल्-काफिरूनको समग्र अर्थ बुझ्नुहुन्छ? | | | | |
| ९ | के तपाईं सूरतुल्-कौसरको समग्र अर्थ बुझ्नुहुन्छ? | | | | |
| १० | के तपाईं सूरतुल्-अस्रको समग्र अर्थ बुझ्नुहुन्छ? | | | | |
| ११ | के तपाईं सूरतुल्-फातिहा सही रूपमा पढ्न सक्नुहुन्छ? | | | | |
| १२ | के तपाईंले सूरतुल्-फातिहा कण्ठ गर्नुभएको छ ? | | | | |
| १३ | के तपाईं सूरतुल्-इख्लास सही रूपमा पढ्न सक्नुहुन्छ? | | | | |

| | शैक्षिक लक्ष्य | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | छैन | थोरै | राम्रोसँग | अति राम्रोसँग |
| १४ | के तपाईंले सूरतुल्-इख्लास कण्ठ गर्नुभएको छ ? | | | | |
| १५ | के तपाईं सूरतुल्-फलक सही रूपमा पढ्न सक्नुहुन्छ? | | | | |
| १६ | के तपाईंले सूरतुल्-फलक कण्ठ गर्नुभएको छ ? | | | | |
| १७ | के तपाईं सूरतुन्-नास सही रूपमा पढ्न सक्नुहुन्छ? | | | | |
| १८ | के तपाईंले सूरतुन्-नास कण्ठ गर्नुभएको छ ? | | | | |
| १९ | के तपाईं सूरतुल्-काफिरून सही रूपमा पढ्न सक्नुहुन्छ? | | | | |
| २० | के तपाईंले सूरतुल्-काफिरून कण्ठ गर्नुभएको छ ? | | | | |
| २१ | के तपाईं सूरतुल्-कौसर सही रूपमा पढ्न सक्नुहुन्छ? | | | | |
| २२ | के तपाईंले सूरतुल्-कौसर कण्ठ गर्नुभएको छ ? | | | | |
| २३ | के तपाईं सूरतुल्-अस्र सही रूपमा पढ्न सक्नुहुन्छ? | | | | |
| २४ | के तपाईंले सूरतुल्-अस्र कण्ठ गर्नुभएको छ ? | | | | |
| २५ | के तपाईंले अध्ययन गर्नुभएका सुराहरूको अर्थ बुझ्नुहुन्छ? | | | | |



# तेस्रो एकाइ

# उपासनाहरू







## पाठ एकाइः

१. उपासना (इबादत)
२. पवित्रता (तहारत)
३. वज़ू
४. गुस्ल (स्नान)
५. मुस्लिम महिला सम्बन्धी प्रावधानहरू
६. नमाज
७. जकात
८. रोजा (सौम)
९. हज







# पहिलो पाठ

# उपासना (इबादत)

## प्रस्तावना

मुस्लिमले आफ्नो जीवनमा धेरै उपासनाका कार्यहरू गर्दछ, जसबाट ऊ आफ्नो सृष्टिकर्ता अल्लाह तआलाको नजिक हुन्छ। उपासना भनेको सर्वशक्तिमान् अल्लाहको महिमा गर्नु र उहाँप्रति आफूलाई समर्पण गर्नु हो। मुस्लिमले हृदयदेखि नै जति धेरै अल्लाहको महिमा गर्छ, त्यसको प्रभाव उसको उपासनामा परेको देखिन्छ। सच्चा मुस्लिम त्यो हो जसले आफ्नो सम्पूर्ण जीवनलाई काम, निद्रा, आराम र मनोरञ्जन लगायत सम्पूर्ण मामिलाहरू सहित अल्लाहप्रति समर्पित गर्छ। यसै सम्बन्धमा अल्लाहले भन्नुभएको छ:

﴿قُلْ إِنَّ صَلَاتِي وَنُسُكِي وَمَحْيَايَ وَمَمَاتِي لِلَّهِ رَبِّ الْعَالَمِينَ ﴿١٦٢﴾ لَا شَرِيكَ لَهُ وَبِذَٰلِكَ أُمِرْتُ وَأَنَا أَوَّلُ الْمُسْلِمِينَ﴾

(الأنعام: 162–163)

"भनिदेऊ- निःसन्देह, मेरो नमाज, मेरा उपासनाहरू अनि मेरो जीवन र मृत्यु सबै अल्लाहकै लागि हुन्, जो सम्पूर्ण ब्रह्माण्डका पालन कर्ता हुनुहुन्छ। उहाँको कोही साझेदार छैन र मलाई यही कुराको आदेश भएको छ, तथा म मुस्लिम (आज्ञा पालकहरू) मध्ये पहिलो हुँ।" (सूरतुल्-अनआम: ६/ १६२, १६३)

यस पाठमा हामीले उपासनाको अर्थ, यसका प्रकारहरू र स्वीकार हुनका लागि सर्तहरू अनि तिनका दर्जाहरूको बारेमा जानकारी हासिल गर्नेछौं।

## उपासनाको अर्थ:

उपासना: उपासना भनेको मुस्लिमले अल्लाहसँग नजिक हुनको लागि उहाँले निर्धारित गरेका कार्यहरू हुन्। यसमा अल्लाहले मन पराउनुहुने सबै कार्य र भनाइहरू पर्छन्, चाहे ती स्पष्ट अथवा बाहिरी रूपमा देखिने होऊन् वा अदृश्य तथा भित्री आत्माका काम कुराहरू होऊन्। बाहिरी देखिने उपासनाहरू, जस्तै- नमाज, हज, जकात आदि हुन् भने नदेखिने अदृश्य उपासनाहरू, जस्तै- अल्लाह प्रतिको प्रेम, भय, आशा श्रद्धा र हृदयका अन्य कार्यहरू। कुनैपनि भक्तले राम्रो नियत राखेर आफ्नो बानीलाई पनि उपासनामा परिणत गर्न सक्छ। यदि उसले खाने, पिउने, सुत्ने र मेलजोल तथा कुराकानी जस्ता बानीलाई अल्लाहको प्रसन्नताको लागि उहाँको आदेश बमोजिम गर्छ भने त्यो उसको उपासना मानिन्छ र उसले त्यसको पनि इनाम पाउनेछ।

## उपासनाका किसिमहरू:

**उपासनाहरू निम्न प्रकारका छन्:**



**आत्मिक उपासनाहरू**

**मुस्लिमले हृदयले गर्ने उपासनाहरू, जस्तै- प्रेम, भय, आशा, श्रद्धा इत्यादि।**

> रजा (आशा)- अल्लाहमाथि भरोसा गर्नु, उहाँबाट केही पाउने चाहनामा कोसिस गर्नु र उहाँको दया, कृपा र अनुग्रहमा खुसी हुनु।
>
> खुशुअ (श्रद्धा)- त्यस्तो अवस्था जसमा आत्मिक शान्ति होस् र उपासनाको समयमा कत्तिपनि विचलित नहोस्। उदाहरणको लागि नमाज, खुशुअ (श्रद्धा) को प्रभाव नमाज पढ्दा त्यसको स्थिरतामा देखिन्छ।



**शारीरिक उपासनाहरू**

**मुस्लिमले बाह्य शरीरले गर्ने उपासनाहरू, जस्तै- नमाज, जकात, हज इत्यादि ।**



**छोड्ने अथवा बच्नुपर्ने कार्यमा उपासनाहरू**

**मुस्लिमले आफ्नो लागि निषेध गरिएका चीजहरू त्याग गर्दा आफ्नो पालनकर्ता अल्लाहको नजिक हुनजान्छ। जस्तै- रक्सी र व्यभिचारबाट टाढा रहनु, वा कुनै विशेष समयमा केही अनुमति योग्य चीजहरूबाट अलग रहनु; जस्तै- रोजाको समयमा खानपान नगर्नु।**

## उपासना स्वीकार हुने सर्तहरू:

**उपासनाहरू स्वीकार हुनका लागि दुईवटा सर्तहरू अनिवार्य छन्, ती हुन्-**

**पहिलो:** उपासना अल्लाहको लागि मात्रै खास गर्नु (इख्लास लिल्लाह)। जसमा मुस्लिमले सिर्फ अल्लाहको प्रसन्नताको लागि उहाँको निकटता हासिल गर्ने उद्देश्यले शिर्क र "रियाकारी" (देखावटी) बिना आफ्ना उपासनाका कार्यहरू गर्नुपर्छ।

> रियाकारी (देखावटी)- जब मुस्लिमले उपासनाका कुनैपनि कार्य गर्दा मानिसहरूले उसको उपासना देख्नेछन् र उसको प्रशंसा गर्नेछन् भन्ने मनसायले उपासना गर्छ, त त्यो उपासनामा रिया अथवा देखावटीपन र कपट हुन्छ।

**दोस्रो:** अल्लाहको आदेश तथा उहाँले निर्धारित गरे अनुसार र नबी मुहम्मद ﷺ को तरिका अनुसार उपासना गर्नुपर्छ।

## छलफल गर्नुहोस्



अल्लाहको उपासना त्यागेर मुनाफिक (कपटी) ले के गुमाउँछ ?

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

## उपासनाका दर्जाहरू

**उपासनाहरू विभिन्न स्तरका छन्, ती हुन्-**

- प्रत्येक मुस्लिमको लागि अनिवार्य उपासनाहरू; जस्तै- नमाज।
- केही मुस्लिमहरूका लागि मात्र अनिवार्य उपासनाहरू; जस्तै- जकात। जकात धनीहरूको लागि मात्र अनिवार्य छ, गरिबहरूको लागि अनिवार्य छैन।
- मुस्तहब अथवा अनिवार्य गर्नु नै पर्छ भन्ने त छैन तर गरेमा उत्तम हुने उपासनाहरू; जस्तै- दुआहरू, अज्कार, नफिल नमाज, नफिल रोजा र केही सुन्नत कार्यहरू।

### अभ्यास

**निम्न लिखित उपासनाका अलग-अलग कार्यहरूलाई इस्लाममा यसको स्तर अनुसार उपयुक्त श्रेणीमा राख्नुहोस्:**

- अस्रको नमाज
- बिहानका अज्कार
- बुवा-आमाको साथ राम्रो व्यवहार
- हज
- रोजा रमजान महिनाको
- जकात

**प्रत्येक मुस्लिमको लागि अनिवार्य:**

**केही मुस्लिमहरूका लागि अनिवार्य:**

**मुस्तहब (उत्तम) तर अनिवार्य छैनन्:**

## मूल्याङ्कन प्रश्नहरू

१ मैले किन आफूलाई अल्लाहप्रति समर्पण गरुँ ? (Why do I surrender to Allah) विषयको यो भिडियो क्लिप हेरेर एउटा मुस्लिमले आफूलाई केवल एकमात्र सत्य ईश्वर अल्लाहको इच्छामा पूर्ण समर्पण गरी उहाँले दिएका आदेशहरूको पालना गर्दा के प्रतिफल प्राप्त गर्छ ? लेख्नुहोस् ।

भिडियो हेर्न यो बारकोड स्क्यान गर्नुहोस् ।

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

२ सत्कर्महरू स्वीकार हुनका लागि कर्महरू अल्लाहको लागि खास हुनुपर्छ र उहाँले निर्धारण गरेको नियम अनुसार हुनुपर्छ ।

◯ सही ◯ गलत



## दोस्रो पाठ

# पवित्रता (तहारत)

### प्रस्तावना

इस्लाम शुद्धता र सरसफाइको धर्म तथा जीवन व्यवस्था हो। मुस्लिमले आफ्नो व्यक्तिगत सरसफाइको विशेष ख्याल गर्नुपर्छ भन्ने कुरामा यसले जोड दिन्छ। इस्लामले सरसफाइको मामिलालाई धर्मको एक अभिन्न अङ्ग तथा अनिवार्य कार्यहरूमध्ये एक बनाएको छ र धेरैजसो उपासनाहरूका वैधतालाई मुस्लिमको पवित्रताको अनिवार्यतासँग जोडेको छ। पवित्रता आस्थावान् (मोमिन) का विशेषताहरू मध्येको एक हो। यस पाठमा हामी पवित्रता (तहारत) को अर्थ, यसका प्रकारहरू र यससँग सम्बन्धित केही प्रावधानहरूको बारेमा सिक्ने छौं।

### पवित्रताको अर्थः

**पवित्रता (तहारत)**

**अल्लाहको उपासना गर्न**

यसको उद्देश्य अल्लाहको आज्ञा पालन गर्नु र उहाँको निकटता हासिल गर्नु हो।

**अपवित्रता हटाउन**

शरीरलाई सफा गरी उपासनाको लागि अपवित्रताबाट शरई रूपले पवित्र हुन। जस्तै- सानो अपवित्रताबाट पवित्र हुनु, वजू गर्नु, ठूलो अपवित्रताबाट पवित्र हुनु स्नान गर्नु।

**फोहोर चीजहरू सफा गर्न**

अपवित्र चीजहरूलाई हटाउन। जस्तै- दिसा, पिसाब लगायत लुगामा लागेको फोहोर वा नमाज पढ्ने ठाउँमा भएको फोहोर चीजहरू, आदि।

अधिक जानकारीको लागि

पवित्रताको तरिका तथा प्रावधानको बारेमा अधिक जानकारीको लागि "इस्लाममा पवित्रता" पुस्तक पढ्नुहोस्। "Osoulstore.com" मा विभिन्न अन्तर्राष्ट्रिय भाषाहरूमा उपलब्ध छ।

पुस्तक डाउनलोड गर्न यो बारकोड स्क्यान गर्नुहोस्।

## पवित्रता (तहारत) का किसिमहरू

**पवित्रतालाई दुई किसिममा विभाजन गरिएको छः**

### हिस्सी (जाहिरी) पवित्रता

बाहिरी पवित्रता भनेको बाहिरी रूपमा देखिने फोहर तथा अशुद्धतालाई सफा गर्नु र उपासनाको लागि रोकावट बन्ने चीजहरू हटाउनु हो। यो शरीरको केही भाग धोएर वा पुरै शरीर धोएर गरिन्छ।

### मआनवी (भित्री) पवित्रता

भित्री तथा आत्मिक पवित्रताको अर्थ वजू वा वजू सहितको गुस्ल गर्नु हो, ताकि नमाज पढ्न सकियोस्। त्यसैगरी बहुदेववाद तथा शिर्कबाट हृदयको शुद्धता, निफाक, कपट, घृणा तथा हृदयका रोगहरूबाट पवित्रता यो पनि शरीरको पवित्रता जत्तिकै महत्त्वपूर्ण छ। किनभने शिर्कको अशुद्धता भएको समयमा शरीरलाई भित्री रूपमा पवित्र गर्न सकिँदैन। अल्लाहले भन्नुभएको छः ﴿يَا أَيُّهَا الَّذِينَ آمَنُوا إِنَّمَا الْمُشْرِكُونَ نَجَسٌ﴾ (التوبة: 28)

हे ईमानवालाहरू! निःसन्देह मुश्रिकहरू अपवित्र छन्। (सूरतुत्तौबाः ९/२८)



वजूः वजू भन्नाले पवित्र हुने नियतले शरीरका केही भागहरू पानीले धुनु हो।

हिस्सी (जाहिरी) पवित्रता वजू वा स्नान गरेर मात्र हुन्छ।



स्नानः स्नान / गुस्ल भन्नाले पवित्र हुने नियतले पुरै शरीरलाई पानीले धुनु।



पवित्रताको लागि शुद्ध पानी प्रयोग गरिन्छ। जस्तै- समुद्रको पानी, खोलाको पानी, इनारको पानी वा कुनै अशुद्ध चीजहरू नमिसिएको पोखरी, तथा सङ्कलन गरेर राखिएको पानी।

## पवित्रता सम्बन्धी प्रावधानहरू (एहकाम)

- कुनै पनि चीजलाई मूलतः पवित्र नै मानिन्छ, इस्लामिक शरीअतले अपवित्र भनी स्पष्ट हुकुम दिएको बाहेक अन्य कुरालाई अपवित्र मानिँदैन ।
- शरीर वा कपडाको अशुद्धतालाई पानी वा कुनै केमिकल प्रयोग गरेर सफा गर्नु पर्याप्त हुन्छ ।
- शौचालय गएपछि (दिसा वा पिसाब गरेपछि) दिसा पिसाबको द्वारलाई पानीले सफा गर्नु सबैभन्दा उत्तम हो । यदि पानी उपलब्ध छैन भने, टिस्यु पेपर, माटोको डल्लो वा यस्तै अन्य सरसफाइ गर्ने वस्तु प्रयोग गरेर पनि सफा गर्न सकिन्छ ।

### छलफल गर्नुहोस्

मुस्लिमलाई पवित्रता र व्यक्तिगत सरसफाइको आवश्यकतामा जोड दिइएको कुराले के सङ्केत गर्छ ?

## मूल्याङ्कन प्रश्नहरू

सही उत्तर चयन गर्नुहोस् ।

१ पवित्रताको अर्थ हो:

- क) उपासनाको लागि शरीर पवित्र हुनु ।
- ख) लुगा तथा स्थानबाट फोहोरहरू हटाउनु ।
- ग) उपर्युक्त दुबै कुराहरू ।

२ पानीले पुरै शरीरलाई धुने कामलाई भनिन्छ:

- क) वजू
- ख) गुस्ल (स्नान)
- ग) तयम्मुम

३ सामान्यतया पवित्रताका दुई किसिमहरू छन्, ती हुन्-

- क) बाह्य पवित्रता (हिस्सि तहारत) र भित्री पवित्रता (मआनवी तहारत)।
- ख) वजू र तयम्मुम ।
- ग) स्नान र केही अङ्गहरू धुनु ।



## तेस्रो पाठ

# वजू

### प्रस्तावना

इस्लामको सबैभन्दा महत्त्वपूर्ण एवम् ठूलो उपासना "नमाज" सँग वजूको अटुट सम्बन्ध भएकोले यो अत्यन्तै महत्त्वपूर्ण मानिन्छ। तसर्थ प्रत्येक मुस्लिमले वजूको सही तरिकाबारे सिक्नु र व्यवहारिक रूपमा अदा गर्न जान्नु अति आवश्यक छ। यस पाठमा हामीले वजूको अर्थ, यसको आवश्यकताका कारणहरू, साधारणतया मानिसहरूबाट यसमा हुने गल्ती र यसको सही तरिकाको बारेमा जानकारी हासिल गर्नेछौं।

### वजूको अर्थ:

वजू: उपासनाको लागि पवित्र हुने नियतले पुरै अनुहार, दुबै हातहरू धुने अनि टाउकोको मसह र दुबै खुट्टाहरूलाई विशेष तरिकाले धुने कार्यलाई वजू भनिन्छ।

### वजू आवश्यक पर्ने कार्यहरू-

वजू आवश्यक पर्ने कार्यहरू ती हुन्, जसलाई गर्दा वजू हुनु जरुरी छ। यदि कुनै व्यक्ति हदस (अपवित्र) भएको छ भने यस्तो अवस्थामा उपासनाका निम्नलिखित कार्यहरू गर्नु मनाही छ -

अपवित्रता (हदस): हदस भनेको त्यस्तो चीज हो जुन अर्थपूर्ण हुन्छ, यसबाट पवित्र नभएसम्म मानिसलाई नमाज लगायत अन्य केही प्रार्थना गर्नबाट रोक्छ। यो अन्य अपवित्र चीजहरू जस्तो अशुद्ध चीज भने होइन। यसलाई दुई भागमा विभाजन गरिएको छ: सानो अपवित्रता र ठूलो अपवित्रता। सानोबाट पवित्र हुन वजू गर्नुपर्छ भने ठूलोबाट पवित्र हुन स्नान गर्नुपर्छ।



१ नमाज



२ काबाको तवाफ (परिक्रमा)



३ कुर्आनलाई छुन

## वजू कसरी गर्ने ?

कुनै पनि मुस्लिमले वजू गर्दा निम्नलिखित कामहरू क्रमबद्ध रूपमा गर्नुपर्छः



१

सबैभन्दा पहिले हृदयमा वजू गर्ने नियत गर्दै बिस्मिल्लाह भन्नुपर्छ ।



२

त्यसपछि दायाँ हातबाट सुरु गरेर दुबै हातहरू नाडीसम्म धुनुपर्छ ।



३

त्यसपछि दायाँ हातमा पानी लिई मुखमा हालेर मुखको चारैतिर घुमाएर थुक्नुपर्छ, अथवा कुल्ला गर्नुपर्छ ।



४

त्यसपछि दायाँ हातले नाकमा पानी चढाएर श्वासले माथितिर तानेर पुनः बायाँ हातले नाक झार्नुपर्छ ।



५

त्यसपछि पुरै अनुहार निधारको माथिल्लो भाग कपालको रेखादेखि तल चिउँडोसम्म र दाह्रीको केश छ भने यसको किनारादेखि दुबै कानसम्म धुनुपर्छ ।



६

त्यसपछि पहिले दायाँ अनि बायाँ हात औँलाका टुप्पादेखि कुहिनाको जोडसम्म धुनुपर्छ ।



७

त्यसपछि दुबै हातलाई पानीमा भिजाएर, दुबै हातले एकसाथ टाउकोको अघिल्लो भागदेखि पछिल्लो भाग (गर्धन) सम्म पुछदै लगेर पुनः फर्काएर अघिल्लो भागसम्म ल्याउनुपर्छ, यसलाई टाउकोको मसह भनिन्छ ।



८

त्यसपछि दुबै हातका तर्जनी (चोर) औँलाले दुबै कानका भित्री भाग र बुढी औँलाले कानको पछिल्लो भाग पुछ्नुपर्छ, यसलाई कानको मसह भनिन्छ ।



९

अन्त्यमा दुबै खुट्टालाई पहिले दायाँ अनि बायाँ, औँलाका काप र गोलीगाँठोसम्म भिज्ने गरी धुनुपर्छ ।

## वजूका अङ्गहरू कति-कति पटक धुने त:

वजू गर्दा टाउको र कानको मसहलाई एक-एक पटक र त्यस बाहेक प्रत्येक अङ्गहरूलाई तीन-तीन पटक धुनुपर्छ। यही उत्तम तरिका हो। एक-एक पटक धुँदा पनि वजू मान्य हुन्छ तर सबै अङ्गहरू राम्रोसँग भिज्नेगरी धुनुपर्छ।

## वजू तोड्ने अथवा भङ्ग गर्ने चीजहरू:

**निम्नलिखित चार चीजहरूमध्ये कुनै एक भएमा वजू भङ्ग हुन्छ:**

- दिसा-पिसाब आउने अङ्गहरूबाट दिसा-पिसाब वा अन्य कुनैपनि चीज निस्किएमा। जस्तै- हावा (पाद), दिसा, पिसाब, वीर्य आदि।
- सुतेमा वा नशा लागेमा।
- कुनै वस्तुको पर्दा बिना हातले गुप्ताङ्ग छोएमा।
- ऊँटको मासु खाएमा।

अधिक जानकारीको लागि

**वजू गर्ने तरिकाबारे जानकारीको लागि "Osoul Center" द्वारा तयार गरिएको यो भिडियो हेर्नुहोस्।**

भिडियो हेर्न यो बारकोड स्क्यान गर्नुहोस्।

## छलफल गर्नुहोस्



वजूको तरिका सिक्न र यसलाई सही तरिकाले लागू गर्न मद्दत गर्ने विधिहरू के-के हुन्?

## वजू कहिले पुनः बनाउनुपर्छ ?

साधारणतया वजूको सिद्धान्त यो हो कि वजू नटुटेसम्म वजू बाँकी नै रहन्छ। जबसम्म माथि बयान गरिएका वजू भङ्ग गर्ने कार्यहरू हुँदैनन् तबसम्म उसले पुनः वजू गर्नु अनिवार्य छैन।

### अभ्यास

**निम्नलिखित भनाइहरूलाई तिनिहरूको सान्दर्भिकता अनुसार उपयुक्त ठाउँमा राख्नुहोस्।**

- पिसाब गरेमा
- कुर्आन छुन
- सुतेमा
- नमाज पढ्न
- काबाको तवाफ गर्न
- बिना पर्दा गुप्ताङ्ग छोएमा
- ऊँटको मासु खाएमा

**वजू गर्नुपर्छ**

**वजू भङ्ग हुन्छ**

## मोजामा मसह गर्नु:

यदि वजू गर्ने व्यक्तिले मोजा लगाएको छ भने उसले भिजेको हातले आफ्ना खुट्टाका माथिल्लो भागमा मोजामाथि पुछेमा मात्रै पर्याप्त हुन्छ, मोजा हटाएर खुट्टा धुनु आवश्यक छैन। तर यसका लागि निम्नलिखित कुराहरू हुनु जरुरी छः

**पहिलो-**

**मोजालाई वजू गरेर पवित्र भएको अवस्थामा लगाएको हुनुपर्छ।**

**दोस्रो-**

**मोजाले खुट्टालाई गोलीगाँठोसम्म ढाकेको हुनुपर्छ।**

**तेस्रो-**

**मोजामाथि मसह गर्ने अवधि स्थानीय निवासीको लागि २४ घण्टा र यात्रीको लागि ७२ घण्टा भन्दा बढी हुनु हुँदैन।**



**मोजाहरूमा मसह गर्ने अवधिको गणना मोजामा पहिलो पटक मसह गरेको समयबाट सुरु हुन्छ।**

# मूल्याङ्कन प्रश्नहरू

**सही उत्तर छान्नुहोस:**

**१** वजूका निम्नलिखित कार्यहरू पहिलोबाट सुरु गरी क्रमश अन्तिमसम्म व्यवस्थित रूपमा लेख्नुहोस् ।

क) टाउको मसह गर्ने ○ ........................

ख) मुख कुल्ला गर्ने ○ ........................

ग) अनुहार धुने ○ ........................

घ) कानको मसह गर्ने ○ ........................

ङ) खुट्टाहरू धुने ○ ........................

च) हातहरू धुने ○ ........................

**२** निम्नलिखित मध्येबाट वजू आवश्यक पर्ने उपासना कार्यहरू पहिचान गर्नुहोस्:

○ क) नमाज

○ ख) रोजा

○ ग) कुर्आन छुनु

○ घ) आजान दिनु

○ ङ) तवाफ गर्नु

**३** सही उत्तर छान्नुहोस:

वजू भङ्ग गर्ने कतिवटा चीजहरू छन् ?

○ २

○ ३

○ ४



## चौथो पाठ

# गुस्ल (स्नान)

### प्रस्तावना

कतिपय अवस्था यस्ता छन् जसमा उपासनाको लागि वजू मात्र गर्नु पर्याप्त हुँदैन, बरु स्नान गर्नु आवश्यक हुन्छ। यस पाठमा हामीले गुस्ल (स्नान) को अर्थ, गुस्ल गर्नुपर्ने कारणहरू र कसरी गर्ने भन्ने बारेमा सिक्नेछौं।

### गुस्लको अर्थ:

गुस्लः ठूलो अपवित्रता हटाउने नियतले सम्पूर्ण शरीरलाई पानीले धुनुलाई अर्थात् स्नान गर्नुलाई गुस्ल भनिन्छ।

### गुस्ल कसरी गर्ने ?

गुस्ल गर्दा मुख कुल्ला र नाकमा पानी हालेर सफा गर्नुको साथसाथै पुरै शरीर भिज्नेगरी पानीले पखाल्नु पर्छ। यदि कुनै मुस्लिमले यसरी पुरै शरीर भिज्नेगरी राम्रोसँग पखाल्छ भने ऊ "ठूलो अपवित्रता" बाट पवित्र हुन्छ।

ठूलो अपवित्रता: ठूलो अपवित्रताबाट पवित्र हुनको लागि वजू मात्र गरेर हुँदैन, यसको लागि नुहाउनु पनि अनिवार्य छ। ठूलो अपवित्रताका कारकहरू यस प्रकार छन्:

१. जनाबतः पुरुष र महिलाले सम्भोग गरेमा वा सम्भोग नगरीकन स्वप्नदोष वा अन्य कुनै कारणले पुरै जोससँग वीर्य स्खलन हुन्छ भने यस्तो अवस्थालाई जनावत भनिन्छ।

२. हैजः महिनावारीलाई हैज भनिन्छ, जो प्रत्येक महिना महिलाको गर्भाषयबाट निस्कने गर्छ।

३. निफासः भ्रुणले गर्भाषय छाडेपछि महिलाको योनीबाट बग्ने रगतलाई निफास भनिन्छ।

## गुस्लको पूर्ण तरिका:

यदि कुनै मुस्लिमले पूर्ण रूपले गुस्ल गर्न चाहन्छ भने निम्नलिखित कामहरू गर्नुपर्छ ।

१ गुप्ताङ्गलाई पानीले धुनुपर्छ र शरीरमा लागेको फोहोर सफा गर्नुपर्छ ।

२ नमाजको लागि वजू गरे झैँ राम्रोसँग वजू गर्नुपर्छ ।

३ पुरै शरीर भिज्ने गरी शरीरमा पानी हालेर पखाल्नुपर्छ ।

## गुस्ल गर्नु कुन अवस्थामा अनिवार्य हुन्छ ?

मुस्लिमले निम्नलिखित तीन अवस्थामा गुस्ल गर्नुपर्ने हुन्छः

**पहिलो-**
**उत्तेजना पूर्वक वीर्य स्खलन भएमा वा गराएमा चाहे निद्राको अवस्थामा स्वप्नदोष भएर होस्, वा जागेको अवस्थामा, चाहे स्वेच्छाले होस् वा अनिच्छाले।**

**दोस्रो-**
**शारीरिक सम्भोग गरेमा, चाहे सम्भोगबाट वीर्य स्खलन होस् वा नहोस् ।**

**तेस्रो-**
**महिनावारी (हैज) भएपछि वा सुत्केरी (निफास) भएपछि त्यसबाट पवित्र हुन; जब महिनावारी र सुत्केरीको रक्तस्राव बन्द हुन्छ तब गुस्ल गर्नु अनिवार्य हुन्छ ।**

### छलफल गर्नुहोस्

ठूलो अपवित्रताबाट पवित्र हुनको लागि गुस्ल गर्ने निर्देशनले के कुराको सङ्केत गर्छ ?

........................................................................................................
........................................................................................................
........................................................................................................
........................................................................................................
........................................................................................................
........................................................................................................
........................................................................................................
........................................................................................................
........................................................................................................

## जुन्बी व्यक्तिले गर्न नहुने कामहरू:

सम्भोग वा अन्य कुनै कारणले वीर्य स्खलन भएपछि स्नान गर्नुपर्ने अवस्थालाई जनाबत भनिन्छ, यस अवस्थामा भएको व्यक्तिलाई जुन्बी भनिन्छ। जुन्बी व्यक्तिले पवित्र नभएसम्म निम्नलिखित कामहरू गर्न मनाही छः



१ नमाज पढ्न



२ काबाको तवाफ गर्न



३ पवित्र ग्रन्थ कुर्आन छुन वा बोकेर लैजान



४ मस्जिदमा बस्न



५ पवित्र ग्रन्थ कुर्आन पढ्न

## तयम्मुमः

पानी कम भएको अवस्थामा वा रोग व्याधि तथा अन्य कुनै कारणले पानी प्रयोग गर्न नसक्ने अवस्थामा गुस्ल वा वजूको साटो माटोबाट पवित्रता हासिल गर्ने कामलाई तयम्मुम भनिन्छ।

तयम्मुमको तरिकाः तयम्मुमको लागि दुबै हातका पन्जालाई सफा माटोमाथि राखेर हातबाट धूलोलाई झारेर अनुहार पुछ्नुपर्छ, त्यसपछि पहिले दायाँ अनि बायाँ पन्जा (हत्केला) का पछिल्ला भागलाई पुछ्नुपर्छ।




## तयम्मुम गरिसकेपछि यदि पानी उपलब्ध हुन्छ भने के गर्नु उत्तम हुन्छ ?

यदि कुनै मुस्लिमले तयम्मुम गरेपछि पानी उपलब्ध हुन्छ र पानी प्रयोग गर्न सक्षम पनि छ भने उसको पवित्रता भङ्ग हुन्छ, अनि उसले अवस्था अनुसार वजू वा गुस्ल गर्नुपर्छ।

## मूल्याङ्कन प्रश्नहरू

१ गुस्ल (स्नान) सही हुन र शरीरको अपवित्रता हटाउनको लागि शरीरका सबै भागहरू भिज्ने गरी पखाल्नुपर्छ।

- ◯ सही
- ◯ गलत

सुतेको अवस्थामा वीर्य स्खलन भएमा गुस्ल (स्नान) गर्नुपर्दैन, तर जागेको अवस्थामा वीर्य स्खलन भएमा गुस्ल गर्नुपर्छ।

- ◯ सही
- ◯ गलत

जुन्बी व्यक्ति मस्जिदमा बस्नु हुँदैन।

- ◯ सही
- ◯ गलत

२ मुस्लिम व्यक्तिले तयम्मुम गर्न अनुमती छ:

- ◯ क) पानी प्रयोग गर्न नसक्ने अवस्थामा।
- ◯ ख) पानी उपलब्ध नभएको अवस्थामा।
- ◯ ग) उपर्युक्त दुबै अवस्थामा।




## पाँचौं पाठ

# मुस्लिम महिला सम्बन्धी प्रावधानहरू

### प्रस्तावना

अल्लाह तआलाले महिलाहरूलाई केही खास गुण र विशेषताहरू प्रदान गर्नुभएको छ, जसले उनीहरूलाई पुरुषहरूबाट अलग गर्छ। त्यसैले उहाँले उनीहरूलाई उपासनाका केही मामिलाहरूमा पनि पुरुषभन्दा अलिकति फरक गर्नुभएको छ। यस पाठमा हामीले मुस्लिम महिलाहरूसँग सम्बन्धित केही नियम तथा प्रावधानहरूको बारेमा जानकारी हासिल गर्नेछौं।

### इस्लाममा महिलाको स्थान तथा दर्जा:

इस्लामले महिलालाई धेरै सम्मान र उच्च दर्जा प्रदान गरेको छ, जसका केही उदाहरण निम्नलिखित छन्:

- इस्लामले महिलालाई मिरास (सम्पत्ति) विभाजनमा निष्पक्ष भएर उचित उत्तराधिकारको अधिकार दिएको छ। कतिपय ठाउँमा पुरुष र महिलालाई बराबरी हुन्छ भने कतिपय ठाउँमा मृतक नातेदारको निकटता र उनको खर्च तथा जिम्मेदारी अनुसार केही फरक हुन्छ।
- इस्लामले कैयौं मामिलाहरूमा पुरुष र महिलालाई समानता प्रदान गरेको छ। जस्तै- आर्थिक लेनदेन, उपासनाका मामिलाहरू आदि।
- इस्लामले महिलालाई पति चुन्ने अधिकार दिएको छ, महिलाको चाहना नभएमा वली (अभिभावक) ले विवाहको लागि बाध्य गर्नु जायज छैन।
- उनको नाम-थरलाई बुवाको नाम र खानदानसँग सम्बन्धित राख्न अनुमति छ। विवाहपछि उनले नाम थर परिवर्तन गर्नु अनिवार्य छैन, पहिलेकै थर राख्न सक्छिन्।
- पुरुषले उनको हेरचाह, पालनपोषण र खर्चको पुरै जिम्मेदारी उठाउनु पर्छ, यदि उनी कसैकी पत्नी, आमा वा छोरी हुन् भने।
- इस्लामले असक्षम महिलालाई हेरचाह र सहयोग गर्ने धेरै जोड दिएको छ, यदि उनका नजिकका नातेदार जस्तै- पति, छोरा वा पिता छैनन् भने अन्य मुस्लिमले पनि उनलाई सहयोग गर्नु र उनको अवस्थालाई सुधार्ने कोसिस गर्नु उत्तम हो। अल्लाहको समक्ष यसको उत्तम प्रतिफल छ।

**अधिक जानकारीको लागि**

**इस्लाम र केही अन्य धर्महरूमा महिलाहरूको स्थितिबारे तुलनात्मक जानकारीको लागि यो भिडियो हेर्नुहोस्।**

भिडियो हेर्न यो बारकोड स्क्यान गर्नुहोस्।

## पुरुषसँग महिलाको नाता सम्बन्ध:

पुरुषसँग महिलाको नाता सम्बन्धलाई तीन भागमा विभाजन गरिएको छः

| महिला कुनै पुरुषको पत्नीको रूपमा हुन सक्छिन्: | महिला कुनै पुरुषको मुहरिमा मध्येकी हुन सक्छिन्: | महिला कुनै पुरुषको गैर मुहरिमा (अजनबी) मध्येकी हुन सक्छिन: |
|---|---|---|
| पति पत्नी बीच अन्यसँग अनुमति नभएका काम कुराहरू पनि जायज छन्, जस्तै- हेर्न, कुराकानी गर्न, ठट्टा मजाक गर्न, आपसमा शारीरिक सम्बन्ध राख्न र आनन्द उठाउन, आदि । किनभने पति पत्नी एक अर्काका परिपूरक हुन् । अल्लाहले उनीहरूलाई एक अर्काका लिबास (लुगा) भन्नुभएको छ । त्यस्तो लिबास जसले विचार, चरित्र, भावना शरीर र इज्जतलाई सुरक्षा गर्छ । | पुरुषको लागि मुहरिमा महिला भन्नाले उनको लागि सधैँ विवाह गर्न निषेध गरिएका महिलाहरू हुन् । जस्तै- आमा, आफ्नै बुवाबाट वा आमाबाट जन्मेका दिदी बहिनीहरू, दिदी बहिनीका छोरीहरू, दाजु भाइका छोरीहरू, फुपू, सानी वा ठूली आमा, सौतेनी आमा, सौतेनी आमाका छोरीहरू, दूधे आमा, दूधे आमाका छोरीहरू, सासू आमा, आदि । यी महिलाहरूले महरम पुरुषको साम हात, खुट्टा, घाँटी, कपाल, अनुहार आदि देखाउन र सजिएको अवस्थामा आउन अनुमति छ तर सीमा उल्लङ्घन अथवा ज्यादती गर्न मनाही छ । | कुनै पुरुषको लागि अजनबी भन्नाले मुहरिमा बाहेक अन्य सबै महिलाहरू हुन् । चाहे ती नजिकका आफन्तहरू मध्येका होऊन्, चाहे टाढाका होऊन् । नजिकका आफन्त गैर मुहरिमा जस्तै- काकाकी छोरीहरू, फुपूकी छोरीहरू, सानी आमा वा ठूली आमाका छोरीहरू, भाइका पत्नीहरू र परिवार तथा नातेदारहरूभन्दा बाहिरका महिलाहरू । गैर मुहरमका बीच मामिलाका लागि इस्लामले केही नियम तोकेको छ । जस्तै- हिजाब गर्नु, सजिएर उनको साम नआउनु, एकान्तमा भेटघाट नगर्नु, उनीसँग एक्लै यात्रा नगर्नु आदि । |

## मुस्लिम महिलाको लागि हिजाब (पर्दा)

इस्लाममा महिला र पुरुष दुबैको लागि हिजाब (पर्दा) को आदेश छ, तर पहिरनको मामिलामा पुरुषले भन्दा बढी महिलाले सतर्कता अपनाउनु पर्छ । किनभने अल्लाहले पुरुषहरूमा भन्दा बढी महिलामा सुन्दरता र आकर्षणका विशेषताहरू राख्नुभएको छ, जसको कारण पुरुषको पहिरन भन्दा महिलाको पहिरनको माध्यमले फित्ना (फसाद) हुने धेरै सम्भावना हुन्छ । त्यसैले महिलाले गैर महरम पुरुषहरूको साम आउँदा पुरै शरीर ढाकिने गरी लुगा लगाउनु पर्छ । उनीहरूले मुख्यतः निम्नलिखित चार सर्तहरूलाई ध्यानमा राख्दै आफूले चाहेको रङ्ग र आकारका लुगाहरू लगाउन सक्छन् ।

**पहिलो-** लुगाले शरीरका पर्दा गर्नुपर्ने भागहरूलाई ढाकिएको हुनुपर्छ ।

**दोस्रो-** लुगा खुकुलो हुनुपर्छ, शरीरका अङ्गहरूको बनावट स्पष्ट हुने किसिमको कसिलो हुनु हुँदैन ।

**तेस्रो-** लुगा पातलो, पारदर्शी र शरीरका भागहरू देखिने हुनु हुँदैन ।

**चौथो-** लुगा आफैमा सजावट तथा शृङ्गार हुनु हुँदैन ।

## महिलाको शरीरबाट निस्कने रगतको प्रकार:

महिलाको शरीरबाट दुई प्रकारका रगत निस्कन्छन्:

**हैज (महिनावारी) को रगत-**

यो प्राकृतिक रगत हो, जुन सामान्यतया प्रत्येक महिना महिलाको पाठेघरबाट निस्कन्छ र केही दिनसम्म रहन्छ; यसलाई हैज (महिनावारीको चक्र) पनि भनिन्छ ।

**निफास (सुत्केरी) को रगत-**

यो बच्चा जन्माएपछि महिलाको पाठेघरबाट निस्कने प्राकृतिक रगत हो, जुन धेरै दिनसम्म रहन्छ, लगभग ४० दिन यसको अवधि हुन्छ ।

## हैज (महिनावारी) र निफास (सुत्केरी) सम्बन्धी नियमहरू:

अल्लाहले महिनावारी र सुत्केरी महिलाका लागि केही नियमहरू निर्धारण गर्नुभएको छ, जो निम्नलिखित छन्:

- **नमाज नपढ्ने छुट:** महिनावारी र सुत्केरी भएका महिलाका लागि नमाज नपढ्न छुट छ । उनीहरूले रक्तस्रावको अवधिमा नमाज पढ्नु पर्दैन, रक्तस्राव बन्द भएर पवित्र भइसकेपछि पनि छुटेको नमाज पुन: पढ्नु पर्दैन ।
- **रोजा नराख्न छुट:** महिनावारी र सुत्केरी भएका महिलाले यस अवधिमा रोजा राख्नु हुँदैन, तर रक्तस्राव बन्द भएर पवित्र भइसकेपछि छुटेको रोजा कजा गर्नुपर्छ (पुन: राख्नुपर्छ) ।
- **यौन सम्बन्ध राख्न मनाही:** महिनावारी र सुत्केरी भएका महिलाले पतिसँग शारीरिक सम्बन्ध राख्नु अवैध छ, रक्तस्राव बन्द भइसकेपछि गुस्ल (स्नान) गरी पवित्र भएर मात्र शारीरिक सम्बन्ध राख्नु जायज छ । तर यस अवधिमा पति पत्नी बीच यौन सम्बन्ध बाहेक अन्य सबै मामिलाहरू जायज हुन्छ ।
- **रक्तस्राव बन्द भएपछि स्नान:** महिनावारी र सुत्केरी अवस्थाको रक्तस्राव बन्द भइसकेपछि महिलाले अनिवार्य रूपमा पुरै शरीर पखालिने गरी स्नान गर्नुपर्छ ।

**अधिक जानकारीको लागि**

**इस्लामले महिलालाई दिएको सम्मानको बारेमा र थप जान्नका लागि, "Women in Islam" (इस्लाममा महिला) नामको पुस्तक पढ्नुहोस्, जुन विश्वका विभिन्न भाषाहरूमा 'Osoulstore.com' मा उपलब्ध छ ।**

किताब डाउनलोड गर्न बारकोड स्क्यान गर्नुहोस् ।

## छलफल गर्नुहोस्

महिलाहरूका लागि इस्लामिक शरीअतद्वारा अनिवार्य गरिएका केही कार्यहरू छुट हुँदा हुने केही फाइदा तथा रहस्यहरूको बारेमा छलफल गर्नुहोस् ।

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

## मूल्याङ्कन प्रश्नहरू

१

इस्लामले पुरुषहरूलाई बिना पक्षपात महिलाहरूको हेरचाह र पालनपोषण गर्न अनिवार्य गरेको छ।

◯ सही ◯ गलत

हिजाब अथवा पर्दाको लुगा खुकुलो र चौडा हुनु आवश्यक छैन।

◯ सही ◯ गलत

महिनावारी भएकी महिला शुद्ध भएमा (रक्तस्राव रोकिएमा) नमाज पढ्नु भन्दा पहिले स्नान गर्नुपर्छ।

◯ सही ◯ गलत

हैज (महिनावारी) भनेको बच्चा जन्माएपछि महिलाको पाठेघरबाट निस्कने प्राकृतिक रगत हो।

◯ सही ◯ गलत

२

मुस्लिम महिलाले आफ्नो पुरै शरीर ढाक्नुपर्छ।

◯ क) अन्य महिलाहरूको सामु
◯ ख) गैर महरम पुरुषहरूको सामु
◯ ग) ससुराको सामु

महिनावारी र सुत्केरी भएका महिलाले पवित्र भएपछि कजा (पुनः पुरा) गर्नुपर्छ।

◯ क) नमाज
◯ ख) रोजा
◯ ग) माथिका दुबै काम



छैठौँ पाठ

# नमाज

## प्रस्तावना

नमाज इस्लाम धर्मको सबैभन्दा ठूलो उपासना मानिन्छ, जुन प्रत्येक मुस्लिमले सिक्नु र पालन गर्नु अनिवार्य छ। अल्लाहको रसूल ﷺ ले हामीलाई त्यसैगरी नमाज पढ्ने तरिका सिकाउनु भएको छ, जसरी अल्लाह तआला प्रसन्न हुनुहुन्छ। यस पाठमा हामीले फर्ज (अनिवार्य) नमाजहरू, तिनका स्थिति, तिनका सर्तहरू र तिनलाई अदा गर्ने सुन्नत तथा सही तरिकाको बारेमा जानकारी हासिल गर्नेछौं।

## नमाज भनेको के हो ?

"नमाज" दैनिक उपासनाको कार्य हो, जसमा शब्द र कार्यहरू समावेश हुन्छन्। यसको माध्यमबाट भक्त आफ्नो प्रतिपालक अल्लाहको नजिक हुनजान्छ। नमाज दैनिक पाँच पटक पढ्ने गरिन्छ।

नमाज इस्लामका पाँच आधारहरू मध्येको दोस्रो आधार हो।

## नमाजको स्थिति:

**विभिन्न कारणहरूले गर्दा नमाजको विशेष महत्त्व छ; जस्तैः**

- यो कलिमा शहादत पछिको दोस्रो महत्त्वपूर्ण आधार मानिन्छ।
- नमाज जुनसुकै अवस्थामा पनि पढ्नुपर्छ, चाहे स्वस्थ अवस्था होस् वा रोगको अवस्था, चाहे भयको अवस्था होस् वा शान्तिको अवस्था।
- नमाज मुस्लिमलाई काफिर (नास्तिक तथा अवज्ञाकारी) हरूबाट फरक गर्ने उपासना हो।

## हामीले नमाज किन पढ्छौं ?

किनभने, नमाज अल्लाहले मुस्लिमहरूमाथि अनिवार्य गरेको एउटा महत्त्वपूर्ण उपासना हो ।



## नमाजका फाइदाहरू र हिक्मत (तत्त्वज्ञान)

नमाज भक्त र उसको पालन कर्ता अल्लाहको बीचको सम्बन्ध हो ।

यसले भक्तको इच्छा शक्ति र दृढ सङ्कल्पलाई बलियो बनाउँछ ।

नमाजले सांसारिक चिन्ताबाट आत्मालाई शान्ति दिन्छ ।

यसले मानिसको नैतिकता र आचरणलाई निखार्छ अनि खराब चीजहरूबाट टाढा राख्छ ।

## नमाजका सर्तहरू:

नमाज पढ्नको लागि केही सर्तहरू छन्; जो यस प्रकार छन्-

- **पवित्रता-** नमाजको लागि शरीर र स्थान दुबै चीज पवित्र तथा शुद्ध हुनुपर्छ, वजू वा गुस्लद्वारा शरीरलाई पवित्र गर्न सकिन्छ, भने स्थानलाई फोहोर वस्तु हटाएर र पखालेर पवित्र गर्न सकिन्छ ।
- **गोप्य अङ्गलाई ढाक्नु-** मानिसहरूको सामु देखाउन नमिल्ने अङ्गहरूलाई गोप्य अङ्ग भनिन्छ । पुरुषहरूको लागि नमाजमा ढाक्नुपर्ने गोप्य अङ्ग नाभिदेखि घुँडासम्म हो भने महिलाको लागि नमाजमा ढाक्नुपर्ने अङ्ग अनुहार र हत्केला बाहेक पुरै शरीर हो ।
- **किब्लातिर अनुहार गर्नु-** नमाजको लागि किब्ला मक्कामा अवस्थित काबा हो; प्रत्येक नमाजीले मक्कामा अवस्थित काबातिर अनुहार गरेर नमाज पढ्नुपर्छ ।
- **नमाजको समय हुनु-** नमाजको समय सुरु हुनुभन्दा पहिले नमाज पढ्नु जायज छैन र यसको समयभन्दा ढिलो गरेर पढ्नु पनि जायज छैन । नमाजलाई त्यसको सुरुको समयमा अदा गर्नु उत्तम हो ।

अधिक जानकारीको लागि

**"Osoul Center" द्वारा तयार गरिएको नमाज कसरी पढ्ने भन्ने विषयको यो भिडियो हेर्नुहोस् ।**

भिडियो हेर्नको लागि बारकोड स्क्यान गर्नुहोस् ।

## पाँच समयका नमाजहरू:

**अल्लाहले आफ्ना भक्तहरूलाई दिन र रातमा गरी पाँच पटक नमाज पढ्न अनिवार्य गर्नुभएको छ; ती हुन्-**

| नमाज | अव्वल वक्त (सुरुको समय) | आखिर वक्त (अन्तिम समय) | रकअत सङ्ख्या |
|---|---|---|---|
| फज्रको नमाज | तुलुए फज्र (उज्यालो हुने सङ्केत) । | सूर्योदय हुनुभन्दा पहिले । | २ |
| जुहरको नमाज | मध्याह्न (मध्य दिनमा सूर्य अलिकति पश्चिमतिर ढल्किएको समय) । | कुनै पनि वस्तुको छाया त्यस वस्तुको उचाइ बराबर हुँदाको समय । | ४ |
| अस्रको नमाज | कुनै पनि वस्तुको छाया त्यस वस्तुको उचाइ बराबर हुँदाको समय । | सूर्यास्त हुनुभन्दा पहिले । | ४ |
| मग्रिबको नमाज | सूर्यास्तपछि । | पश्चिममा सूर्यको उज्यालोको लाली बाँकी रहेसम्म । | ३ |
| इशाको नमाज | पश्चिममा सूर्यको लाली गायब भएको समय । | मध्यरात । | ४ |

## नमाज कसरी पढ्ने ?

**जब कुनै मुस्लिमले नमाज पढ्ने इरादा गर्छ, त उसले निम्नलिखित कामहरू क्रमवद्ध रूपले गर्नुपर्छः**

१ हृदयदेखि नमाज पढ्ने नियत (सङ्कल्प) गर्नुपर्छ।

२ किब्ला (काबा) तिर अनुहार गरेर उभिनुपर्छ र आफ्ना दुबै हातलाई काँध वा कानको बराबर उठाउँदै “अल्लाहु अक्बर” भन्नुपर्छ। यो पहिलो तक्बीर अथवा ‘तक्बरे तहरिमा’ हो।



३ त्यसपछि बायाँ हातलाई छातीमा राखेर बायाँ हातमाथि दायाँ हात राख्नुपर्छ वा दायाँ हातले समात्नुपर्छ, अनि नबी ﷺ द्वारा प्रमाणित इस्तिफ्ताह (सना) का दुआहरूमध्ये आफूलाई याद भएको कुनै एउटा दुआ पढ्नुपर्छ।

जस्तै- (सुब्हानक अल्लाहुम्म वबिहम्दिक, वतबार-कस्मुक, वतआला जद्दुक, वला-इलाह गैरुक)। त्यसपछि “अऊजो बिल्लाहि मिनश्-शैतानिर्रजीम” “बिस्मिल्ला-हिर्रहमा-निर्रहीम” पढेर सूरतुल्-फातिहा पढ्नुपर्छ। सूरतुल्-फातिहा पढिसकेपछि अन्त्यमा “आमीन” भन्नुपर्छ। आमीनको अर्थ हो- हे अल्लाह ! मेरो ‘दुआलाई स्वीकार गर्नुहोस्’ अथवा हे अल्लाह ‘यस्तै होस्’ जो मैले दुआ गरे। त्यसपछि आफूले याद गरेका कुर्आनका सूरहहरू मध्येबाट कुनै सूरह वा केही आयत पढ्नु उत्तम हो।





४ त्यसपछि आफ्ना दुबै हातलाई काँध वा कानको बराबर उठाएर अल्लाहु अक्बर भन्दै रुकुअ गर्नुपर्छ। रुकअमा किब्लातिर झुक्दै, दुबै खुट्टालाई सीधा गरेर, दुबै हातका हत्केलाले दुबै घुँडालाई राम्रोसँग समात्नुपर्छ, अनि आफ्नो कम्मर, मेरुदण्डको हड्डी र टाउको बराबर हुने गरी झुक्नुपर्छ, त्यसपछि रुकुअमा पढिने नबी ﷺ द्वारा प्रमाणित दुआहरूमध्ये आफूलाई याद भएका दुआहरू पढ्नुपर्छ। जस्तै- “सुब्हान रब्बियल् अजीम” कम्तीमा एक पटक, तर तीन पटक पढ्नु उत्तम हो।



५ त्यसपछि पहिलो तक्बीरमा गरे झैं दुबै हत्केलालाई किब्लातिर फर्काएर काँध वा कानको बराबर उठाउँदै ‘समिअल्लाहु लिमन् हमिदह’ भन्दै सीधा उभिनु पर्छ। अनि उभिएकै अवस्थामा ‘रब्बना व लकल्-हम्द’ भन्नुपर्छ ।



६ त्यसपछि “अल्लाहु-अक्बर” भन्दै भुइमा सज्दा (दण्डवत्) गर्नुपर्छ। सज्दा गर्दा सात अङ्गहरू- निधार नाक सहित, दुबै हातका पन्जा, दुबै घुँडा, दुबै खुट्टाका अघिल्लो भागले भुइमा टेकेर गर्नुपर्छ। हात र खुट्टाका औँलाहरू किब्लातिर फर्केको हुनुपर्छ । सज्दा गर्दा हातहरूलाई काखीदेखि टाढा, पेटलाई तिघ्रादेखि टाढा र दुबै तिघ्रालाई खुट्टादेखि टाढा राख्नुपर्छ र हातका पाखुरालाई भुइदेखि माथि उठाएर राख्नुपर्छ। त्यसपछि कम्तीमा एक पटक “सुब्हान रब्बियल् आला” वा नबी ﷺ द्वारा प्रमाणित सज्दाका अन्य दुआहरू पढ्नुपर्छ। तीन पटक पढ्नु उत्तम हो।



७

त्यसपछि "अल्लाहु-अक्बर" भन्दै सज्दाबाट टाउको उठाई अर्को सज्दा गर्नुभन्दा पहिले एकछिन बस्नुपर्छ । सज्दापछि बस्दा बायाँ खुट्टा बिछाएर त्यसमाथि बस्नुपर्छ र दायाँ खुट्टालाई सीधा ठाडो पारेर राख्नुपर्छ। दुबै हत्केलालाई तिघ्रामाथि वा घुँडामाथि राख्नुपर्छ। अनि नबी ﷺ द्वारा प्रमाणित जलसाका दुआहरूमध्ये आफूलाई याद भएका दुआ पढ्नुपर्छ। जस्तै- "रब्बिग् फिरली"



८

त्यसपछि पहिलेको सज्दा झैँ अल्लाहु अक्बर भन्दै दोस्रो सज्दा गर्नुपर्छ। दोस्रो सज्दामा पनि पहिलेको सज्दामा गरे झैँ सबै काम गर्नुपर्छ।



९

त्यसपछि "अल्लाहु-अक्बर" भन्दै दोस्रो रकातको लागि उभिनु पर्दछ र पहिलो रकअतमा गरे झैँ सबै काम गर्नुपर्छ।



१० दोस्रो रकअतको दोस्रो सज्दापछि दुबै सज्दाको बीचमा बसे झैँ तश्हहूदको लागि बस्नुपर्छ । अनि यो दुआ पढ्नुपर्छ- ‘अत्तहियातु लिल्लाहि वस्सलवातु वत्तय्यीबातु अस्सलामु अलैक अय्युहन्-नबीयु वरहम-तुल्लाहि व बरकातुहु अस्सलामु अलैना वअला इबादिल्ला हिस्सालेहीन, अश्हदु अल्ला इलाह इल्लल्लाहु व अश्हदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुह’ ।

“अर्थः (मेरा सम्पूर्ण) मौखिक, शारीरिक र आर्थिक उपासनाहरू अल्लाहको लागि मात्रै खास छन् । हे नबी तपाईंमाथि अल्लाहको तर्फबाट दया, शान्ति र बरकत होस् अनि हामीमाथि पनि र अल्लाहका असल भक्तहरूमाथि पनि शान्ति होस् । म गवाही दिन्छु, अल्लाह बाहेक कोही सत्य पूजनीय छैन र म गवाही दिन्छु, मुहम्मद ﷺ उहाँको भक्त र सन्देश वाहक हुनुहुन्छ ।

त्यसपछि दरूद पढ्नुपर्छ- ‘अल्लाहुम्म सल्लि अला मुहम्मद्, व अला आले मुहम्मद्, कमा सल्लैत अला इब्राहीम्, व अला आलि इब्राहीम इन्नक हमीदुम्मजीद । अल्लाहुम्म बारिक अला मुहम्मद्, व अला आले मुहम्मद्, कमा बारक्त अला इब्राहीम्, व अला आलि इब्राहीम, इन्नक हमीदुम्मजीद’।

अर्थः “हे अल्लाह ! दया र शान्ति अवतरण गर्नुहोस् मुहम्मदमाथि र उहाँका परिवार तथा सन्तानमाथि, जसरी तपाईंले शान्ति अवतरण गर्नुभएको थियो इब्राहीममाथि, इब्राहीमका परिवार तथा सन्तानमाथि; निःसन्देह तपाईं महिमा र गुणगानको योग्य हुनुहुन्छ । हे अल्लाह ! बरकत (कल्याण) अवतरण गर्नुहोस् मुहम्मदमाथि र उहाँका परिवारमाथि जसरी तपाईले बरकत अवतरण गर्नुभएको थियो इब्राहीममाथि, उहाँका परिवार तथा सन्तानमाथि । निःसन्देह तपाईं महिमा र गुणगानको योग्य हुनुहुन्छ ।”

यसपछि यदि आफूलाई याद छ भने नबी ﷺ द्वारा प्रमाणित अन्य केही दुआहरू पनि पढ्नु उत्तम हो ।



११ त्यसपछि अनुहारलाई दायाँतिर फर्काउँदै अस्सलामु अलैकुम वरहमतुल्लाह, अनि बायाँतिर फर्काउँदै अस्सलामु अलैकुम वरहमतुल्लाह भन्नुपर्छ । यति गरेपछि नमाज समाप्त भयो ।

यो त भयो फज्र, जुमा र सुन्नत आदिमा पढिने दुई रकअतको नमाजको तरिका । यदि मग्रिबको झैँ तीन रकअत वा जोहर, अस्र र इशाको झैँ चार रकअतका नमाजहरू पढ्नुछ भने दोस्रो रकअत पछिको तश्हहुदमा अत्तहियात पढेर पुनः तेस्रो रकअतको लागि उभिनुपर्छ । अनि पहिलो र दोस्रो रकअतमा गरे झैँ सबै काम गर्नुपर्छ । तर सूरतुल्-फातिहापछि कुर्आनका कुनै सूरह वा आयत पढ्नु पर्दैन । रुकूअ, सज्दा, जलसा आदि सबै पुरा गरेपछि तीन रकअतको नमाज भए तेस्रो रकअतको दोस्रो सज्दापछि र चार रकअतको नमाज भए चौथो रकअतको दोस्रो सज्दापछि तश्हहुदमा बसेर अत्तहियात, दरूद र अन्य केही दुआहरू पढेर सलाम फेर्नुपर्छ ।

### जुमाको नमाजः

- अल्लाहले मुस्लिमहरूको लागि शुक्रवारको दिनमा पढ्नुपर्ने एउटा खास नमाज अनिवार्य गर्नुभएको छ, जसलाई सलातुल्-जुमा (जुमाको नमाज) भनिन्छ । यसका केही खास विशेषता र सर्तहरू छन् । यो जोहरको समयमा पढिने भएकोले शुक्रवारको जोहर नमाजको बदलामा पनि पर्याप्त छ ।
- जुमा नमाजको लागि मुस्लिमहरू पहिले नै मस्जिदमा जम्मा हुन्छन्, त्यसपछि मस्जिदका ईमामले मिम्बरमा चढेर दुई भागमा खुत्बा (प्रवचन) दिन्छन्, अनि उनीहरूलाई दुई रकअत नमाज पढाउँछन्, नमाजमा स्पष्ट आवाजमा (जहरी) कुर्आनको तेलावत गर्छन् ।
- जुमाको नमाजको लागि स्नान र वजू गरेर सकेसम्म छिटो मस्जिदमा आउनु उत्तम हो । कुनै विशेष परिस्थिति वा कारण बिना जुमाको नमाज छोड्नु उचित छैन । जो व्यक्ति कुनै कारणवश जुमाको नमाजको लागि उपस्थित हुँदैन, उसले त्यसको बदलामा चार रकअत जोहर नमाजको नियत गरेर पढ्नुपर्छ, जोहरको नमाज पढ्दा स्पष्ट आवाजमा कुर्आन पढ्नु पर्दैन, अन्य दिनको जोहर नमाजमा झैं सिर्रि (आवाज बिना) पढ्नुपर्छ ।
- महिला, बिरामी र यात्रुको लागि जुमाको नमाज अनिवार्य छैन । तर महिलाले पढ्न चाहेमा उनीहरूलाई मनाही गर्नु हुँदैन । जुमाको नमाज नपढ्ने महिला, बिरामी र यात्रुले पनि जोहरको नमाज पढ्नु जरुरी छ ।

#### छलफल गर्नुहोस्

आफ्ना साथीहरूसँग बसेर मुस्लिमले सामना गर्नुपर्ने केही चुनौतीहरूको समीक्षा गर्नुहोस्, जसले उसलाई समयमै पढ्नबाट रोक्छ र ती चुनौतीहरूलाई कसरी पार गर्न सकिन्छ ?

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................



﴿يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا نُودِيَ لِلصَّلَوٰةِ مِن يَوۡمِ ٱلۡجُمُعَةِ فَٱسۡعَوۡاْ إِلَىٰ ذِكۡرِ ٱللَّهِ وَذَرُواْ ٱلۡبَيۡعَۚ ذَٰلِكُمۡ خَيۡرٞ لَّكُمۡ إِن كُنتُمۡ تَعۡلَمُونَ﴾

"हे मोमिनहरू ! जब जुमाको दिन नमाजको निम्ति अजान दिइन्छ, तब तिमी अल्लाहको स्मरणको निम्ति दगुर (छिटो जाऊ) र किनबेच गर्न छाड । यो तिम्रो निम्ति राम्रो छ, यदि तिमीले बुझ्छौ भने ।" (सूरतु जुमुआः ६२/ ९)

# मूल्याङ्कन प्रश्नहरू

१ मुस्लिमको लागि समय सुरु हुनु अगावै अनिवार्य (फर्ज) नमाज पढ्नु अनुमति छ:

- ◯ सही
- ◯ गलत

फज्रको नमाजको समय सूर्योदयसँगै समाप्त हुन्छ।

- ◯ सही
- ◯ गलत

२ जुमाको नमाजको लागि विशेष दुई कार्यहरू उल्लेख गर्नुहोस्।

..............................................................................................................

..............................................................................................................

दैनिक पाँच पटक नमाज पढ्नाले मुस्लिमको दैनिक जीवनमा कस्तो प्रभाव पर्छ ?

..............................................................................................................

..............................................................................................................

यस वेबसाइटमा गएरः https://islamicfiqh.net, इस्लाममा नमाजलाई बेवास्ता गर्ने व्यक्तिको शरई हुकुमबारे कुराकानी गर्नुहोस्।

..............................................................................................................

..............................................................................................................

३ नमाज पढ्दा पुरुषले ढाक्नुपर्ने अङ्गहरू:

- ◯ क) अनुहार, हात, खुट्टा बाहेक सम्पूर्ण शरीर।
- ◯ ख) नाभिदेखि घुँडासम्म।
- ◯ ग) काँधदेखि घुँडासम्म।

नमाज पढ्दा नमाजीले आफ्नो अनुहार फर्काउनु पर्ने दिशा (किब्ला) हो:

- ◯ क) उत्तर तर्फ।
- ◯ ख) पश्चिम तर्फ।
- ◯ ग) काबा तर्फ।

नमाजीले सज्दाको अवस्थामा यो दुआ पढ्छ:

- ◯ क) सुब्हान रब्बियल अजीम।
- ◯ ख) सुब्हान रब्बियल् आला।
- ◯ ग) रब्बिग् फिरली।



# सातौं पाठ

# जकात

## प्रस्तावना

प्राचीन कालदेखि नै यस पृथ्वीमा मानिस विभिन्न तहमा बस्दै आएका छन् । तिनिहरूमध्ये केही धनीहरू छन् जससँग धेरै धन सम्पत्ति छ र केही गरिबहरू पनि छन्, जसले आफ्नो जीविकोपार्जन राम्रोसँग गर्न सकेका छैनन् । यो यस ब्रह्माण्डमा सृष्टिकर्ता अल्लाहका नियमहरूमध्ये एक हो । इस्लामले धनीहरूलाई उनीहरूको आफ्नो आवश्यकता भन्दा बढी धन सम्पत्तिबाट केही मात्रामा निकालेर गरिबलाई दिन अनिवार्य गरेको छ । यसलाई जकात भनिन्छ । यसबाट गरिबहरूलाई सहयोग हुनुको साथसाथै उनीहरूको गरिबीको बोझ पनि कम हुन्छ । सधैँ र हरेक अवसरमा गरिबहरूलाई दया गर्ने, सहयोग गर्ने, भोकाहरूलाई खुवाउने र नाङ्गोलाई लत्ताकपडा दिने मानिसहरूको लागि अल्लाहले यस संसारको जीवनमा र परलोकमा पनि ठूलो पुण्य र पुरस्कारको शुभ सूचना दिनुभएको छ । यस पाठमा हामीले जकातको आदेश, यसको तरिका र कुन-कुन सम्पत्तिमा जकात अनिवार्य छ भन्ने विषयमा जानकारी हासिल गर्नेछौं ।

### जकात भनेको के हो ?

जकातः धनवान् मुस्लिमहरूले आफ्नो धन सम्पत्तिबाट केही भाग निकालेर गरिबलाई दिने अनिवार्य दान हो । यो इस्लामका आधारहरू मध्येको तेस्रो महत्त्वपूर्ण आधार हो ।

अधिक जानकारीको लागि

**जकात र समाजमा यसको प्रभाव विषयमा "Osoul Center" द्वारा तयार गरिएको यो भिडियो हेर्नुहोस् ।**

भिडियो हेर्नको लागि बारकोड स्क्यान गर्नुहोस् ।

## हामीले जकात किन दिन्छौं ?

हामीमाथि जकातको आदेश लागू गर्नुहुने हाम्रा पालन कर्ता अल्लाहको आदेशको पालना गर्नु हाम्रो कर्तव्य भएकोले हामीले जकात निकाल्छौं ।

## जकात निकाल्नुका फाइदाहरू तथा हिक्मत (रहस्य):

**पहिलो-**
आत्मालाई धनको लोभ-लालच र कन्जुसीबाट शुद्ध गर्छ ।

**दोस्रो-**
धन सम्पत्तिमा वृद्धि हुन्छ, किनभने जकात दिंदा धन सम्पत्ति घट्दैन बरु बढ्छ र त्यसमा बरकत हुन्छ ।

**तेस्रो-**
गरिब, निमुखा र आवश्यकतामा परेका मानिसहरूलाई सहयोग हुन्छ ।

## कुन-कुन धन सम्पत्तिमा जकात अनिवार्य छ ?


सुन र चाँदी


नगद पैसा


कृषि उत्पादन र फलफूल


चौपायाहरू

चौपायाहरू: ऊँट, गाई र भेडा बाख्राहरू चौपायामा पर्छन् ।


व्यापार-व्यवसायका सामानहरू

व्यापार-व्यवसायका सामानहरू: व्यापारिक प्रयोजनको लागि तयार पारिएका सबै किसिमका सामानहरू यसमा पर्छन्; चाहे त्यो घर होस्, पसल होस्, गाडी होस्, जनावर होस् वा अन्य कुनै वस्तु ।

## जकात कसरी निकाल्ने ?

मुस्लिमले आफ्नो धन सम्पत्तिको नगद जिन्सी र पैसाबाट वर्षमा एक पटक २.५ % (साढे दुई प्रतिशत) निकालेर गरिब तथा आवश्यकतामा परेका मानिसहरूलाई दिनुपर्छ । चौपाया र खेतबारीबाट उब्जनी भएको बालीमा जकातको पैमाना फरक छ ।

### अभ्यास

**निम्नलिखित वस्तुहरूलाई त्यसको सान्दर्भिकता अनुसार उपयुक्त स्थानमा राख्नुहोस्।**

सुन चाँदी

हाते घडी

नगद पैसा

घरका फर्निचर

कुखुराहरू

भेडाहरू

स्याउ खेत

**जकात दिनुपर्छ**

**जकात दिनुपर्दैन**

### छलफल गर्नुहोस्

सबै धनीहरूले आफ्नो धनबाट जकात निकाल्दा समाजमा कस्तो प्रभाव पर्छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

# मूल्याङ्कन प्रश्नहरू

१ "मुस्लिमहरूले जकात किन तिर्छन् ? (Why do Muslims pay Zakat ?)" यो क्लिप हेर्नुहोस् र त्यसपछि जकातको दायित्वको उत्कृष्ट अर्थहरूको बारेमा कुराकानी गर्नुहोस् ।



२ मुस्लिमले आफ्नो नगद धन सम्पत्तिबाट जकात निकाल्नुपर्छः

- क) जीवनमा एक पटक
- ख) वर्षमा एक पटक
- ग) महिनामा एक पटक

नगद धन सम्पत्तिमा निकाल्नुपर्ने जकातको पैमानाः

- क) २५ %
- ख) १० %
- ग) २.५ %



## आठौं पाठ

# रोजा (सौम)

### प्रस्तावना

रोजा (सौम) अल्लाह तआलाले सबै समुदायहरूमा लागू गरेको उपासनाका कार्यहरूमध्ये एक मानिन्छ। इस्लाममा मुस्लिमले यो दायित्व अल्लाह तआलाको आज्ञाकारीतामा पुरा गर्दछ। यस पाठमा हामीले रोजाको अर्थ, यसको तरिका, यसलाई भङ्ग गर्ने कार्यहरू र यससँग सम्बन्धित केही अन्य महत्त्वपूर्ण कुराहरूको बारेमा जानकारी हासिल गर्नेछौं।

## रोजा (सौम) भनेको के हो ?

रोजा: उपासनाको एक विशेष कार्य हो, जसमा मुस्लिमहरू बिहानदेखि सूर्यास्तसम्म खाने, पिउने र यौन सम्पर्क लगायत अन्य मनाही गरिएका कार्यहरूबाट टाढा रहन्छन्।

रमजानको महिनामा रोजा बस्नु इस्लामका (अर्कान) आधारहरू मध्येको चौथो आधार हो।

## हामीले किन रोजा राख्छौं ?

हामीले अल्लाह तआलाको आज्ञा पालन गर्दै उहाँले दिएको आदेलाई पुरा गर्न रोजा राख्छौं।

## रोजा राख्नुका निम्नलिखित उदेश्य र फाइदाहरू छन्-

- उपासना गरेर आफ्ना पापहरूको क्षमा गराउन र पुण्य बढाउन।
- गरिब तथा दीन दु:खीहरूको भोकको पीडा महसुस गर्न।
- आफूलाई आफ्ना विभिन्न इच्छा चाहनाहरूबाट मुक्त गर्न।

!

अल्लाहले मुहम्मद ﷺ का अनुयायी मुस्लिम समुदाय र पहिलेका समुदायहरूमाथि पनि रोजा (व्रत) अनिवार्य गर्नुभएको थियो। यसै सम्बन्धमा भन्नुभएको छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ كُتِبَ عَلَيۡكُمُ ٱلصِّيَامُ كَمَا كُتِبَ عَلَى ٱلَّذِينَ مِن قَبۡلِكُمۡ لَعَلَّكُمۡ تَتَّقُونَ ﴾ (البقرة: 183).

"हे आस्थावान् (मोमिन) हरू! तिमीहरूमाथि रोजा अनिवार्य गरिएको छ जसरी तिमीभन्दा पहिलेका मानिसहरूमाथि अनिवार्य गरिएको थियो। ताकि तिमीहरू आत्म संयमी बन्न सक।" (सूरतुल्–बकर: २/ १८३)

## रोजा भङ्ग गर्ने कार्यहरू:

**रोजा भङ्ग गर्ने कामहरू भनेका त्यसता काम तथा कुराहरू हुन्, जसलाई गर्नाले रोजेदारको रोजा टुट्छ, त्यसैले रोजेदार त्यसता काम कुराहरूबाट अलग रहनुपर्छ। जो निम्नलिखित छन्-**

१ खानपान गर्नु र खानपानसँग सम्बन्धित चीजहरू सेवन गर्नु, भिटामिन युक्त सुई लगाउनु र ग्लुकोज चढाउनु।

२ जानाजानी वीर्य स्खलन गराउनु, चाहे सम्भोग गरेर होस् वा अन्य कुनै तरिकाले होस्। रमजानमा रोजाको अवस्थामा सम्भोग त गर्नु ठूलो पाप हो।

३ जानाजानी उल्टी गर्नु।

४ महिलाको विशेष मामिलाः महिनावारी र सुत्केरीको रगत आउनु।

## पवित्र महिना रमजान:

रमजान हिजरी वर्षको नवौं महिना हो र यो एक पवित्र र कल्याणकारी महिना हो। यसै महिनामा अल्लाह तआलाले आफ्ना अन्तिम सन्देश वाहक मुहम्मद ﷺ माथि पवित्र तथा अन्तिम ग्रन्थ कुर्आन अवतरण गर्नुभएको हो। अल्लाहले यस महिनामा दिनमा रोजा राख्ने र रातमा नमाज पढ्ने मानिसहरूको लागि पापहरू क्षमाको माध्यम बनाउनु भएको छ। त्यसैगरी यसै महिनामा पर्ने एउटा पवित्र तथा महान् रातलाई एक हजार महिना भन्दा पनि उत्तम रात बनाउनु भएको छ, जसलाई लैलतुल् कद्र भनिन्छ। जो व्यक्ति यस रातमा जाग्राम बसेर अल्लाहको स्तुति तथा उपासना गर्छ, अल्लाहले उसका विगतका सबै पापहरू क्षमा गर्नुहुन्छ।



**मुस्लिमहरूले रमजानको महिनामा तरावीह नमाजको आयोजना गर्छन्, जुन यस महिनासँग सम्बन्धित सुन्नतहरूमध्ये एक हो। तरावीहको नमाज ईशाको नमाजपछि पढ्ने गरिन्छ।**

## रमजानको समयमा रोजा छोड्न कसलाई अनुमति छ ?

अल्लाह तआलाले धेरै प्रकारका मानिसहरूलाई रमजानको दिनमा रोजा छोड्ने अनुमति दिनुभएको छ; ती हुन्:

१ त्यस्तो रोगी व्यक्ति जसलाई रोजा राख्दा हानि हुन्छ र उसको रोगमा वृद्धि हुन्छ ।

२ रोजा राख्न नसक्ने वृद्ध वृद्धाहरू ।

३ यात्रा गर्दै गरेको यात्रु ।

४ महिनावारी भएका महिला र सुत्केरी भएका महिलाहरू ।

५ गर्भवती र स्तनपान गराउँदै गरेका महिलाहरू; यदि उनीहरूले स्तनपान गराउँदा आफ्नो वा आफ्नो बच्चाहरूको लागि हानि हुने सम्भावना छ भने रोजा छोड्न अनुमति छ ।

### रोजासँग सम्बन्धित केही चेतावनी:

- जसले कुनै कारणवश रोजा तोड्छ, उसले रोजा तोडेका हरेक दिनको बदलामा रमजानपछि अरू दिन रोजा राख्नुपर्छ ।
- यदि रोग निको हुने आशा नभएको व्यक्तिले रोगको कारण रोजा राख्न नसकेर छोड्छ भने उसलाई रोजा नराख्न छुट छ, तर उसले प्रत्येक दिनको रोजाको बदलामा एकजना गरिबलाई खाना खुवाउनुपर्छ ।
- त्यसैगरी कुनै वृद्ध वृद्धाले पनि उमेर र कमजोरीको कारण रोजा राख्न सक्दैनन् भने तिनिहरूले पनि प्रत्येक दिनको रोजाको बदलामा एकजना गरिबलाई खाना खुवाउनुपर्छ ।



**मुस्लिमहरूले मग्रिबको आजान भएपछि रोजा खोल्छन् अथवा इफ्तार गर्छन्; प्रायजसो मुस्लिमहरू आफ्ना साथी भाइसँग सामूहिक रूपमा इफ्तार गर्न मन पराउँछन् ।**

# मूल्याङ्कन प्रश्नहरू

१ मुस्लिमहरूले रोजा किन राख्छन् भन्ने विषयको यो भिडियो क्लिप हेर्नुहोस् र रोजाबाट मुस्लिमहरूमा पर्ने प्रभावहरूको बारेमा छलफल गर्नुहोस्।



२ अल्लाहले धेरै प्रकारका मानिसहरूलाई रोजा तोड्ने अनुमति दिनुभएको छ। तिनीहरूमध्ये केहीलाई उल्लेख गर्नुहोस् र त्यसको रहस्य तथा फाइदाको बारेमा कुरा गर्नुहोस्।

३ आफ्नो रोजाको समयमा मुस्लिम व्यक्तिले कुन-कुन कुराहरू छोड्नुपर्छ:

- क) खानपानका चीजहरू।
- ख) यौन सम्पर्क।
- ग) उपर्युक्त दुबै कामहरू।

रोजा भङ्ग गर्ने कामहरू कतिवटा छन् ?

- क) ६ वटा
- ख) ५ वटा
- ग) ४ वटा



# नवौं पाठ

# हज

## प्रस्तावना

"हज" इस्लामका पाँच आधारहरू (अर्कान) मध्येको एउटा आधार हो । यो उपासनाका सबैभन्दा राम्रा कामहरूमध्ये एक हो, जसद्वारा मुस्लिम अल्लाह तआलाको नजिक आउँछ । यस पाठमा हामीले यसै महान् उपासनाबारे केही कुराहरू सिक्नेछौं ।

## हज भनेको के हो ?

हज एक महान् उपासनाको कार्य हो, जसको लागि आर्थिक र शारीरिक रूपमा सक्षम मुस्लिमहरू "हिजरी वर्ष" को अन्तिम महिना जिल्-हिज्जामा विशेष उपासना गर्नको लागि मक्का जान्छन् । हजको शाब्दिक अर्थ- इच्छा प्रकट गर्नु हो, यस उपासनामा काबाको दर्शन र केही उपासनाका कार्यहरूको इच्छा गरिन्छ । हज इस्लामका अर्कान (स्तम्भहरू) मध्येको पाँचौं अर्कान हो ।

> हिजरी वर्ष: नबी ﷺ ले आफ्नो जन्मभूमि मक्काबाट मदीना प्रवास (हिजरत) गरेको वर्ष हो । यो इस्लामी इतिहासको सबैभन्दा महत्त्वपूर्ण घटना पनि थियो। इस्लामका दोस्रो खलीफा उमर बिन् खत्ताब रजियल्लाहु अन्हुले नबी ﷺ को हिजरतको वर्षलाई "हिजरी" नाम दिएर इस्लामिक मिति प्रचलनमा ल्याउनुभएको हो । हिजरी वर्ष मुहर्रम महिनाबाट सुरु हुन्छ र जिल्-हिज्जामा समाप्त हुन्छ । मुस्लिमहरूले हिजरी वर्ष अनुसार समय र मिति निर्धारण गर्ने अनि उपासनाका कार्यहरू गर्ने गर्छन् ।

## हामीले हज किन गर्छौं ?

हामीले अल्लाहको आज्ञा पालन गरी उहाँको प्रसन्नता प्राप्त गर्न हज गर्छौं । हजमा अल्लाहको उपासनाको लागि बनाइएको प्राचीन घर काबाको तीर्थयात्रा गरिन्छ ।

## हजको हिक्मत र यसका फाइदाहरू:

- हज गर्नेहरूले पवित्र घर काबाको हज गरेका नबीहरूको सुन्नतको अनुसरण गर्छन् ।
- हाजीहरू उपासनामा व्यस्त हुन्छन् र एउटा उपासनाबाट अर्को उपासनामा सधैं दिनहरू बिताउँछन् ।
- विश्वभरिबाटै आएर पवित्र स्थल मक्कामा भेला भएका मुस्लिमहरूलाई भेट्छन्, जसबाट उनीहरूसँग चिनजान हुन्छ र एक-आपसमा सञ्चार तथा सम्बन्धको पुल बन्छ ।

### छलफल गर्नुहोस्

हज गरेका आफ्ना साथीहरूसँग छलफल गर्नुहोस् र उनीहरूबाट हज गर्दाको अनुभवबारे सोध्नुहोस् ।

## हज कसमाथि अनिवार्य छ ?

हज गर्नु सबै सक्षम मुस्लिम पुरुष र महिलाहरूका लागि जीवनमा एक पटक अनिवार्य छ, जो शारीरिक, आर्थिक र मानसिक रूपमा सक्षम छन्, ती सबैमाथि मक्कामा गएर हज गर्नु अनिवार्य छ ।

### हज सम्बन्धी विशेष जानकारी:

- मुस्लिमले हजको निश्चित स्थान (मक्का) बाहेक अन्य स्थानमा र वर्षको एक निश्चित समयमा बाहेक अन्य समयमा हज गर्न सक्दैन ।
- हजमा विभिन्न किसिमका उपासनाहरू गर्नुपर्ने हुन्छ, त्यसैले हज गर्न जाने व्यक्तिले हज गर्न जानुभन्दा पहिले उपासनाका ती कार्यहरू र तरिका सिक्नु जरुरी छ ।



**हरेक वर्ष विभिन्न देशबाट आएका मुस्लिमहरूको समूहले हज गर्ने गर्छन् । उनीहरू एकै किसिमको लुगा लगाउँछन्, त्यसैले त्यहाँ धनी र गरिबको पहिचान र भेदभाव हुँदैन ।**

# मूल्याङ्कन प्रश्नहरू

१ मुस्लिमहरूले किन हज गर्छन् ? भन्ने विषयको यो भिडियो हेर्नुहोस् र मानव स्वभावसँग अनुकूल हजको उपासनाका पक्षहरूको बारेमा बताउनुहोस् ।



२ मुस्लिमहरूले हज गर्ने गर्छन् ।

- ◯ क) रमजानको महिनामा ।
- ◯ ख) जिल्-हिज्जाको महिनामा ।
- ◯ ग) दिसेम्बरको महिनामा ।

एक मुस्लिम व्यक्तिको लागि अनिवार्य छ:

- ◯ क) जीवनमा एक पटक ।
- ◯ ख) जीवनमा दुई पटक ।
- ◯ ग) जब ऊ हज गर्न सक्षम हुन्छ ।

# आफ्नो व्यक्तिगत मूल्याङ्कन

| | शैक्षिक लक्ष्य | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | छैन | थोरै | राम्रोसँग | अति राम्रोसँग |
| १ | के तपाईंले उपासना (इबादत) को अर्थ बुझ्नुभयो ? | | | | |
| २ | के तपाईंले उपासनाका सर्तहरू बताउन सक्नुहुन्छ ? | | | | |
| ३ | के तपाईंले उपासनाका प्रकारहरू उल्लेख गर्न सक्नुहुन्छ ? | | | | |
| ४ | के तपाईंले पवित्रता (तहारत) को अर्थ बुझ्नुभयो ? | | | | |
| ५ | के तपाईंलाई पवित्रताका प्रकारहरू थाहा छन् ? | | | | |
| ६ | के तपाईंले वजूको तरिका व्याख्या गर्न सक्नुहुन्छ? | | | | |
| ७ | के तपाईंलाई थाहा छ वजू कुन-कुन कुराले भङ्ग गर्छ ? | | | | |
| ८ | के तपाईंलाई मोजाहरूमाथि मसहको तरिका थाहा छ ? | | | | |
| ९ | के तपाईंलाई गुस्ल (स्नान) को तरिका थाहा छ ? | | | | |
| १० | के तपाईंलाई थाहा छ गुस्ल कुन-कुन कारणले अनिवार्य हुन्छ ? | | | | |
| ११ | के तपाईंलाई थाहा छ अपवित्र (जनाबत) भएको व्यक्तिले कुन-कुन उपासना गर्न निषेध छ ? | | | | |
| १२ | के तपाईंलाई थाहा छ महिलाबाट कति प्रकारका रगतहरू निस्कन्छन् ? | | | | |
| १३ | के तपाईंलाई थाहा छ महिलाको रगत सम्बन्धी महत्त्वपूर्ण आदेशहरू के-के हुन् ? | | | | |
| १४ | के तपाईंले नमाजको अर्थ बुझ्नुभयो ? | | | | |
| १५ | के तपाईंलाई थाहा छ हामीले नमाज किन पढ्छौं ? | | | | |
| १६ | के तपाईंलाई थाहा छ नमाजका लागि सर्तहरू के-के हुन् ? | | | | |
| १७ | के तपाईंलाई थाहा छ दैनिक पढिने पाँच नमाज कुन-कुन हुन् ? | | | | |
| १८ | के तपाईंलाई नमाजको तरिका थाहा छ ? | | | | |
| १९ | के तपाईंलाई जुमाको नमाजको तरिका थाहा छ ? | | | | |

| | शैक्षिक लक्ष्य | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | छैन | थोरै | राम्रोसँग | अति राम्रोसँग |
| २० | के तपाईं जकातको अर्थ बुझ्नु हुन्छ ? | | | | |
| २१ | के तपाईंलाई  थाहा छ हामीले जकात किन दिन्छौं ? | | | | |
| २२ | के तपाईंलाई थाहा छ कुन-कुन धन-सम्पत्तिमा जकात अनिवार्य छ ? | | | | |
| २३ | के तपाईंलाई जकातका सर्तहरू थाहा छन् ? | | | | |
| २४ | के तपाईंलाई थाहा छ जकातका हकदारहरू को-को हुन् ? | | | | |
| २५ | के तपाईंलाई रोजा (सौम) को अर्थ थाहा छ ? | | | | |
| २६ | के तपाईंलाई थाहा छ हामीले किन रोजा राख्छौं ? | | | | |
| २७ | के तपाईंलाई फर्ज रोजाको बारेमा जानकारी छ ? | | | | |
| २८ | के तपाईंलाई रोजा तोड्ने कुराहरूबारे थाहा छ ? | | | | |
| २९ | के तपाईंलाई थाहा छ रमजानमा कसका लागि रोजा नराख्ने अनुमति छ ? | | | | |
| ३० | के तपाईंलाई थाहा छ हज भनेको के हो ? | | | | |
| ३१ | के तपाईंलाई थाहा छ हामीले हज किन गर्छौं ? | | | | |
| ३२ | के तपाईलाई थाहा छ हज कस्तो व्यक्तिमाथि अनिवार्य छ ? | | | | |
| ३३ | के तपाईंले सही तरिकाले पूर्ण रूपमा वजू गर्न सक्नुहुन्छ ? | | | | |
| ३४ | के तपाईंले सही तरिकाले पूर्ण रूपमा गुस्ल गर्न सक्नुहुन्छ ? | | | | |
| ३५ | के तपाईंले सही तरिकाले पूर्ण रूपमा नमाज पढ्न सक्नुहुन्छ ? | | | | |
| ३६ | के तपाईले इस्लाम धर्मको सहजता र सहिष्णुता महसुस गर्नुहुन्छ ? | | | | |



चौथो एकाइ

# इस्लामिक विधिविधानहरू







## पाठ एकाइ:

१ पोसाक (लिबास)

२ खाना-पिना

३ आर्थिक कारोबार तथा मामिलाहरू

४ नैतिकता आचरण







## पहिलो पाठ

# पोसाक (लिबास)

### प्रस्तावना

मानिसले लगाउने पोसाक अल्लाहका नेअमत (वरदान) हरूमध्येको एक वरदान हो। अल्लाहले भन्नुभएको छः

﴿ يَٰبَنِيٓ ءَادَمَ قَدۡ أَنزَلۡنَا عَلَيۡكُمۡ لِبَاسٗا يُوَٰرِي سَوۡءَٰتِكُمۡ وَرِيشٗاۖ وَلِبَاسُ ٱلتَّقۡوَىٰ ذَٰلِكَ خَيۡرٞۚ ذَٰلِكَ مِنۡ ءَايَٰتِ ٱللَّهِ لَعَلَّهُمۡ يَذَّكَّرُونَ ﴾

(الأعراف:26)

“हे आदमका सन्तान ! हामीले तिमीहरूका लागि पोसाक बनायौं, जसबाट तिम्रा गुप्ताङ्गहरू ढाकियोस्, तिम्रो शरीरको रक्षा र शोभा पनि होस्। उत्तम पोसाक आत्मसंयम (तक्वा) नै हो। यो अल्लाहका निशानीहरूमध्ये एक हो, ताकि मानिसहरूले स्मरण गरुन्।” (सूरतुल्-आराफः ७/ २६)

हामीले यस पाठमा पोसाकसँग सम्बन्धित केही नियमहरूबारे जानकारी हासिल गर्नेछौं।

### मौलिक पोसाकको सिद्धान्तः

पोसाक अथवा लुगा सम्बन्धी आधारभूत सिद्धान्त मुबाह (अनुमति योग्य) छ। भनाइको तात्पर्य- पवित्र ग्रन्थ कुर्आन र नबी ﷺ को सुन्नतमा निषेध गरिएका पोसाकहरू बाहेक अन्य कुनै पनि पोसाकहरू निषेधित छैनन्।

निषेधित भन्नाले कुर्आन र नबी ﷺ को सुन्नतमा मनाही गरिएका लुगा तथा पोसाकहरू हुन्। कुर्आन र सुन्नतमा उल्लेख गरिएका बाहेक अन्य सबै किसिमका लुगाहरू लगाउन इस्लाममा अनुमति छ।

### छलफल गर्नुहोस्

लुगा कपडाहरूबाट के आवश्यकताहरू पूरा हुन्छन् ?

............................................................

............................................................

............................................................

............................................................

## अवैध पोसाकः

अल्लाह तआलाले निम्नलिखित किसिमका लुगाहरू लगाउन निषेध गर्नुभएको छः

- गुप्ताङ्गहरू र शरीरका पर्दा गर्नुपर्ने अङ्गहरू नढाकिने किसिमका लुगाहरू ।
- विपरीत लिङ्गको नक्कल गर्ने लुगाहरू, जस्तै- पुरुषको लुगा महिलाले र महिलाको लुगा पुरुषले लगाउनु ।
- घमन्ड देखाउने र अहङ्कार महसुस गराउने किसिमका लुगाहरू ।
- प्रसिद्ध हुने उद्देश्यका खर्चिला किसिमका लुगाहरू ।
- पुरुषहरूले रेशमका लुगा लगाउन र सुनका गहनाहरू लगाउन ।
- कुनै विशेष धर्मको पहिचान झल्काउने किसिमका लुगाहरू, जस्तै- पुजारी, पण्डित र भिक्षु आदिका लुगाहरू ।

पर्दा गर्नुपर्ने अङ्ग भन्नाले गोप्य राख्नुपर्ने अथवा मानिसहरूको सामु देखाउन नहुने अङ्गहरू हुन् । पुरुषले पर्दा गर्नुपर्ने गोप्य अङ्ग नाभिदेखि घुँडासम्म हो भने महिलाको लागि गैर महरम व्यक्तिको सामु पर्दा गर्नुपर्ने पुरै शरीर हो । तर बुवा, छोरा, भाइ, भतिजा जस्ता महरमको सामु महिलाले आफ्नो अनुहार, कपाल, घाँटी, हात र खुट्टाहरू देखाउन अनुमति छ ।

आफ्ना साथीहरूसँग निषेध गरिएका पोसाकहरू र निषेध गर्नुका कारणहरूको बारेमा छलफल गर्नुहोस् ।



अल्लाहको नबी ﷺ ले पुरुषहरूलाई महिलाको अनुरूपता अपनाउन र महिलाहरूलाई पुरुषको अनुरूपता अपनाउन मनाही गर्नुभएको छ । यस अन्तर्गत एकै किसिमका पोसाकहरू, पहिरन तथा शृङ्गारको तरिका र बोली व्यवहार पर्छन् । नबी ﷺ ले पुरुष र महिलाको एक अर्कामा अनुरूपता तथा नक्कललाई ठूला पापहरूमध्ये एक भन्नुभएको छ र जसले यस्तो कार्य गर्छ र कार्य गरिसकेको भए क्षमायाचना गर्दैन उसलाई अल्लाहको यातना तथा सजायको चेतावनी पनि दिनुभएको छ । इस्लामले चाहन्छ महिला र पुरुषको रूप भिन्न र उत्तम होस् । यो मानव सोच र प्रकृति अनुसार सही पनि हो ।

### अभ्यास

**पुरुषहरूका लागि मात्र निषेधित लुगाहरू र पुरुष महिला दुबैका लागि निषेधित लुगाहरूमा निसानी लगाउनुहोस् ।**



- गोप्य तथा शरीरका पर्दा गर्नुपर्ने अङ्गहरू नढाकिने किसिमका लुगाहरू
- विपरीत लिङ्गको नक्कल गर्ने लुगाहरू
- प्रसिद्ध हुने उद्देश्यका खर्चिला किसिमका लुगाहरू
- घमन्ड देखाउने र अहङ्कार महसुस गराउने किसिमका लुगाहरू
- कुनै विशेष धर्मको पहिचान झल्काउने किसिमका लुगाहरू
- रेशमका लुगा र सुनका गहनाहरू



### छलफल गर्नुहोस्

के पुरुष वा महिलाको लागि उपयुक्त पोसाक निर्धारण गर्ने आधार वर्तमान फेसन, प्रवृत्ति, चलन, परम्पराका नियमहरू हुन सक्छन् ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

## मूल्याङ्कन प्रश्नहरू

१ निषेधित पोसाक तथा लुगाहरूको बारेमा सोच्नुहोस्, त्यसपछि ती पोसाकलाई निषेध गर्ने शरई नियमहरूको बारेमा भन्नुहोस् ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

२ सही उत्तर छान्नुहोस्:

■ सुन लगाउन निषेध गरिएको छ:

- ◯ क) पुरुषहरूलाई ।
- ◯ ख) महिलाहरूलाई ।
- ◯ ग) बाल-बालिकाहरूलाई ।

■ पुरुषहरूका लागि निषेध गरिएका चीजहरू:

- ◯ क) ऊन लगाउन ।
- ◯ ख) रेशम लगाउन ।
- ◯ ग) माथिका सबै ।



## दोस्रो पाठ

# खानापिना

### प्रस्तावना

मुस्लिमहरूले खानापिनालाई अल्लाहको वरदान (नेअमत) को सम्झन्छन् र यसको लागि अल्लाहको कृतज्ञता पनि व्यक्त गर्नुपर्छ । अल्लाहको कृतज्ञता व्यक्त गर्नु भनेको उहाँको उपासनाहरूमा परहेजगारी तथा आत्मसंयमता (तक्वा) अपनाउनु हो । यस पाठमा हामीले खानापिना सम्बन्धी नियम, तथा विधिविधानहरूको बारेमा सिक्नेछौं । त्यसैगरी हामीले मुस्लिमले खान नहुने हराम खानापिनाको बारेमा पनि जानकारी हासिल गर्नेछौं ।

## खानापिनाको मूल सिद्धान्त

खानापिनाको आधारभूत सिद्धान्त हो- हलाल चीजहरू सबै मुबाह (वैध) छन् । भनाइको तात्पर्य पवित्र ग्रन्थ कुर्आन र नबी ﷺ को सुन्नतमा निषेध गरिएका बाहेक सबै पवित्र तथा सफा खानपानका चीजहरू वैध (हलाल) छन् । अल्लाह तआलाले भन्नुभएको छः

﴿يَٰٓأَيُّهَا ٱلنَّاسُ كُلُواْ مِمَّا فِي ٱلۡأَرۡضِ حَلَٰلٗا طَيِّبٗا﴾ (البقرة: 168)

"मानिसहरू ! धर्तीमा भएका हलाल (वैध) चीजहरू खाऊ ।" (सूरतुल्-बकरः २/ १६८)

## निषेधित खाना तथा पेय पदार्थहरू

अल्लाह तआलाले केही खाना तथा पेय पदार्थहरू निषेध गर्नुभएको छ; जो यस प्रकार छन्ः

- रक्सी; यसले दिमागलाई सुस्त र अचेत बनाउँछ अनि स्वास्थ्यलाई हानि गर्छ । शरीर र दिमागको संरक्षण गर्नु इस्लामिक कानुन (शरीअत) को उद्देश्य हो ।
- नशालु चीजहरू; किनभने सबै किसिमका नशालु चीजहरूले दिमाग र स्वास्थ्यलाई हानि गर्छन् । जस्तै- ड्रग्स, हिरोइन, चरेस, गाँजा, आदि ।
- इस्लामिक तरिकाले जब्ह (वध) नगरी मरेका जनावरहरू र अल्लाहको नाम नलिइकन वध गरिएका जनावरहरू; जस्तै- लडेर, कसैले हानेर वा रोगले मरेका जनावरहरू आदि ।
- सुँगुरको मासु; सुँगुरको मासु अशुद्ध हुन्छ र स्वास्थ्यको लागि हानिकारक हुन्छ ।
- सिकारी पंक्षी र जनावरहरू; जस्तै- सिंह, बाघ, चितुवा, स्याल, भालु, चील, बाज, कौवा आदि जस्ता नङ्ग्रा र दाह्राले सिकार गर्ने प्राणीहरू ।
- असत्य ईश्वर तथा असत्य पूज्यहरूको नाममा चढाइएका वा बली दिइएका वस्तु तथा जनावरहरू; जस्तै- मूर्ति, मजार, दरगाह आदिमा चढाइएका जनावरहरू ।

इस्लामिक कानुन (शरीअत): इस्लामिक कानुन भनेको शरीअतको जानकारी हासिल गर्ने विज्ञान हो । जस्तै- अल्लाहले किन र के कामका लागि नियम तथा कानुनहरू बनाउनुभयो ।

## इस्लामिक शरई जबहका सर्तहरू के-के हुन् ?

**शरई जबह भनेको त्यो जबह हो जो निम्नलिखित सर्तहरू अनुसार मासुको लागि जनावर वध गरिएको हुन्छः**

१ जबह गर्ने व्यक्ति मुस्लिम, यहूदी वा इसाई हुनुपर्छ, उसको उद्देश्य मासुको खानको लागि जब्ह गर्ने हुनुपर्छ।

२ जबह गर्ने हतियार वा मेसिन त्यस्तो हुनुपर्छ जसले जबह गरेर रगत बगाउन सकोस्। जस्तै- चक्कु, खुकुरी आदि। कुनै वजनदार वस्तुले थिचेर, टाउकोमा हानेर, जलाएर, पानीमा डुबाएर र बिजुलीको झटका प्रयोग गरेर जनावरलाई वध गर्न निषेध गरिएको छ र यसरी वध गरिएको जनावर खान अवैध छ।

३ अल्लाहको नाम लिएर "बिस्मिल्लाह" भनेर जबह गर्नुपर्छ।

४ जबहमा काट्नुपर्ने नलीहरू काट्नुपर्छ। घाँटी र त्यस भित्रका तीनवटा नलीहरूमध्ये दुईवटा अनिवार्य काट्नुपर्छ।

## सामुद्रिक जनावरहरू खाने सम्बन्धमा इस्लामिक शरीअतको आदेश के छ ?

पानीमा मात्रै बस्ने, पानी बाहिर बाँच्न नसक्ने माछा, झिंगामाछा आदि लगायतका सबै जलचरहरू खानु वैध छ, समुद्र, तलाउ, पोखरी, खोला आदि, जहाँ बस्ने भएपनि अनुमति छ। यदि पानीमा मात्रै बाँच्ने जनावरहरू जब्ह गरिएको छैन भने पनि त्यसलाई खानु वैध छ।



**नोट- नङ्ग्रा र दाह्राले चिरफार गरेर सिकार गर्ने जनावर तथा चराचुरुङ्गीहरू बाहेक अन्य जनावर र चराचुरुङ्गीहरू अल्लाहको नाम लिएर "बिस्मिल्लाह" भनी सिकार गरेर वा समाती जब्ह गरेर खान पनि अनुमति छ।**

## रेस्टुरेन्ट र पसलहरूमा जबह गरिएका जनावरहरू सम्बन्धी शरई नियम

1. गैर मुस्लिमहरू; जस्तै- हिन्दू, बौद्ध, सिख, मजुसी, नास्तिक आदिले जब्ह गरेको जनावरको मासु खानु जायज छैन।
2. मुस्लिम, यहूदी वा इसाईले शरई तरिकाले जब्ह गरेको भए खानु जायज छ।
3. कुनै मुस्लिम, यहूदी वा इसाईले गैर शरई तरकाले जब्ह गरेको मासु खानु जायज छैन। जस्तै- जानी-जानी बिस्मिल्लाह नभनेर जब्ह गरेको, करेन्ट लगाएर मारेको, टाउकोमा कुनै भारी वस्तुले हानेर मारेको आदि।
4. ध्यान दिनुपर्ने कुरा के छ भने, इसाई वा यहूदीले वैधानिक तरिकाले जब्ह गरेका छन् भने तिनको पसल वा रेष्टुरन्टहरूबाट किनेर खाँदा बिस्मिल्लाह भनेर खानुपर्छ। यद्यपि मुस्लिमले खानपानको मामिलामा सावधानी अपनाउनु पर्छ, अल्लाहको नाम लिएर जब्ह गरिएको र इस्लामिक शरीअतले अनुमति प्रदान गरेको हलाल मासु मात्र खानुपर्छ, जहाँ पायो त्यहीँ र जस्तो पायो त्यस्तै मासु खानुहुँदैन।

### छलफल गर्नुहोस्

तपाईंका साथीहरूसँग केही वेबसाइटहरू समीक्षा गर्नुहोस्, जसले तपाईंलाई आफ्नो देशमा स्वीकार्य खाद्य पदार्थहरू प्राप्त गर्न मद्दत गर्दछ।

.............................................................................................

.............................................................................................

.............................................................................................

.............................................................................................



पसल र रेष्टुरेन्टहरूमा बेचिने पशुहरूको जब्ह गर्ने तरिका व्यक्तिको धर्मअनुसार फरक-फरक हुन्छ।

## मूल्याङ्कन प्रश्नहरू

१ निषेधित खाना र पेय पदार्थहरू स्मरण गर्नुहोस्, त्यसपछि तिनिहरूलाई निषेध गर्ने शरई नियमहरूको बारेमा लेख्नुहोस् ।

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

२ यदि कुनै यहूदी वा इसाई व्यक्तिले जनावर जब्ह गरेको छ भने त्यसमा अल्लाहको नाम नलिइकन जब्ह गरेको भएपनि त्यसलाई खान अनुमति छ; सही वा गलत ?

○ सही ○ गलत

करेन्ट वा बिजुलीको झटका लागेर मरेको जनावरको मासु खान जायज छैन; सही वा गलत ?

○ सही ○ गलत



## तेस्रो पाठ

# आर्थिक कारोबार तथा मामिलाहरू

### प्रस्तावना

इस्लाम धर्मको महानता तथा श्रेष्ठतामध्ये एक यो पनि हो कि यसले मानव जीवनका सबै पक्षहरूलाई सम्बोधन गरेको छ। यसले मानिसहरूले एक अर्कासँग गर्ने व्यवहार तथा मामिलालाई विशेष ध्यानमा राख्दै सही मार्गदर्शन र व्यवस्थापन गरेको छ। ताकि प्रत्येकको हक अधिकार सुरक्षित होस् र कसैले कसैलाई अन्याय नगरोस्। ध्यानमा राख्नुको तात्पर्य उनीहरू बीचको आर्थिक लेनदेन र मामिलालाई नियन्त्रण गर्ने कानुन र त्यसको कार्यान्वयन हो। यस पाठमा हामीले आर्थिक कारोबार तथा मामिला सम्बन्धी केही नियमहरू र त्यसलाई निषेध गर्ने कारणहरूबारे जानकारी हासिल गर्नेछौं।

## आर्थिक कारोबार भनेको के हो ?

आर्थिक कारोबार: यस अन्तर्गत सबै किसिमका आर्थिक लेनदेन र कारोबारहरू पर्छन्। जस्तै- पैसाले पैसा साट्नु, पैसाले कुनै वस्तु किन्नु, कुनै वस्तुले अर्को वस्तु साट्नु, किराया तथा भाडामा कुनै घर वा कुनै वस्तु दिनु, सित्तैमा कुनै वस्तु दिनु, उपहार दिनु आदि।

## आर्थिक लेनदेनको सिद्धान्त:

आर्थिक लेनदेनको आधारभूत सिद्धान्त यो हो कि पवित्र ग्रन्थ कुर्आन र नबी ﷺ को सुन्नतमा निषेध गरिएका बाहेक सबै किसिमका आर्थिक कारोबार जायज र अनुमति योग्य छन्।

> आर्थिक कारोबार तथा मामिलाहरूको आधारभूत सिद्धान्त हो- कुर्आन र हदीसमा मनाही गरिएका बाहेक सबै जायज छन्, तर उपासनाको आधारभूत सिद्धान्त यसको ठीक विपरीत छ, उपासनाका कार्यहरूमा कुर्आन र नबी ﷺ को सुन्नतबाट प्रमाणित बाहेक सबै अवैध छन्।

## निषेधित आर्थिक कारोबार:

**अल्लाह तआलाले केही आर्थिक कारोबारहरू निषेध गर्नुभएको छ; जस्तै-**

- मानिसहरूको माल गैर कानुनी तरिकाले लिनु; जस्तै- ढाँटर, छलकपट गरेर, जबरजस्ती बल प्रयोग गरेर आदि।
- किन्ने वा बेच्ने व्यक्तिमध्ये कुनै एकले नचाहँदा नचाहँदै पनि जबरजस्ती बाध्य पारेर किन्नु वा बेच्नु।
- मानव स्वास्थ्यको लागि हानिकारक चीजहरू किनबेच गर्नु; जस्तै- रक्सी, सिगरेट, सुर्ती तथा अन्य लागू पदार्थहरूको किनबेच, लेनदेन, ढुवानी आदि गर्नु।
- अज्ञात (अस्पष्ट) वस्तुको किनबेच तथा लेनदेन; जस्तै- कुनै बाकस भित्र के छ भन्ने थाहा नभइकन किनबेच गर्नु।
- जुवा-तास र सट्टाबाजी खेल्नु, खेलाउनु र त्यसबाट आएको मालको लेनदेन गर्नु गराउनु।

## आर्थिक लेनदेन अवैध गर्ने केही कारणहरू:

आर्थिक लेनदेनलाई अवैध गर्ने मुख्य कारणहरू हुन्-




### छलफल गर्नुहोस्



एक मुस्लिमले आफ्नो जीवनमा जुन-जुन आर्थिक लेनदेनको कारोबार गर्छ, त्यसको प्रकाशमा के वैध छ र के अवैध छ भनेर कसरी थाहा हुन्छ ?

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

## अभ्यास

तलका प्रत्येक अभिव्यक्तिलाई तिनको सान्दर्भिकता अनुसार उपयुक्त ठाउँमा राख्नुहोस्:

- रक्सी बेच्नु
- घूसको लेनदेन
- अनलाइन कपडा किन्नु
- हानिकारक पदार्थहरूको ओसारपसार
- कसैलाई पैसा दिएर केही प्रतिशत बढाएर फिर्ता लिनु
- पिउने पानी बेच्नु
- सहभागीहरूसँग पैसा लिएर विजेतालाई दिने प्रतियोगिताहरू

**वैध आर्थिक कारोबार:**

**अवैध आर्थिक कारोबार:**



ब्याज अवैध आर्थिक लेनदेनमध्ये एक हो, किनभने यसले ठूलो हानि गर्छ। यो इस्लाममा ठूला पापहरूमध्ये एक मानिन्छ, त्यसैले यसमा सहभागी सबैलाई अल्लाहले कडा सजायको चेतावनी दिनुभएको छ।

## मूल्याङ्कन प्रश्नहरू

१ अवैध अथवा निषेधित आर्थिक लेनदेनहरूको बारेमा सोच्नुहोस्, त्यसपछि तिनिहरू निषेध हुनुको कारणहरूको बारेमा छलफल गर्नुहोस्।

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

२ दुबै पक्ष सहमत भएर जुवा खेल्नु जायज छ; सही वा गलत ?

◯ सही ◯ गलत

मुस्लिम व्यक्तिले आवश्यक परेमा ब्याजमा ऋण लिनु अनुमति छ; सही वा गलत ?

◯ सही ◯ गलत



## चौथो पाठ

# नैतिक आचरण

### प्रस्तावना

इस्लामले आफ्ना अनुयायीहरूलाई असल नैतिकता तथा उच्च आचरण अपनाउन प्रोत्साहित गरेको छ। अल्लाहको नबी ﷺ ले पनि आफ्नो व्यवहार र उपदेशहरूद्वारा उच्च आचरणको महत्त्वबारे बताउनु भएको छ। मुस्लिमहरूले गर्ने धेरैजसो उपासनाका कार्यहरू पनि नैतिकता र असल आचरणसँग सम्बन्धित छन्। राम्रो आचरण भएको मुस्लिमको लागि यसलोक र परलोकमा पनि ठूलो पुरस्कारको वाचा गरिएको छ। यस पाठमा हामीले इस्लाममा नैतिकताको महत्त्व र यसका केही सद्गुणहरू व्याख्या सहित सिक्नेछौं।

### इस्लाममा नैतिक आचरण:

- इस्लाममा राम्रो नैतिक आचरणको ठूलो महत्त्व छ, किनभने यो इस्लामिक शरीअत (कानुन) का लक्ष्यहरू मध्येको एक हो र नबी ﷺ लाई यस संसारमा पठाउनुका उद्देश्यहरू मध्येको एउटा उद्देश्य पनि हो।
- नैतिकता तथा असल आचरणको ईमान (आस्था) सँग घनिष्ठ सम्बन्ध छ।
- त्यसैले असल आचरणले मानिसको ईमान पनि उच्च र पूर्ण हुनजान्छ। असल आचरण भएको मुस्लिम नमाजी र रोजेदार झैँ ठूलो पुण्य पुरस्कारको भागीदार हुनेछ।

### छलफल गर्नुहोस्

मुस्लिमले अरूसँग कस्तो व्यवहार गर्नुपर्छ ? के असल आचरणले इस्लाममा उनीहरूको निर्णयमा प्रभाव पार्छ ?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

## असल आचरणको श्रेष्ठता

- नबी ﷺ ले भन्नुभएको छ, मानिसहरूलाई सबैभन्दा बढी जन्नतमा प्रवेश गराउने चीज अल्लाहको डर (तक्वा) र राम्रो आचरण हुनेछ।
- उहाँ ﷺ ले यो पनि भन्नुभएको छ, कयामतको दिन मानिसको कर्मको तराजुमा सबैभन्दा भारी चीज जो राखिनेछ, त्यो राम्रो आचरण हुनेछ।
- अनि यो पनि भन्नुभएको छ, कयामतको दिन उहाँको सबैभन्दा नजिक हुने मोमिनहरू असल आचरण भएका मोमिनहरू हुनेछन्।

मानिसको कर्मको तराजु: कयामतको दिन मानिसहरूका राम्रा र नराम्रा कर्महरूलाई एउटा विशेष तराजुमा तौलिने छ, त्यसको आकार प्रकारको बारेमा कसैलाई थाहा छैन। त्यस तराजुमा मानिसहरूका कर्महरू राखिनेछन्। जसको सत्कर्मको पल्ला भारी हुनेछ, ऊ स्वर्गमा जानेछ र जसको दुष्कर्मको पल्ला भारी हुनेछ, ऊ नर्कमा जानेछ।

### अभ्यास

**तलका प्रत्येक अभिव्यक्तिलाई तिनको सान्दर्भिकता अनुसार उपयुक्त ठाउँमा राख्नुहोस्:**

- खुशुअ (विनम्रता)
- मानिसहरू सामु प्रसन्न मुद्रामा हुनु
- बाटोबाट हानिकारक चीजलाई हटाउनु
- इमानदारी
- रजा (आशा)
- अरूलाई सहयोग गर्नु
- भलाइका कार्यहरूमा साथ दिनु

**असल नैतिकताका कुराहरू:**

**हृदयबाट गरिने उपासनाहरू:**

## इस्लाममा नैतिक आचरणको क्षेत्र:

**इस्लाममा नैतिक आचरणको एउटा मात्र क्षेत्र छैन, यसका धेरै क्षेत्रहरू छन्, जो यस प्रकार छन्:**

- अल्लाह तआलाको लागि गरिने मामिलाहरूमा नैतिक आचरण; जस्तै- अल्लाहको डर र उहाँको उपासनामा शुद्धता (इख्लास)।
- अल्लाहको रसूल ﷺ सँगको मामिलामा नैतिक आचरण; जस्तै- उहाँ ﷺ लाई माया गर्नु, सम्मान गर्नु, उहाँको बारेमा कुरा गर्दा विनम्रता अपनाउनु, अनि उहाँको नामको चर्चा गर्दा उहाँको लागि दुआ गर्नु र दरूद पठाउनु।
- इस्लामी शरीअतको मामिलामा नैतिक आचरण; जस्तै- शरीअतका आदेशहरूलाई स्वीकार गर्नु, सम्मान गर्नु र व्यवहारिक रूपमा पालना गर्नु।
- आफ्नो व्यक्तिगत मामिलामा नैतिक आचरण; जस्तै- आफैले आफूमाथि अत्याचार नगर्नु, अल्लाहको आदेश पालन र रसूल ﷺ को सुन्नतको अनुसरण गर्नु, शरीअतका आदेशहरूको विनम्रता पूर्वक स्वीकार गर्नु र अल्छी नहुनु।
- अरूसँगको व्यवहारमा नैतिक आचरण; जस्तै- सच्चाइ, इमानदारी तथा अमानतदारी, प्रसन्न मुद्रामा अरूसँग भेटघाट गर्नु, इत्यादि।
- जनावरहरूसँगको व्यवहारमा नैतिक आचरण; जस्तै- उनीहरूको हेरचाह गर्नु, उनीहरूको लागि चाराको व्यवस्था गर्नु, कुटपिट नगर्नु, यातना नदिनु, इत्यादि ।
- वातावरणप्रतिको मामिलामा नैतिक आचरण; जस्तै- प्राकृतिक तथा सामुदायिक चीजहरूको संरक्षण गर्नु, वातावरणलाई खराब हुनबाट जोगाउनु, वृक्षहरू रोप्नु, प्रकृतिका स्रोत-साधन खेर नफाल्नु, इत्यादि ।

अधिक जानकारीको लागि

**इस्लाममा नैतिक आचरणको श्रेष्ठता र सद्गुणहरू अनि मानवमा यसको प्रभावबारे थप जान्नको लागि, "इस्लाम शान्तिको धर्म हो" भन्ने पुस्तक पढ्नुहोस्, जुन "Osoulstore.com" मा विभिन्न अन्तर्राष्ट्रिय भाषाहरूमा उपलब्ध छ ।**

पुस्तक डाउनलोड गर्न बारकोड स्क्यान गर्नुहोस्।



इस्लाममा नैतिक आचरण मानवसँग व्यवहार गर्नमा सीमित छैन, बरु यसको दायरा जनावर र वातावरणसँग गरिने व्यवहारसम्म विस्तृत छ।

## मूल्याङ्कन प्रश्नहरू

१ "The beauties of Islam" (इस्लामका सुन्दरताहरू) विषयको यो क्लिप हेरेर: इस्लामले मानवको आध्यात्मिक र नैतिक आवश्यकताहरू कुन हदसम्म पुरा गरेको छ? बयान गर्नुहोस् ।

भिडियो हेर्नको लागि बारकोड स्क्यान गर्नुहोस् ।

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

२ नबी ﷺ को एउटा हदीस उल्लेख गर्नुहोस्, जसले राम्रो नैतिक आचरणका सद्गुण र महत्त्वलाई सङ्केत गर्छ ।

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

३ इस्लाममा नैतिक आचरण मानिससँगको व्यवहारमा मात्र सीमित छ; सही वा गलत ?

◯ सही ◯ गलत

# आफ्नो व्यक्तिगत मूल्याङ्कन

| | शैक्षिक लक्ष्य | मूल्याङ्कन स्तर | | | |
|---|---|---|---|---|---|
| | | छैन | थोरै | राम्रोसँग | अति राम्रोसँग |
| १ | के तपाईंले इस्लामिक पोसाकको आधारभूत सिद्धान्त व्याख्या गर्न सक्नुहुन्छ ? | | | | |
| २ | के तपाईलाई निषेधित पोसाकको बारेमा थाहा छ ? | | | | |
| ३ | के तपाईलाई थाहा छ खाना र पेय पदार्थको आधारभूत सिद्धान्त के हो ? | | | | |
| ४ | के तपाईलाई निषेधित खानाबारे थाहा छ ? | | | | |
| ५ | के तपाईलाई निषेधित पेय पदार्थहरूबारे थाहा छ ? | | | | |
| ६ | के तपाईंले आर्थिक लेनदेनको आधारभूत सिद्धान्तको बारेमा सिक्नुभयो ? | | | | |
| ७ | के तपाईंलाई निषेधित आर्थिक कारोबारको बारेमा थाहा छ ? | | | | |
| ८ | के तपाई इस्लाम धर्मको सहजता र सहिष्णुता महसुस गर्नुहुन्छ ? | | | | |

# समापन

**अन्तमा हामी भर्खर सिक्दै गरेका मुस्लिमलाई निम्नलिखित सल्लाह सुझाव दिन्छौं:**

- तपाईंले आफ्नो धार्मिक मामिलामा जुन कुराहरूको आवश्यकता पर्छ ती कुराहरू अवश्य सिक्नेछु भन्ने दृढ सङ्कल्प गर्नुहोस् । अनि धार्मिक मामिलाका कुराहरू सिक्दा विश्वसनीय श्रोतहरूबाट मात्र सिक्नुहोस्, चाहे ती धर्मविद्हरू होऊन् वा प्रचारकहरू वा अडियोहरू वा भिडियोहरू वा वेबसाइटहरू ।
- ज्ञान प्राप्त गरेपछि त्यसलाई व्यवहारमा लागू गर्नुहोस्, किनभने मुस्लिमले उपयोगी ज्ञानका कुराहरू सिकेर त्यसै अनुसार काम गर्नुपर्छ ।
- पहिले ज्ञान प्राप्त गर्नुहोस् अनि कर्म गर्नुहोस्, किनभने ज्ञान प्राप्ति, नैतिक विकास र उपासनाका कार्यहरू एकसाथ प्राप्त गर्न सकिंदैन, बरु एक पछि अर्को गरेर निरन्तर लागेमा प्राप्त गर्न सकिन्छ ।
- ईमान तथा आस्थामा नकारात्मक असर पार्ने कुराहरूबाट टाढा रहनुहोस्; चाहे त्यो शङ्का होस् वा इच्छा होस् ।
- सही मार्गदर्शनको लागि अल्लाह तआलासँग दुआ गर्दै रहनुहोस्, अनि सत्य र असत्यमा फरक गर्नुहोस् ।
- इस्लामिक विधिविधान तथा आदेशहरू क्षमतासँग सम्बन्धित छन्, त्यसैले आफूले गर्न नसक्ने कामको बोझ नउठाउनुहोस् र गर्न सक्ने काम गर्नुहोस् ।
- असल र धार्मिक व्यक्तिहरूको सङ्गत गर्नुहोस्, यसले तपाईंको ईमान र धार्मिकता बढाउँछ, अनि गलत चाहना भएका र शङ्कास्पद व्यक्तिहरूबाट टाढा बस्नुहोस् ।

# अन्तिम परीक्षा

| नाम | पूर्णाङ्क: /४० अङ्क |
|---|---|

क) निम्नलिखित प्रश्नहरूका सही उत्तर छान्नुहोस्: १५ अङ्क

**१** अल्लाह तआलाले मानिसलाई कस-कसमा पाइने विशेषता प्रदान गर्नुभएको छ ?

- ○ फरिश्ता
- ○ जनावर
- ○ शैतान
- ○ उपर्युक्त सबै

**२** मानव सृष्टिको मूल पदार्थ के हो ?

- ○ पानी
- ○ माटो
- ○ आगो
- ○ ढुङ्गा

**३** इस्लामको अनुसार सम्पूर्ण मानवहरूका पिता पुर्खा हुन्:

- ○ इब्राहीम
- ○ ईसा
- ○ आदम
- ○ मुहम्मद

**४** जब कुनै व्यक्तिको मृत्यु हुन्छ, तब उसको जीवनको अर्को सिलसिला सुरु हुन्छ; त्यो हो:

- ○ कर्म र परीक्षा
- ○ कर्मको हिसाब किताब र त्यसको प्रतिफल
- ○ केही पनि हुँदैन, सबै समाप्त हुन्छन्
- ○ उपर्युक्त सबै कुराहरू

**५** मुहम्मद ﷺ को आगमनपछि अल्लाहले मानिसहरूको एउटा मात्र धर्म स्वीकार गर्नुहुन्छ; त्यो हो:

- ○ यहूदी धर्म
- ○ इसाई धर्म
- ○ इस्लाम धर्म
- ○ हिन्दू धर्म

**६** इस्लामका अर्कान (स्तम्भहरू) कति वटा छन् ?

- ○ ३
- ○ ४
- ○ ५
- ○ ६

**७** अल्लाहले कुर्आनमा भन्नुभएको छः उहाँले चाहेमा एउटा पाप बाहेक अन्य सबै पापहरू क्षमा गर्नुहुनेछ; त्यो पाप के हो ?

- ◯ हत्या
- ◯ चोरी
- ◯ शिर्क
- ◯ झूटो बोल्नु

**८** कुनै मुस्लिमले अल्लाहको किताब कुर्आनका प्रत्येक अक्षर पढेबापत उसलाई मिल्छ:

- ◯ एउटा पुण्य
- ◯ दुईवटा पुण्य
- ◯ सातवटा पुण्य
- ◯ दसवटा पुण्य

**९** पवित्र ग्रन्थ कुर्आनका अन्य नामहरू हुन्:

- ◯ जिक्र
- ◯ फुर्कान
- ◯ किताब
- ◯ उपर्युक्त सबै

**१०** सूरतुल्-इख्लासको चौथो आयत ﴿وَلَمۡ يَكُن لَّهُۥ كُفُوًا أَحَدُۢ﴾ मा आएको शब्द ﴿كُفُوًا﴾ "कुफुवन्" को अर्थ के हो ?

- ◯ परिपूर्ण
- ◯ पूज्य
- ◯ उहाँ जस्तो
- ◯ एक्लो

**११** सूरतुल्-फलकको पहिलो आयत ﴿قُلۡ أَعُوذُ بِرَبِّ ٱلۡفَلَقِ﴾ मा आएको शब्द ﴿ٱلۡفَلَقِ﴾ "अल्-फलक" को अर्थ के हो ?

- ◯ रातको अँध्यारो
- ◯ चन्द्रोदय
- ◯ बिहानको प्रातकाल
- ◯ दोपहरको सूर्य

**१२** सूरतुन्-नासको पहिलो आयत ﴿قُلۡ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ﴾ मा आएको शब्द ﴿أَعُوذُ﴾ "अऊजो" को अर्थ के हो ?

- ◯ म शरण माग्छु र बलियोसँग समात्छु
- ◯ म उपासना गर्छु र नजिक आउँछु
- ◯ प्रशंसा र स्तुति (जिक्र)
- ◯ म स्वीकार गर्छु र आत्मसमर्पण गर्छु

**१३** सूरतुन्-नासको चौथो आयत ﴿مِن شَرِّ ٱلۡوَسۡوَاسِ ٱلۡخَنَّاسِ﴾ मा आएको शब्द ﴿ٱلۡوَسۡوَاسِ ٱلۡخَنَّاسِ﴾ "अल्-वस्वासिल् खन्नास" को अर्थ के हो ?

- ◯ जादुगर
- ◯ ईर्ष्यालु
- ◯ शैतान
- ◯ काफिर

१४ सूरतुल्-कौसरको तेस्रो आयतमा अल्लाहको भनाइ ﴿إِنَّ شَانِئَكَ هُوَ ٱلۡأَبۡتَرُ﴾ मा आएको शब्द ﴿شَانِئَكَ﴾ “शानिअक” को अर्थ के हो ?

- ○ नबी ﷺ लाई घृणा गर्ने व्यक्ति
- ○ नबी ﷺ लाई माया गर्ने व्यक्ति
- ○ नबी ﷺ माथि विश्वास गर्ने व्यक्ति
- ○ स्वयम् नबी ﷺ

१५ शारीरिक उपासनाका कार्यहरू मध्ये:

- ○ माया
- ○ कृपा
- ○ नमाज
- ○ उपर्युक्त सबै

## ख) निम्नलिखित शब्दहरूलाई तिनिहरूको उचित समूह अनुसार वर्गीकरण गर्नुहोस् ।

८ अङ्क

तवाफ

नमाज | खाना खानु

किब्लातिर अनुहार गर्नु

पिसाब गर्नु | गोप्य अङ्गहरू ढाक्नु

पिउनु | सुत्नु

**वजू आवश्यक पर्ने कार्यहरू:**

**नमाजका सर्तहरू:**

**पवित्रता भङ्ग गर्ने कार्यहरू:**

**रोजा भङ्ग गर्ने कार्यहरू:**

**ख) वजूका निम्नलिखित कार्यहरू सुरुदेखि क्रमशः मिलाएर लेख्नुहोस् ।** **६ अङ्क**

टाउको मसह गर्ने | हात कुइनोसम्म धुने | अनुहार धुने | दुबै खुट्टा धुने | दुबै कान मसह गर्ने | मुख कुल्ला गर्ने

१ ________ २ ________ ३ ________

४ ________ ५ ________ ६ ________

**घ) नमाजका निम्नलिखित कार्यहरू सुरुदेखि क्रमशः मिलाएर लेख्नुहोस् ।** **६ अङ्क**

सूरतुल्-फातिहा पढ्नु | रूकुअ गर्नु | तक्बीरे तहरिमा (प्रथम तक्बीर) | सलाम फेर्नु | अत्तहिय्यात पढ्नु | सज्दा गर्नु

१ ________ २ ________ ३ ________

४ ________ ५ ________ ६ ________

**ङ) सही भनाइको अगाडि (√) चिन्ह लगाउनुहोस् र गलत भनाइको अगाडी (X) चिन्ह लगाउनुहोस् ।** **५ अङ्क**

१) मुस्लिमहरूले पवित्र महिना रमजानमा हज गर्छन् । ○

२) मुस्लिम पुरुषहरूलाई सुन लगाउन निषेध गरिएको छ । ○

३) मुस्लिमहरूलाई सुँगुरको मासु खान वैध छ । ○

४) आर्थिक लेनदेनको आधारभूत सिद्धान्त यो हो कि लेनदेन तथा कारोबार गर्नु जायज छ । ○

५) कयामतको दिन नबी ﷺ को सबैभन्दा नजिक हुने मोमिनहरू सबैभन्दा राम्रो नैतिक आचरण भएकाहरू हुनेछन् । ○

مركز أصول
OsoulCenter
www.osoulcenter.com

**यस पाठ्यक्रममा तपाईंले निम्नलिखित कुराहरू सिक्न सक्नुहुनेछ:**

१. इस्लाम धर्म र यसका प्रमुख विषयहरूको बारेमा संक्षिप्त व्याख्या।

२. पवित्र ग्रन्थ कुर्आनको अवलोकन र यसका केही साना सूरहहरूको अर्थ।

३. उपासनाका अनिवार्य कार्यहरूका प्रावधानको संक्षिप्त व्याख्या।

४. इस्लाममा लेनदेन, रीतिरिवाज र नैतिकताका सबैभन्दा महत्त्वपूर्ण नियमहरूको संक्षिप्त व्याख्या।

यसका एकाइहरूलाई शैक्षिक योजना अनुसार विभाजन गरिएको छ। प्रत्येक एकाइका पाठहरूलाई पाठको अवधि निर्धारण गरी छ (६) दिनमा विभाजन गरिएको छ। पाठ्यक्रम पनि शैक्षिक तरिकामा आधारित बनाइएको छ। यसमा धेरै गतिविधि र अभ्यासहरू समावेश गरिएका छन्, जसबाट भर्खर सिक्दै गरेका मुस्लिमलाई पाठहरू जान्न, कण्ठ गर्न र बुझ्न मद्दत गर्नेछ। यसको साथै प्रत्येक शैक्षिक एकाइको अन्त्यमा मूल्याङ्कनका लागि प्रश्नहरू छन्, जसले विद्यार्थीहरूलाई यस गाइड बुकको सम्बन्धमा आफ्नो ज्ञानको स्तर जाँच्न सहयोग गर्नेछ। यस पाठ्यक्रममा नयाँ सिकारु मुस्लिमका लागि शैक्षिक प्रक्रियामा सुधार गर्न र पाठ्यक्रम बुझ्न मद्दत गर्ने उद्देश्यले केही सङ्केतहरू समावेश गरिएका छन्।

osoulcenter

9001

www.osoulcontent.org.sa

उसूल स्टोर (Osoulstore) मार्फत यो पुस्तक र अन्य पुस्तकहरू डाउनलोड गर्नको लागि :

OSOUL STORE

osoulstore.com